## पहिलो परिच्छेद

# १. शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “शिव अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” रहेको छ ।

### १.२. शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालयका मानविकी तथा सामाजिक शास्त्र सङ्काय श्री महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

### १.३ शोधपरिचय

वि.सं. २००९ वैशाख १९ गते मेची अञ्चल इलाम जिल्ला लक्ष्मीपुर ८ बतासेमा जन्मिएका शिव अधिकारीको कर्मस्थान वा स्थायी बसोबास भने चिसापानी ७ लुम्बाक, इलाम रहन गएको छ । विशेष गरेर साहित्यको गजल विधा, मिश्रीत सङ्ग्रह, संस्मरण आदि विधामा पनि कलम चलाएको पाइन्छ । साहित्यको गजलारको रुपमा परिचित शिव अधिकारीले आफ्नो जिवनको ३८ वर्ष १ महिना १८ दिन शिक्षण पेशामा अर्पण गरेको पाइन्छ । उनले शिक्षण गरेका संस्थाहरूमा- श्री हिमालय नि.मा.वि. चिसापानी-६, श्री ज्योति उ.मा.वि. लक्ष्मीपुर-७, श्री शान्ति निकेतन उ.मा.वि. कोल्बुङ-२, श्री गुनगुने प्रा.वि. चिसापानी-९, श्री जनसेवक प्रा.वि. चिसापानी-४ रहेका छन् ।

साहित्य लेखनतर्फ विशेष रुची राख्ने शिव अधिकारीका करीब तीनवटा जति साहित्यिक कृति प्रकाशित भइसकेका छन् । उनका कृतिहरूमा राजनीतिप्रति व्यङ्ग्य प्रहारका साथै समसामयिक जीवन भोगाइको चित्रण यथार्थ प्रस्तुत भएको पाइन्छ । यस्ता साहित्यिक तथा सामाजिक शिव अधिकारीको नेपाल साहित्य सम्बन्धी रचनाहरूको यस शोधपत्रमा अध्ययन प्रस्तुत गरिएको छ । उनको जीवनी, व्यक्तित्व र नेपाली साहित्य प्रतिको योगदानलाई शोधपत्रको विषय बनाइएको छ । उनका प्रकाशित कृतिहरू निम्न लिखित छन् ।

१. यथार्थता (गजल सङ्ग्रह) २०६९ चैत्र

२. धरतीको माटो (गजल सङ्ग्रह) २०७१ कार्तिक

३. बुकीफूलको माला (मुक्तक माला) २०७२ भाद्र हातमा

## १.४. समस्याकथन

नेपाली साहित्यका एक विशिष्ट प्रतिभा शिव अधिकारीले साहित्यका विभिन्न विधा (जस्तै गजल, कविता, संस्मरण आदि) मा कलम चलाएको पाइन्छ । प्रस्तुत शोध पत्रमा साहित्यकार शिव अधिकारीको जीवन, व्यक्तित्व र कृतित्व सम्बन्धी निम्न लिखित समस्याहरूमा केन्द्रित रहेको छ ।

(क) शिव अधिकारीको जीवनी, व्यक्तित्व के कस्तो रहेको छ ?

(ख) शिव अधिकारीका कृतिहरू के कति रहेका छन् ?

(ग) शिव अधिकारीका काव्यगत प्रवृत्ति के कति रहेका छन् ?

(घ) शिव अधिकारीका साहित्यिक स्थान निर्धारण के कसरी गर्न सकिन्छ ?

यी समस्याहरूमा केन्द्रित रही यो शोध प्रस्ताव तयार पारिएको छ ।

## १.५. शोधकार्यको उद्देश्य

कुनै कार्य गर्नुको निश्चित उद्देश्य हुने गर्दछ । उद्देश्य निर्माण गरेर गरिएको कार्यले निशिचित दिशा निर्देशन गर्न सक्दछ । यसर्थ यस शोध कार्यका निम्न लिखित उद्देश्यहरु राखिएका छन् ।

क) शिव अधिकारीको जीवनी, व्यक्तित्वको निरुपण गर्नु ।

ख) उनको साहित्यिक कृतिहरूको निरुपण गर्नु ।

ग) शिव अधिकारीका साहित्यिक प्रवृत्ति केलाउनु ।

घ) शिव अधिकारीको नेपाली साहित्य परम्मरामा साहित्यिक स्थान निर्धारण गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा/पूर्वध्ययनको समीक्षा

शिव अधिकारीका विषयमा विभिन्न कृतिहरूमा भूमिका लेखन द्वारा उनको अध्ययन तथा कृतिहरूको विश्लेषण गरिएको पाइन्छ । वि.सं.२०६९ मा 'यथार्थ' गजल सङ्ग्रह प्रकाशित गरेर नेपाली साहित्यमा प्रखर रुपमा देखा परेका शिव अधिकारीले ३ वटा साहित्यिक कृति- यथार्थता गजल सङ्ग्रह (२०६९) धरतीको माटो गजल सङ्ग्रह

(२०७१) र मुक्तकमाला बुकी फूलको माला (२०७२) प्रकाशित गरी सकेको पाइन्छ । पछिल्लो समयमा आएर खिचडी मिश्रीत सङ्ग्रह र अतीतका अविश्मरणीय क्षणहरू (संस्मरण) लेख्दै गरेको पाइए पनि प्रकाशित भने भइसकेको छैनन् । विशेष गरेर साहित्यको कविता र गजल विधामा सशक्त रुपमा अधिकारीको कलम चलेको देखिन्छ । नेपाली साहित्यको गजल विधाको ढुकुटी भर्नलाई उनका गजलहरूले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । शिव अधिकारीका साहित्यिक लेखन निम्न लिखित रुपमा आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

१. म.र.ब क्याम्पस इलामका नेपाली विभागका पूर्व-विभागीय प्रमुख बुद्धि घिमिरेले शिव अधिकारीको यथार्थता गजल सङ्ग्रह अध्ययन गरेर गजलकार र सङ्ग्रहीत गजलबारे भन्ने शीर्षकमा यथार्थता गजल सङ्ग्रहको भूमिकात्मक लेख प्रस्तुत गरेका छन् । घिमिरेले 'ढिलै भए पनि असल सन्तान साहित्यमा जन्मियो' भन्दै सकारात्मक हृदय स्पर्शी, यथार्थवादी एवं वस्तु निष्ठ सृजना साहित्यमा आएको उल्लेख गरेका छन् तर उनले समग्र कृतिहरूको अध्ययन र विश्लेषण गरेको पाइँदैन ।

२. चक्रपाणि पौड्याल (इलाम-३, सिंहनगर) ले अधिकारीको यथार्थता (२०६९) गजल सङ्ग्रह अध्ययन पश्चात यसको शुभकामना एवं साधुवाद नामक शीर्षकको भुमिकात्मक लेख मार्फत अधिकारी यथार्थता (२०६९) गजल सङ्ग्रहको प्रशंसा गर्दै शुभकामना दिएका छन् । उनले पनि समग्र कृतिको विश्लेषण गरेको छैन ।

३. साहित्यिक स्रष्टा 'रमेश शुभेच्छु' ले पनि शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको विश्लेषणात्मक लेख यस सङ्ग्रहको भुमिकामा लेखेको पाइन्छ । उनले शिव अधिकारीको 'यथार्थता भित्रको यथार्थता' भन्ने लेख प्रस्तुत गर्दै अधिकारी युगको वास्तविक यथार्थता खोतल्ने एक निर्भिक निस्वार्थी भावना भएका साहित्यका श्रव्य भएको उल्लेख गरेका छन् । यस लेख पनि अधिकारीको समग्र कृतिहरू र सबै पक्षको अध्ययन पाइदैन ।

४. ईश्वर अधिकारीले 'प्रकाशकीय' लेखमा अधिकारीको साहित्यिक लेखनको प्रशंसा गर्दै यथार्थता (२०६९) र धरतीको माटो (२०७१) को बारेमा केही भूमिका लेखे तापनि अधिकारीको साहित्यिक समग्र पक्षको उल्लेख गरेको पाइदैन ।

५. रामप्रसाद गुरागाँई म.र.ब. क्याम्पस, इलामका उप-प्राध्यापक तथा नेपाली विभागका वर्तमा विभागीय प्रमुखले शिव अधिकारीको साहित्यिक कृति-मुक्तकमाला २०७२ (बुकी

फूलको माला) मा 'विधा सर्जक र रचनाका सम्बन्धमा भन्ने शीर्षक दिएर' भुमिकात्मक र विश्लेषणात्मक लेख प्रस्तुत गर्दै अधिकारी एक यथार्थवादी, राष्ट्रवादी साहित्यिक स्रष्टा भएको उल्लेख गरेको पाइए पनि उनको समग्र कृति र समग्र पक्षको भने उल्लेख गरेको पाइदैन ।

६. साहित्यिक स्रष्टा 'डा. देवी क्षेत्री दुलाल' पनि शिव अधिकारीको मुक्तकमाला २०७२ (बुकी फूलको माला) को कृतिको सम्बन्धमा भुमिकात्मक लेख प्रस्तुत गर्दै यो कृति नेपाली साहित्यमा महत्वपूर्ण कृतिका रुपमा रहेको उल्लेख गरेका छन् । दुलालले पनि अधिकारीको समग्र कृति र पक्षको अध्ययन गरेको भने पाइदैन ।

यस प्रकार उनको कृतिका भूमिका बाहेक अन्य लेखक र तथा समिक्षकहरूले शिव अधिकारीका बारेमा छुट्टा छुट्टै लेखिएको पाइदैन । केवल भूमिकाका रुपमा टिक्का, टिप्पणी र कृतिगत भूमिकात्मक लेख प्रस्तुत गरे पनि अधिकारीको समग्र पक्ष र समग्र कृतिहरूको सम्बन्धमा आजसम्म कुनै शोध नगरेको देखिएको हुनाले उनको समग्र जीवनी व्यक्तित्व र कृतित्वको बारेमा शोधपत्र तयार पारिएको छ ।

## १.७ शोधको औचित्य, महत्व र उपयोगिता

साहित्यकारहरूलाई चिनाउने कार्य अत्यन्तै उपयोगी काम हो । लेखकहरूका तथा स्रष्टाहरूका कृतिहरूको परिचय गराउनु, मूल्याङ्कन गर्न, विश्लेषण गर्नु तथा साहित्यका पङ्तिमा स्थान निर्धारण गर्नु जस्ता कार्यहरू समालोचकले गर्ने काम हुन् । यसकारण यस शोधपत्रमा पनि शिव अधिकारीको जीवनी, व्यक्तित्व र उनका कृतिहरूको विश्लेषण र मूल्याङ्कन प्रस्तुत गरिने हुनाले अधिकारीका बारेमा जान्न चाहने सबैका लागि यो अध्ययन उपयोगी हुने छ । यस शोधपत्रमा शिव अधिकारीको परिचय सहित उनका नेपाली साहित्यका कृतिहरूको विश्लेषण प्रस्तुत गरिने हुनाले समालोचकीय दृष्टिमा समेत यस शोधपत्रको महत्वपूर्ण स्थान रहने छ । शिव अधिकारी 'इलामे जेठो' का बारेमा र उनका कृतिहरूको समग्र अध्ययन आजसम्म प्रस्तुत नभएकोले उनका समग्र कृतिहरूको अध्ययन गर्नु औचित्यपूर्ण रहेको छ । यो अध्ययन पत्र अधिकारीका विषयमा जानकारी चाहने तथा थप अध्ययन गर्न चाहने स्रष्टाहरूलाई उपयोगी बनेको छ ।

## १.८ प्राक्कल्पना

शिव अधिकारी एक कुशल साहित्यकार तथा गजलकारको रुपमा नेपाली साहित्यमा देखा परेका छन् ।

## १.९ शोधको सीमाङ्कन

प्रस्तावित शोधकार्य साहित्यका शिव अधिकारीको जीवनी, व्यक्तित्व र प्रकाशित कृतिहरूमा मात्र केन्द्रित भई अध्ययन विश्लेषण गरिएको छ ।

## १.१० सामाग्री संकलनविधि

प्राथमिक र द्वितीय दुवै सामाग्री सङ्कलन गर्ने स्रोतको सम्बन्धमा श्रोतलाई आवश्यकता अनुसार उपयोग गरिएको छ ।

१.१०.१ उनका प्रकाशित कृतिहरूलाई प्राथमिक श्रोतको रुपमा लिएको छ ।

१.१०.२ उनका अन्य व्यक्तिबाट प्राप्त सूचना, अर्न्तकृया र शोध नायकसँगको अर्न्तवार्तालाई द्वितीय श्रोतको रुपमा लिएको छ ।

## १.११ शोधविधि

ऐतिहासिकविधि, वर्णनात्मकविधि, तुलनात्मकविधि, जस्ता विधिको आवश्यकता अनुसार उपयोग गरिएको छ ।

## १.१२ शोधपत्रको रुपरेखा

१. शोधपरिचय

२. शिव अधिकारीको जीवनी र व्यक्तित्वका विविध पाटा

३. विधागत सैद्धान्तिक परिचय

४. शिव अधिकारीको साहित्यिक यात्रा र स्तर निर्धारण

५. शिव अधिकारीका साहित्यिक कृतिहरूको अध्ययन

६. उपसंहार तथा निष्कर्ष

सन्दर्भ ग्रन्थसूची

## दोस्रो परिच्छेद

# २. शिव अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

## २.१ पृष्ठभूमि

मानिस जन्मेदेखि नमरुन्जेसम्मको र त्यसभित्र घटेका घटना चरित्रलाई नै सामान्यतया जीवन भनिन्छ भने जीवनका घटनाहरूको समष्टीहरूलाई जीवनी भन्ने गरिन्छ । जीवनीले शुद्ध साहित्यिक विधाका रुपमा स्थापित हुँदा गम्भीर र पारिभाषिक अर्थ प्राप्त गर्छ । जीवनीमा सामान्यतया खास व्यक्तिको जीवन वृतान्त हुन्छ । यसर्थ जीवनमा गरेका कामकुराको क्रमबद्ध लेख वा कथन जीवनी हो । यसमा आवश्यकता र उपयुक्तता हेरेर कुनै पनि व्यक्ति विशेषको जीवनको समग्र वा आंशिक वृतान्त प्रस्तुति हुन्छ ।"यसर्थ जीवनी साहित्यलाई इतिहासकै एक अंश मान्न सकिन्छ । व्यक्ति विशेषको सम्बन्ध, समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकोले जीवनीबाट तत्कालीन सामाजिक वा राजनैतिक परिवेश बुझ्न सकिन्छ ।" "वास्तवमा जीवनीले जीवनका यथेष्ठ प्रमुख भागको चर्चालाई आत्मसाथ गरेको हुन्छ ।"

"कुनै व्यक्ति विशेषले यस अबधिमा गरेको कार्यको वृतान्त नै जीवन हुन आउँछ ।" यसरी खास व्यक्तिका जीवनको आन्तरिक र बाहिरी चरित्रको सरल र सहज ढङ्गले चित्रण गर्नु नै जीवनीको मुख्य तात्पर्य हो । जीवनी नायकमाथि लेखकको जतीसुकै झुकाउ भए पनि जीवन चरित्र वा जीवनी लेख्दा दिगो निष्पक्षता र संयमता मिलाउनु पर्ने अपनाउन जरुरी हुन्छ । यसमा नायकको जन्मेदेखि जीवनभरका कामहरू विभिन्न क्रियाकलापहरूको सामाजिक, धार्मिक, आर्थिक, लगायतका जीवनका विविध पक्षको अध्ययन गरिन्छ । प्रस्तुत शीर्षकमा साहित्यकार शिव अधिकारीका जीवनका विभिन्न पक्षको अध्ययन गरिएको छ । (घिमिरे : २०७१, पृ. ५-६) ।

## २.२ वंशपरम्परा

ब्राह्मण कुलमा जन्मिएका शिव अधिकारीका पूर्खाहरू हाल इलाम जिल्लाको लक्ष्मीपुरमा रहनु भएको छ । ब्राह्मण अधिकारीहहरूको बस्ती निकै ठूलो संख्यामा रहेको पाइन्छ । पिता श्री नन्दिकेशर अधिकारी र माता स्व.विष्णुमाया अधिकारीको कोखबाट

जेठा छोराका रुपमा जन्मिएका शिव अधिकारीको जन्म वि.सं. २००९ साल बैशाख १९ गते भएको थियो । शिव अधिकारीको वशंवृक्ष निम्नानुसार देखा पर्दछ ।

शिवलाल ➢ बलभद्र ➢ नन्दिकेशर ➢ शिव अधिकारी......।

## २.३ पारिवारिक पृष्ठभूमि

नेपाली समाजमा प्रचलित परम्परागत चलन अनुसार एकल र बहुलवादी परिवारको धर्मबाट कोही पनि अछुतो रहन सकिन्न । यही परम्पराको बिडो थाम्दै साहित्यकार शिव अधिकारीले आफ्नो पढाइलाई निरन्तरता दिइरहेकै बखत २०२९ मंसिर २९ मा इ.न.पा-६ निवासी श्री प्रेमनाथ वास्तोलाकी छोरी विष्णुदेवी बास्तोलासँग विवाह बन्धनमा बाँधिनु भई २०३६ देखि मातापिता र भाइहरूबाट अलग्गिएर छुट्टै घर व्यवहार धान्दै आउनु भएका साहित्यकार वा सर्जक शिव अधिकारीको जीवनमा सन्तानको मुख हेर्ने क्रममा ५ छोरा र २ छोरीको जन्म भएको छ । जेठो छोरा दिनेश अधिकारी २०३६, माइला छोरा इश्वर अधिकारी २०३७, साइला छोरा खगेन्द्र अधिकारी २०३९, काइला छोरा हेमन्त अधिकारी २०४१ र कान्छा छोरा रमेश अधिकारी २०४७ सालमा जन्म भएको हो । जेठी छोरी इन्दिरा अधिकारीको २०४३ र कान्छी छोरी मन्दिरा अधिकारीको २०४५ सालमा जन्म भएको हो ।

हाल आफ्नो जन्मस्थल लक्ष्मीपुरबाट केही तल चिसापानी-७, लुम्बाकमा स्थायी बसोबास गर्दै रहनु हुने अधिकारीको कलम अझ पनि सशक्त बन्दै गएको छ । उहाँको परिवारमा हाल बुवा नन्दिकेशर अधिकारी र श्रीमती विष्णुदेवी अधिकारी र उहाँ गरी ३ जनाको परिवार रहेको छ । उनका अन्य छोराछोरी अध्ययन तथा अन्य कामको शिलशिलामा घरवाहिर रहेका छन् । (अधिकारीः सम्पर्क मिति ०७४/१/१)

## २.४ जन्म र जन्मस्थान

पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चल इलाम जिल्ला लक्ष्मीपुर-८, बतासेमा आफ्नै बुबाको घरमा वि.स. २००९ साल वैशाख १९ गतेका दिन बुबा नन्दिकेशर र आमा विष्णुमाया अधिकारीका कोखबाट जन्मेका शिव अधिकारी पहिलो सन्तान हुन् ।

## २.५ बाल्यकाल

बलभद्र अधिकारीका पहिलो नातीका रुपमा शिव अधिकारी आफ्नो बुबाको घरमा जन्मिएका थिए । आफ्ना बुबा पूर्ख्यौली घरमा नै बसोबास गर्दै आएका थिए । त्यही पूर्ख्यौली घरमा नै आफ्नो आमा, हजुरआमाको स्याहारसुसारका साथ शिव अधिकारीको बाल्यकाल बितेको थियो । आमाको माया, ममता र प्यार पाएका अधिकारीको बाल्यकालको शिक्षा-दीक्षा आफ्ना हजूरबुबाको जोडबाट पाएका थिए । हजूरबुबा ज्योतिष भएका कारण नातीलाई पनि ज्योतिष कर्मकाण्ड पढाउन चाहनु हुन्थ्यो तर उनलाई भने त्यसतिर रुचि लाग्दैन थियो र साहित्यतर्फ रूचि भएका कारण स्कूलकै पढाइमा मन गरेर पढ्नु भएको थियो । बाल्यकालमा रेडियो सुन्ने, साहित्यिक कार्यक्रममा भाग लिने र खेलकुदमा बढी मन पराउने गर्दथे । सानै उमेरदेखि नै उनले आफ्नो साहित्यिक रुचि र लक्ष्यण देखाएका थिए । यिनै कारणले गर्दा उनलाई आजको अवस्थामा ल्याउने भूमिका खेलेको देखिन्छ । अध्ययन पेशालाई यथावत राख्दै वि.सं. २०२७ सालमा श्री करफोक विद्यामन्दिरबाट प्रविणता प्रमाण पत्र तह पूरा गरेका थिए । घरायसी आर्थिक अवस्था कमजोर भएका कारण र उनी जेठा छोरा भएका कारणले आफ्ना भाइबहिनीहरूको पढाइको बन्दोबस्त मिलाउनु पर्ने भएकाले आफ्नो उच्च शिक्षाको अबस्था प्रमाण पत्र तहमा नै थाँती राख्नु पर्ने वाध्यता उनमा रहेको थियो । माथिल्लो तहमा अध्ययन गर्ने इच्छा हुँदाहुदै पनि आफ्नो जति भएको पढाइमा चित्त बुझाउनु पर्ने कुरामा उनी सन्तुष्टि भने देखिदैनन् ।

## २.६ शिक्षा–दीक्षा

शिव अधिकारीको आमाबुबाको शिक्षामा राम्रो दखखल नभएका कारण उनको अक्षरारम्भ विद्यालयमा नै भयो । उनको पहिलो पाठशाला गाउँकै तत्कालीन श्री ज्योति प्रा.वि.हाल उ.मा.वि.लक्ष्मीपुरलाई लिन सकिन्छ । २०१९ सालमा दश वर्षको उमेरमा विद्यालयमा पाइला टेकेका अधिकारीले २०२७ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेका थिए । उनलाई शिक्षा दिने गुरुहहरूका क्रमशः केशवलाल जोशी, दामोदर शर्मा, देवेन्द्र शर्मा, नरहरि रिमाल,के.वी. राई, रामकुमार प्रधान, जीवनहरि अधिकारी, जीवनराज पौडेल थिए ।

त्यस समयमा आजको जस्तो जतातत‌ै विद्यालयहहरू थिएनन् । शैक्षिक जागरण फैलिएका गाउँहहरूमा थोरै संख्यामा विद्यालयको जग बसाएर शिक्षा दिने प्रचलन थियो । पढाउनु पर्छ भन्ने कसैलाई चेतना थिएन । यस्तै समयको बाबजुत संघर्ष गरेरै भए पनि शिव अधिकारीले पढेका थिए । शिव अधिकारी घरदेखि डेढ घण्टा टाढा रहेको श्री ज्योति प्रा.वि., नि.मा.वि. तहको शिक्षा शान्तिपूर नि.मा.वि.र मा.वि. स्तरको शिक्षा श्री करफोक विद्या मन्दिरमा अध्ययन गरेका थिए । प्रत्येक कक्षामा उनी कहिले प्रथम र कहिले द्वितीय हुदै आएका थिए ।

शिव अधिकारीले २०२७ सालमा प्रवेशिका परीक्षामा नियमित समूहबाट समावेश भई द्वितीय श्रेणीमा उत्त्तीर्ण भएका थिए । शिव अधिकारी परिवारको जेठा छोरा भएकाले र उनको बुबाको आर्थिक स्थिति पनि कमजोर भएका कारण २०२७ सालमा शिक्षण पेशामा प्रवेश गरेका थिए । उनको पहिलो शिक्षण पेशाको विद्यालय श्री हिमालय नि.मा.वि. चिसापानी-६ हो । उच्च शिक्षा हासिल गर्ने इच्छा हुँदाहुदै पनि आफ्नो व्यावहारिक कठिनाइका कारण र घरायसी व्यवहार चलाउनु पर्ने बाध्यता हुनाले उनी शिक्षण पेशामा प्रवेश गरेका थिए । (अधिकारी : सम्पर्क मिति ०७४/१/१)

## २.७ विद्यार्थी जीवनका प्रमुख गतिविधिहरू

शिव अधिकारी सानैदेखि साहित्यतर्फ रुचि भएका व्यक्ति थिए । साधारण परिवारमा जन्म भएका कारण भए पनि उनलाई विद्यालय तहदेखि नै कविता गजल र चुट्किला जस्ता कुरामा रुचि थियो । विवाह, ब्रतवन्ध र त्यस्तै अरु शुभ कार्यमा आफुभन्दा अग्रजहरूसँग मिली रामायण, कृष्ण चरित्र, देवी भागवत आदि ग्रन्थका श्लोक, कविता रातभर लयबद्ध रुपमा गाउँथे । उनका हजुरबुबाले रामायणका श्लोकहरू पढेको सुन्दा उनलाई पनि पढ्न मन लाग्दथ्यो । यसैको प्रभावले गर्दा उनलाई पनि साहित्यप्रति चासो र रुची राख्नुका साथै विद्यालय स्तरीय साहित्यिक प्रतियोगिताहहरूमा आफ्ना रचनाहरू पस्किने गर्थे । प्रथमदेखि सान्तवना सम्मका पुरस्कार प्राप्त गर्थे र मख्ख पर्थे । यिनै घटनाले पनि उनलाई साहित्यकार शिव अधिकारी बनाउन भूमिका खेलेको स्वीकार्न सकिन्छ । शिव अधिकारीलाई विद्यालयमा अध्यापन गराउने शिक्षकहरू केशवलाल जोशी, दामोदर शर्मा, देवेन्द्र शर्मा, नरहरि रिमाल, के.वी. राई, रामकुमार प्रधान, जीवनहरी

अधिकारी, जीवनराज पौडेल आदि सबैको साहित्यप्रति रुचि भएकाले अध्यापनको अबसरमा कविता, गजल, गीत भनेर कक्षामा रमाइलो वातावरणको सिर्जना हुन्थ्यो ।

## २.८ संस्कार कर्महरू

शिव अधिकारी पण्डित परिवारमा जन्मेका हुनाले सम्पूर्ण संस्कार कर्महरू वैद्दिक विधि अनुसार हुँदै आएको देखिन्छ । यहाँ खासगरी छैंटी, नामाकरण, उपनयन तथा विवाह जस्ता प्रमुख संस्कार कर्महरूको अध्ययन गरिएको छ ।

### २.८.१ छैटी

शिव अधिकारी जन्मेको ६ दिनमा छैटी कर्म बुबा नन्दिकेशर अधिकारी र आमा स्व. विष्णुमाया अधिकारी, हजुरबुबा, हजुरआमा र गाउँघरका आफन्त मानिसहरू समेत लक्ष्मीपुरमा भेला भई धुमधामसँग सम्पन्न भएको थियो ।

### २.८.२ नामाकरण

शिव अधिकारी जन्मेको एघार दिनमा वैद्दिक परम्परा अनुसार गाउँका पूरोहित खडानन्द भट्टराईले न्वारनको नाम शिव अधिकारी राखेका थिए । विद्यालयमा र घरपरिवारमा शिव अधिकारी भनी बोलाउने नाम अहिले साहित्यकार शिव अधिकारी नामले उहाँलाई चिनिन्छ । शिव अधिकारी परिवारको जेठो भएकाले उनले आफ्नो नामको पछाडि “इलामे जेठो” उपनाम लेख्ने गरेका छन् ।

### २.८.३ उपनयन

शिव अधिकारी नौ वर्षको हुँदा उनको उपनयन संस्कार गरिएको थियो । उनको उपनयन कर्म लक्ष्मीपुर बतासेका पण्डित खडानन्द भट्टराईद्वारा गरिएको थियो । उनको उपनयन कार्य आफ्नै घरमा परिवारका सबै आफन्तहरू भेला भई सम्पन्न भएको थियो । वैद्दिक परम्परा अनुसार सम्पन्न भएको उपनयन कार्यमा पण्डित खडानन्द भट्टराईले गायत्री मन्त्र र विष्णु दीक्षा प्रदान गरेका थिए । सो उपनयन कार्यमा भिक्षा दान दिनेहरूको ठूलो भिड नै लागेको थियो ।

### २.८.४ विवाह

इ.न.पा.-६ प्रेमनाथ बास्तोलाकी छोरी विष्णुदेवी बास्तोलासँग शिव अधिकारीको विवाह २०२९ मंसिर २९ मा आमाबुबासँग सरसल्लाह गरी आफ्नै निवासमा सम्पन्न भएको थियो । विवाहको समयमा शिव अधिकारी २० वर्षका र विष्णुदेवी पनि २० वर्षकी थिइन् । शिव अधिकारीले दुलही बनाएर विष्णुदेवीलाई लक्ष्मीपुर-८ बतासेमा भित्र्याएका थिए । (अधिकारी : सम्पर्क मिति ०७४/१/१) ।

## २.९ कर्म क्षेत्रमा प्रवेश तथा सेवा

शिव अधिकारीको प्रमाणपत्र तहको पढाई पूरा भएपछि अध्ययनलाई त्यही थाती राख्दै २०३०/१२/२६ गते देखि प्रा.वि. दरबन्दी नियुक्ति लिई अध्यापन कार्य शुरु गरेका थिए । विशेष गरेर वर्तमान राजनीतिप्रति तीव्र व्यङ्ग्य र सामाजिक विकृतिप्रति आक्रोश, आर्थिक विषमता, प्रेम प्रणय, अग्रजप्रतिको सम्मान, नेपाली चाडपर्व र संस्कृति आदिलाई विषय बनाएर साहित्यका विविध विधाहरू मध्ये गजल विधाबाटै लेखन आरम्भ गरेका थिए । शिक्षण पेशामा संलग्न रहेकै बेला व्यस्त समयका बाबजुद साहित्यप्रतिको रुचीका कारण उनको साहित्यिक लेखनको कलम तीव्र रुपमा चलेको देखिन्छ । शिक्षण सिकाइका क्रममा सिर्जना भएका रचनाहरू समय अभावका कारण २०६९ मा शिक्षणबाट अबकाश प्राप्त भएपछि मात्र प्रकाशनको थालनी गरेको पाइन्छ ।

शिव अधिकारीले त्यसबेला इलामका केही साहित्यिक जागरण फैलिदै गएको आभाष पाएका थिए । सानै उमेरदेखि साहित्यप्रति रुचि राख्ने शिव अधिकारी विद्यालय स्तरीय साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत भएबाटै उनको साहित्यप्रतिको जोश र हौशला बढेको थियो । उनको प्रेरणाको स्रोतमा यसैलाई लिन सकिन्छ । अग्रज साहित्यकारका कविता कृति नै उनको प्रेरणा हुन् ।

चिसापानी लक्ष्मीपुर क्षेत्रका विविध कार्यक्रमहरूमा सर्वत्र उपस्थित जनाउने सर्जक फाटफुटे रचनाका माध्यमले देखिए पनि विविध लय र छन्दका समेत रचना हालको सन्दर्भमा बाढीका रुपमा देखापर्दै गरेको गजल क्षेत्रलाई मलजल गर्ने उद्देश्यले आएको “यथार्थता”(२०६९) गजल सङ्ग्रह साच्चै हालको यथार्थसँग नजिक छ । यस गजल सङ्ग्रह भित्र १२२ थान गजलहरू समावेश भएका छन् । “धरतीको माटो”(२०७१)

नेपाली गजल साहित्यको ढुकुटी भर्न सहयोग गर्ने अर्को गजल हो । यस गजल सङ्ग्रह भित्र १२२ थान गजल समावेश भएका छन् । उनको "बुकी फूलको माला"(२०७२) मुक्तकमाला पनि पाठक साम् आइसकेको छ । यस मुक्तकमालामा जम्मा एकहजार एकसय एघार थुङ्गा बुकी फूल उनिएका छन् । प्रत्येक थुङ्गाको आ–आफ्नै विशेषता छ । उनको साहित्य लेखन यात्रा निकै लामो भएपनि प्रमाणका आधारमा ३,४ वर्षको अवधिमै ३ वटा जति साहित्यिक कृति लेखन तथा प्रकाशन गर्नुले उनको साहित्यप्रतिको झुकाव टड्कारो रुपमा देख्न सकिन्छ ।

आफ्नो जीवनको करीब चार दशक जति शिक्षण पेशामा खर्चिएका शिव अधिकारी आफ्नो पेशाप्रति अत्यन्त लगनशील, कर्मठ, इमान्दार रहनुका साथै सामाजिक भावनाले ओतप्रोत भएका एक सरल व्यक्ति हुन् । उनका गजलहरू पढ्दा स्रष्टा, द्रष्टा, र पाठकलाई आनन्दित र मर्माहित बनाउने शक्ति प्रत्येक सेरमा झल्किन्छ । उनका कृतिहरूमा राजनीतिक कुरा समावेश गरिएका छन् तर त्यहाँ नारा छैनन्, कला लहरिएका छन् । राजनीतिज्ञ व्यक्तिहरूले गर्ने जालझेललाई गजल मार्फत् प्रस्तुत गरेका छन् । आफ्नो दायित्व पूर्ण रुपमा निर्वाह गरेर बचेको समयलाई सदुपयोग गर्दै साहित्य लेखनमा कलम चलाउने अधिकारीका व्यक्तित्वको चर्चा जति गरे पनि अपुग नै हुन्छ । (अधिकारी : सम्पर्क मिति ०७४/१/१) ।

### २.१० दाम्पत्य जीवन र पारिवारिक स्थिति

बीस वर्षको उमेरमा बिवाह बन्धनमा बाँधिएका शिव अधिकारीका पाँच छोरा र दुई छोरी छन् । उनका प्रथम सन्तान दिनेश अधिकारी २०३६, दोस्रो सन्तान ईश्वर अधिकारी २०३६, तेस्रो सन्तान खगेन्द्र अधिकारी २०३९, चौथो सन्तान हेमन्त अधिकारी २०४१, पाँचौ सन्तान रमेश अधिकारी २०४७ रहेका छन् । छोरीहरू इन्दिरा अधिकारी २०४३ र मन्दिरा अधिकारी २०४५ रहेका छन् । हुने बिरुवाको चिल्लो पात भने झैं उहाँका छोराहरू आ–आफ्नै काममा ब्यस्त छन् । माइला छोरा ईश्वर अधिकारी अमेरिकामा रहेका छन् । छोरीहरूमा एक जनाको विवाह भएको र एक जना काठ्माडौंमा अध्ययनरत छिन् । बुवा शिव अधिकारीको शिक्षण पेशा र आमाको खासै पेशा नभए तापनि आफ्नो छोराछोरीलाई राम्रै गरी पढाएका छन् । सबै छोराहरू आ–आफ्नै व्यापार व्यवसाय तथा पेशामा आवद्ध भएको देखेर आमा बुबा पनि उनीहरूदेखि ज्यादै खुशी छन् ।

## २.११ आर्थिक स्थिति

शिव अधिकारी संयुक्त परिवारमा जन्मिएका हुन् । उनी मध्यम वर्गीय परिवारका सदस्य हुन् । उनका बुबा नन्दिकेशर अधिकारीको कृषि पेशा थियो । घरमा सामान्य रुपमा गाई पाल्ने, खेतीपाती गर्ने आदिमा सबै परिवारहरू व्यस्त हुन्थे । उचित अभिभावकत्व र कडा स्वभावका हजुरबुबा भएका कारण उनले सानै उमेरदेखि पढाइमा ध्यान दिनु परेको थियो । उनको पढाइमा परिवारका सबै सदस्यहरूले ख्याल पुर्‍याएका थिए । एस.एल.सी. पास गरी शिक्षक पेशामा प्रवेश गरेका अधिकारीले आफ्नो परिवार चलाउने आर्थिक संकलन गरेका थिए । शिक्षण पेशाको आम्दानीबाट आफ्नो घर व्यवहार चलाउँदै आएका अधिकारीको पूर्ख्यौली सम्पति पनि केही भएका कारण आफ्ना छोराछोरीहरूको पढाइमा जतिसुकै खर्च गर्न पनि उनी तयार देखिन्छन् ।

## २.१२ रुचि एवम् स्वभाव

मानिसका आ–आफ्नै रुचि एवम् स्वभाव हुन्छन् । सबैका रुचि र स्वभाव आपसमा नमिल्नु स्वाभाविक पनि हुन्छ । मान्छेका रुचि र स्वभावमा जन्मेदेखि बाचुन्जेलको उसको परिवार समाज संगत आदिको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका रहन्छ । उल्लेखित सन्दर्भले शिव अधिकारीको रुचि र स्वभावमा प्रभाव पारेको छ । फुर्सदको समयमा रेडियो सुन्ने र साहित्यका नयाँ नयाँ  किताबहहरू पढ्ने उनको रुचि एवम् स्वभाव रहेको पाइन्छ ।

आमा, हजुरआमाले स्वर खोलेर गाएका रामायण, महाभारत र शकुन्तलाका श्लोक ध्यान दिएर सुन्ने र आफै पनि भन्ने उनको रुचि थियो ।

हजुरबुबा पण्डित भएका कारण उनलाई धार्मिक पुस्तक गीता, चण्डी कण्ठस्थ थियो । उनको रुचि सिर्जनात्मक लेख लेख्ने, पढ्ने र सुन्ने रहेको पाइन्छ । पुस्तकालयमा अध्ययन गर्ने साहित्यिक कार्यक्रममा भाग लिने उनको रुचि पाइन्छ । धेरैजसो शाकाहारी खाना खान रुचाउने, धार्मिक कट्टरता नदेखाउने, आन्तरिक शुद्धिलाई मन पराउने, संस्कृति सभ्यताका नाममा झुट्टा कुरा पटक्कै नस्वीकार्ने उनको रुचि भएको पाइन्छ ।

कुनै कृति मिठास भएमा मात्र अध्ययन गर्ने नत नपढ्ने, कुनै घटनाले मन छुनासाथ दिनरात नभनी गजल लेख्ने, लेखेको कृति जसरी भए पनि छपाएरै छोड्ने, बरु

प्रकाशन गर्न सकिदैन भने लेखनलाई नै नियन्त्रण गर्ने रुचि पाइन्छ । प्रत्येक नवरात्रमा चण्डीपाठ गर्न रुचाउने, मठ मन्दिरमा ज्यादै श्रद्धाभाव राख्ने, सरसफाईमा निर्लिप्त भएर ध्यान दिने, आफूले गर्नु पर्ने काम भए बिहानै उठी सफासुग्घर भइ खाना खाएर तुरुन्तै गर्ने, कसैले खिल्ली उडाएमा ठट्टामा उडाउने, दिल खोलेर हाँस्दा केही प्राप्त हुन्छ भन्ने अक्षरशः पत्याउने स्वभाव उनको छ । (अधिकारी : सम्पर्क मिति ०७४/१/१) ।

## २.१३ साहित्यिक लेखन, प्रेरणा र प्रभाव

खेतीपाती र पशुपालन गरेर नै कृषक बनेका शिव अधिकारीका हजुरबुबाले घरमा आफूले पढ्न नपाएकाले आफ्ना नाति नातिनीहरूलाई विद्यालयमा पढाएर जागिर खुवाउने सङ्कल्प गरेका थिए । त्यसैले उनले विद्यालयमा पठाएका थिए । घरधन्दा गर्ने क्रममा हजुरबुबाले रामायण, शकुन्तलाका श्लोकहरू मिठो स्वरमा पढेको सुन्दा शिव अधिकारीलाई आफूले पनि यस्तै कविताहरू रचना गर्न सके हुन्थ्यो भन्ने मनमा लाग्दथ्यो ।

विद्यालयको साहित्यिक कार्यक्रममा पुरस्कृत भएबाटै उनको साहित्यप्रतिको जोश र हौसला झन बढेको देखिन्छ । उनका साहित्यिक प्रेरणाका गुरुहरूमा खोलाघरे साँहिलो, युद्धप्रसाद वैद्य, दिवाकर भण्डारी, देवी गौतम, इन्द्रनारायण सुवेदी, कोमल निरौला,रमेश सुभेच्छु, वियराज ज्ञवाली, रामप्रसाद पन्त आदि रहेका छन् । बिहान बेलुका र विदाको समयमा विभिन्न प्रकारका गजलहरू र मुक्तकहरू लेख्दै आफ्नो साहित्य लेखन कार्यलाई अगाडि बढाएका थिए । उनले “यथार्थता” २०६९ गजल सङ्ग्रह पहिलो पटक प्रकाशित गरेका थिए । साँच्चै हालको यथार्थसँग नजिक भएको यस गजल सङ्ग्रहमा १२१ थान गजलहरूको सँगालोको रुपमा पाठक समक्ष प्रस्तुत भएको छ । अर्को उनको गजल सङ्ग्रह “धरतीको माटो” २०७१ पनि प्रकाशित भएको छ । धरती वा माटोप्रतिको प्रगाढ माया यस गजल सङ्ग्रहमा व्यक्त गरिएको छ । यी गजल सङ्ग्रहको सफलता पछि अलिक पृथक मुक्तक माला “बुकीफूलको माला” २०७२ पनि प्रकाशित भई सकेको छ । उनका प्रकाशोन्मुख अवस्थामा “खिचडी” (मिश्रित सङ्ग्रह) र “अविस्मरणीय क्षणहरू” (संस्मरण) रहेका छन् ।

## २.१४ प्रकाशित कृतिहरूको सङ्क्षिप्त सूची

### क) पुस्तककार कृतिहरू

| क्र.स. | कृतिको नाम | विधा | प्रकाशन मिति | वर्ष | अंक |
|---|---|---|---|---|---|
| १ | यथार्थता | गजल सङ्ग्रह | २०६९ चैत्र | | |
| २ | धरतीको माटो | गजल सङ्ग्रह | २०७१ कार्तिक | | |
| ३ | बुकी फूलको माला | मुक्तक माला | २०७२ भाद्र | | |

## २.१५ जीवन र साहित्य सम्बन्धी धारणा

शिव अधिकारीले जीवनलाई एउटा ईश्वरीय बरदान ठानेका छन् र जीवनशैली आफूलाई अनुकुल हुने गरी चलाउन सक्नुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । साहित्य भन्नाले समाज, व्यक्ति र नीतिको त्रिकोणात्मक सम्बन्धले सिर्जना गरिनुपर्छ । कुनै न कुनै रचनालाई लेखकले एउटा स्पष्ट धारणा बोकेको र मौलिकतामा सिर्जिएको हुनुपर्दछ ।

कवि हृदय विशेष सम्वेदनशील हुन्छ । कवि जहाँ बस्छ, त्यहाँको परिवेश रीतिस्थिति, सभ्यता संस्कृति, चालचलन, सुख दुःख, गरीबी, न्याय, अन्याय, संगति, विसङ्गति आदि कुराहरूले ऊ विशेष प्रभावित हुन्छ । तदनुसार उसलाई त्यहाँका कुनै पनि कुरो उसको मनमा चोट पुर्‍याए वा आघात तुल्याए त्यतिबेला उसको मानसरोवरमा विविध भावनात्मक तरंगहरू तरंगित हुन थाल्छन् । उसलाई लाग्न थाल्छ छटपट, र चम्किन्छ चुलबुलता । ऊ भावुक बन्छ, लेख्न थाल्छ अनि भइदिन्छ गजल, कविता ।

तर संवेदनशीलता र भावुकता नै मात्रै पनि काव्य सृजनाका निम्ति पर्याप्त स्रोत र साधन भने अबश्य पनि हुन सक्दैनन् । प्रभावकारी काव्य सृजनाका लागि आवश्यक हुन्छ, अध्ययन, मनन, चिन्तन र गम्भीर तपस्याको । तपस्याले खारिएको कृति नै सम्प्रेशणीय र जीवन्त बन्न सक्दछ । किनकि त्यसमा आकर्षण हुन्छ अनि मान्छेको मनलाई चट्ट छुन सक्ने चुम्बकीय गुण हुन्छ ।

## २.१६ पुरस्कार तथा सम्मान

शिव अधिकारीले साहित्य क्षेत्रमा संलग्न भएर पुरस्कार प्राप्त गरेका छन् । पुरस्कारहरू विभिन्न गोष्ठी, समारोहमा सम्मानित, विद्यालयस्तरका कार्यक्रममा पुरस्कृत भएका छन् ।

## २.१७ स्वदेश, विदेश यात्रा तथा भ्रमण

शिव अधिकारीले जीवनको विविध लक्ष्य प्राप्त गर्ने क्रममा देश भित्रका धेरै रमणीय स्थलहरूको यात्रा गरेर साहित्यिक विषयमा अनुभूति बटुलेका छन् । शिव अधिकारीले काठमाडौं, पोखरा, धनकुटा, धरान, झापा, मोरङ्ग, सुनसरी र देशका विभिन्न ठाउँको यात्रा गरेका छन् । नेपालका विभिन्न रमणीय ठाउँहरूमा मात्र यात्रा नगरी छिमेकी राष्ट्र भारतका विभिन्न शहरहरू तथा अमेरिकामा समेत ६ महिना बसोबास गरेर आएका हुन् । (अधिकारी : सम्पर्क मिति ०७४/१/१) ।

## २.१८ शिव अधिकारीको व्यक्तित्वका विविध पाटाहरू

### २.१८.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण नै व्यक्तित्व हो । यसमा व्यक्ति विशेषको निजीपनका साथै व्यक्तिले अरुलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता समेत पाइन्छ । व्यक्तित्व निर्माणमा व्यक्ति जीवनका विभिन्न पक्षको भूमिका हुन्छ । जीवन बेहोर्ने क्रममा आएका दुःख र सुखका विविध आरोह-अवरोह तथा सम्बन्धित व्यक्तिको समाज, परिवार, शिक्षा–दीक्षा, वातावरण, परिवेश आदि नै व्यक्तित्व निर्माणका प्रमुख तत्वहरू हुन् । परिस्थिति अनुकुल चल्न सक्ने व्यक्ति भित्रको निहित प्रतिभा नै व्यक्तित्व हो । अर्को शब्दमा व्यक्तित्वको अर्थ अनुभव, ज्ञान, आस्था, झुकाउ, शिक्षा–दीक्षा मूल प्रवृति आदिको समूहलाई व्यक्तित्व भनिन्छ । एउटा साहित्य र समाजप्रति समर्पित व्यक्तिको स्वाभाविक गुणले उसको निजी व्यक्तित्वको विकास हुन्छ । शिव अधिकारीमा पनि यस्तै एक सिर्जनशील व्यक्तित्व देखापर्छ । उनले जीवनको अधिकांश समय समाजसेवा, साहित्य, धार्मिक तथा सांस्कृतिक गतिविधिमा संलग्न रही आफ्नो व्यक्तित्व निर्माण गरेका छन् । यस अध्यायमा शिव अधिकारीको बहुआयामिक व्यक्तित्वको अध्ययन गरिन्छ ।

### २.१८.२ बाह्य व्यक्तित्व

व्यक्तिको निजी जीवनसँग सरोकार राख्ने कुराहरूले बाह्य व्यक्तित्वले प्रतिनिधित्व गर्दछ । जस्तो कुनै व्यक्तिको उचाइ, आकार, रुप, प्रवृति, बानी, रुचि आदि । शारीरिक संरचनाका दृष्टिले शिव अधिकारी ५ फिट १० इन्च अग्ला, ६५ किलोग्राम तौल, स्वस्थ शरीर भएका, श्याम वर्णको लामो गोलो मुखमण्डल, कालोसेतो केश भएकाले सामान्य व्यक्तित्वको सूचना गर्दछ । पोशाकमा उनी कहिले दौरा शुरुवाल, कोट कहिले सर्ट पाइन्ट लगाउँछन्  उनी अर्धवैंशे पुरुषको रुपमा प्रायः घरबस्दा र हिडडुल गर्दा बेग्लाबेग्लै लुगा लगाउँछन् । (अधिकारी : सम्पर्क मिति ०७४/१/१) ।

उल्लेखित बाह्य रुपमा अतिरिक्त शिव अधिकारी बिचार विद्वतामा सामान्य देखिन्छन् । उनी साथीभाइसँग सरल स्वाभिमानी र सहयोगी प्रविधिको व्यवहार गर्छन् । उनी स्वाभाविक बोली मिठासयुक्त सौन्दर्य तथा नम्र व्यवहार भएमा व्यक्ति भए तापनि उनको श्रीमतिसँगको व्यवहारमा कुनै फरक पाइदैन । उनी देश प्रेमको पक्षमा, राजनीतिप्रति तीव्र व्यङ्ग र सामाजिक विकृतिप्रति आक्रोश पोखेर गजल लेख्छन् ।

व्यवहारिक हण्डर खाएर अध्ययन गरेर उनले अनुभव बटुलेका देखिन्छन् । गफगाफ, भेटघाट, संस्कृति साहित्य लगायत सामान्य व्यवहार जस्ता विषयमा चर्चा परिचर्चा गर्छन् भने फुर्सदमा चाखलाग्दा कृतिहरू पढ्छन् । यसरी उनको स्वस्थ्य शरीर सामान्य पोशाकले बाह्य व्यक्तित्वको निर्माण भएको छ भने परिश्रमी, लगनशील, सहयोगी प्रकृति तथा बौद्धिकताले आन्तरिक व्यक्तित्वको निर्माण भएको छ ।

### २.१८.३ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्वभित्र व्यक्तित्वका विविध रुपमा कुनै पनि व्यक्तिलाई हेर्ने गरिन्छ । जीवनको यात्राका क्रममा एउटा व्यक्तिले आफ्ना व्यक्तित्वहरू प्रस्तुत गर्न सक्छ । कुनै पनि मानिसको भोगाइमा आउने विधि घटना, जीवनका चाँप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात तथा क्रिया-प्रतिक्रियाले व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका साथै व्यक्तिको व्यक्तित्व, निर्माणमा ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक-सांस्कृतिक स्थिति, रुचि, पेशा, शिक्षा–दीक्षा आदिले उल्लेख्य सहयोग पुर्‍याएको हुन्छ । शिव अधिकारीको व्यक्तित्वमा पनि उल्लेखित कुराहरूले प्रभाव पारेको

देखिन्छ । शिव अधिकारीको सम्पूर्ण जीवनभित्र निम्न व्यक्तित्वहरू देखा पर्दछन् । ती व्यक्तित्वहरू साहित्यकार व्यक्तित्व, धार्मिक साँस्कृतिक व्यक्तित्व, सामाजिक व्यक्तित्व आदि छन् ।

### २.१८.४ साहित्यकार व्यक्तित्व

साहित्यकार व्यक्तित्व भनेको साहित्यसँग सम्बन्ध राख्ने व्यक्तित्व भन्ने बुझिन्छ । उनी उपयुक्त पृष्ठभूमिमा आफ्ना उत्कृष्ट प्रतिभाका कारण ६० वर्षको उमेरमा पनि "यथार्थता" गजल संङ्ग्रह निकालेर साहित्य क्षेत्रमा देखापरेका हुन् । अधिकारीले विभिन्न विधामा कलम चलाएर पनि पहिलो प्रकाशित तथा बढी उर्वर गजल विधा नै देखिन्छ । अधिकारीका दुई गजल सङ्ग्रह, एक मुक्तकमाला प्रकाशित भइसकेका छन् भने प्रकाशोन्मुख कृतिमा खिचडी (मिश्रित सङ्ग्रह), अविस्मरणीय क्षणहरू (संस्मरण) रहेका छन् । यी रचनालाई ध्यानमा राखेर शिव अधिकारीको साहित्यिक व्यक्तित्वको निम्न लिखित शीर्षकहरू अन्तर्गत अध्ययन गरिन्छ ।

### २.१८.४.१ कवि व्यक्तित्व

कवि व्यक्तित्व शिव अधिकारीको अर्को महत्वपूर्ण व्यक्तित्व हो । उनले ३८ वर्षको क्षणमा शिक्षण पेशाका अतिरिक्त विहान बेलुकाको समयमा गजल, मुक्तक लेखि २०६९ मा शिक्षणबाट अबकाश प्राप्त भएपछि मात्र प्रकाशित भएको देखिन्छ । कविता, आख्यान र निबन्धमा सर्वाधिक लोकप्रिय विधा कविता हो । यस विधाको संरचनागत प्रकार धेरै पाइन्छ । कविताको सबैभन्दा सानो रचना मुक्तक हो । यसको सर्वाधिक वृहत रुप महाकाव्य हो । शिव अधिकारीको "बुकी फूलको माला" (२०७२) शीर्षक रहेको फुटकर कवितामा एक हजार एक सय एघार थुङ्गा बुकीफूल उनीएका छन् । प्रत्येक थुङ्गाको आ–आफ्नै विशेषता छ ।

यो रचनामा विषय प्रस्तृतिका दृष्टिले पूर्व परम्पराका स्वआर्जित समकालीन समाजका विविध पक्षलाई समेटिएको छ । पीडाको अभिव्यक्ति, नेताको भाषण, प्रियता, काका थाँकाको प्रसङ्गमा झिनाझाँकाका कुरा, युवाहरूले विदेशिनु पर्ने बाध्यता, जितहार, व्युटिपार्लर, अङ्गप्रदर्शन, सिन्धुपाल्चोक रुँदा इलाम पनि रुदैछ भन्ने देशप्रेम, त्यस्तै प्रेम प्रितीका प्रसङ्गदेखि संविधान निर्माण सम्मका विषयलाई समेटेको छ । पोशाक

पहिरनले हाम्रो समाजमा ल्याएका विकृति र विसङ्गतिलाई नङ्ग्याउने कामबाट व्यङ्गका साथै कतिपय ठाउँमा विद्रोही भावना समेत व्यक्त भएको छ । राजनीति, अर्थनीति, सामाजिक परिवर्तन, नैतिक सन्देश, सहमति र सहिष्णुता जस्ता सबै पक्षको स्पर्शको अनुभव यस रचनामा पाइन्छ ।

### २.१८.४.२ गजलकार व्यक्तित्व

साहित्यकार शिव अधिकारीले आफ्नो जीवनको करीब चार दशकजति शिक्षण पेशामा खर्चिएर आफ्नो शिक्षण पेशाको उत्तारार्धकालमा आएर साहित्यमा सशक्त रुपमा कलम चलाएको देखिन्छ । ३,४ वर्षको छोटो अबधिमै ३ वटा जति साहित्यिक कृति रचना गरेका छन् । अधिकारीको यथार्थता (२०६९) गजल सङ्ग्रहमा १२१ गजल, धरतीको माटो (२०७१) गजल सङ्ग्रहमा १२२ वटा गजलहरू र बुकी फूलको माला (मुक्तक माला २०७२) मा ११११ थुङ्गा बुकी फूल उनीएका छन् । उनको पहिलो गजल सङ्ग्रह यथार्थता (२०६९) हो । यस गजल सङ्ग्रहभित्र १२१ वटा गजलहरू रहेका छन् । यस गजलमा विशेषत संक्रमणकालीन नेपालको प्रतिबिम्ब र आसय व्यक्त गरिएका कृतिको सेरहरू अलिक भावुक रुपमा अभिव्यक्त गरिएको छ । राष्ट्र, राष्ट्रियता, संविधानसभा, राजनैतिक नेता र स्थानीय क्षेत्रमा भएका विकृतिसँग सम्बन्धित गजलका विषयवस्तु रहेका छन् । यसका अतिरिक्त यस गजल सङ्ग्रह भित्र राजनीतिक विसङ्गति,वैयक्तिक जीवनमा यर्थाथको उद्घाटन,आर्थिक विषमताको उद्घाटन, प्रेम प्रणय, बाल शिक्षा, उपदेशात्मक अग्रज स्रष्टाप्रति सम्मान, शहीद प्रतिको सम्मान, नेपाली चाडपर्व र सांस्कृतिक पक्षको उद्घाटन, मृत्युबोध, नारी चेतना आदि विविध पक्षलाई समेटेर गजल रचना गरेर सुधारात्मक सन्देश दिएको पाइन्छ । परिवर्तनलाई आत्मसाथ गर्न नसकेको वर्तमान परिस्थितिको चित्रण नै यस यथार्थता गजल सङ्ग्रहको प्रमुख विशेषता हो ।

धरतीको माटो (२०७१) गजल सङ्ग्रह शिव अधिकारीको यर्थाथता पछिको प्रकाशित दोस्रो प्रकाशित गजल सङ्ग्रह हो । यस गजल सङ्ग्रह भित्र १२२ थान गजल समावेश भएका छन् । अघिल्लो गजल सङ्ग्रहसँग केही समान गजलको विषय भए पनि भाव, शब्द र परिवेशको पृथकताले यो गजल सङ्ग्रह अझ उत्कृष्ट छ भन्न सकिन्छ । देशको समसामयिक विकृति, विसङ्गतिप्रति आक्रोश, घृणा र संस्कार छन् तर सभ्य र सौम्य रुपमा भाव व्यक्त भएको छ । धरती वा माटोप्रतिको प्रगाढ माया यस गजल

सङ्ग्रहको भावलाई केलाएर हेर्दा उनी यस गजल सङ्ग्रहमा राष्ट्रवादी चेतनाले ओतप्रोत भएको देखिन्छ । माटो र मातृभूमिप्रतिको प्रगाढ माया उनका यस सङ्ग्रहका गजलहरूमा अभिव्यक्त छ ।

### २.१८.५ धार्मिक सामाजिक, तथा सांस्कृतिक व्यक्तित्व

शिव अधिकारी सामान्य परिवारमा जन्मिए पनि उनका हजुरबुबा पण्डित हुनुहुन्थ्यो । त्यसैले धार्मिक प्रेरणाका स्रोत घरपरिवार नै रहेको देखिन्छ । शिव अधिकारी धार्मिक कटरपन नदेखाउने भएता पनि घर परिवार समाजमा आयोजना गरिने धार्मिक कार्यक्रमहरूमा संम्लग्न हुने गर्दछन् । नेपालीहरूको महान चाड दशैंको नवरथामा आफ्नै घरमा अन्य पण्डित बोलाएर चण्डी पाठ गर्न लगाउने गरेको पाइन्छ । आफ्नो देशमा रहेका मठमन्दिरप्रति श्रद्धाको भाव व्यक्त गरेको पाइन्छ । उनको “दैव हरे मलाई” नामक गजलमा देशलाई साढे सातले पिरेको, विदेशले गाली गर्दा देशको शिर ढलेको कुरा उल्लेख पाइन्छ । त्यसैले गर्दा उनमा देवी तथा ईश्वरीय शक्तिमा विश्वास छ भन्न सकिन्छ । उनको अर्को गजल “वर्ष दिनको चाड” यस गजलमा नेपालीहरूको दोस्रो महान चाड तिहारमा देउसी भैलो खेल्नु पर्ने, चाडवाडका नाममा विकृति ल्याउनु नहुने सस्कृतिलाई निरन्तरता दिँदा सामाजिक सद्भावलाई ख्याल राख्नुपर्ने भाव व्यक्त गरिएको छ । जसले सांस्कृतिक पक्षको उठान गरेको छ । सामाजिक विकृतिप्रति आक्रोश पोखेर लेखिएका उनका गजल पनि प्रशस्त छन् । समाज सेवामा अग्रणी भूमिका निर्वाह गरेका छन् । रेडियोका माध्यमबाट बाल अधिकार र मानव अधिकार सम्बन्धिका कार्यक्रमहरू प्रसारणमा सम्बन्धित पक्षलाई सहयोग पुऱ्याउने काम गरेका छन् । विद्यालयको कार्य जस्तै वृक्षारोपण, सरसफाई कार्यक्रममा अग्रसर भएर कार्य गर्दछन् भने विद्यालयको वार्षिक उत्सव, सभा-समारोह र सांस्कृतिक कार्यक्रममा आफ्ना गजल, कविता सुनाएर श्रोताहरूलाई आनन्द दिने काम गर्दछन् ।

आफ्ना गाउँघरमा भएका कुनै पनि धार्मिक तथा सामाजिक कार्य जस्तै पुराण, विवाह, व्रतवन्ध, काजक्रिया, बर्खान्तमा आफै उपस्थित भएर सहयोग गर्नमा अग्रणी रहेका छन् । त्यसैले उनलाई सामाजिक कार्यमा अति सहयोगी भनी सबैले मान्ने गर्दछन् । अर्थात् सामाजिक र सांस्कृतिक कार्यमा उनलाई सहयोगीको रुपमा सम्मान गर्न सकिन्छ ।

**निष्कर्ष**

शिव अधिकारीको साठी वर्षे जीवन यात्रा केही सुखमय, केही जटिल तथा संघर्षशील वातावरणमा घुलमिल भई बितेको छ । पहिलादेखि नै साहित्यमा लागे पनि भर्खरै प्रकाशनमा उनका कृतिहरू देखा परेका छन् । साहित्यकार अधिकारीले आजसम्म पनि निरन्तरता दिदै साहित्यका विभिन्न क्षेत्रमा संलग्न हुदै आएको देखिन्छ । उनका प्रकाशोन्मुख अवस्थामा खिचडी (मिश्रित सङ्ग्रह) र अविस्मरणीय क्षणहरू (संस्मरण) रहेका छन् ।

**तेस्रो परिच्छेद**

# ३. गजलको सैद्धान्तिक परिचय

## ३.१ गजल शब्दको व्युत्पति

गजल अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । 'गजल' त्रिपदसंयोजित अरबी शब्द हो । ग्+ज्+अल पदहरूको संयोजनबाट गजल शब्दको व्युत्पत्ति हुन्छ । अरबी भाषामा 'ग' को अर्थ स्त्री 'ज' को अर्थ प्रेम र 'अल्' शब्दको अर्थ साथ भन्ने हुन्छ । यी तीनवटा शब्दहरूको संयोजनबाट वनेको 'गजल' शब्दको शाब्दिक अर्थ स्त्रीका साथमा प्रेमपूर्ण वार्ता गर्नु भन्ने हुन्छ । गजल शब्दको व्युत्पति 'गजला' बाट भएको हो भन्ने मान्यता पनि छ । गजलको अर्थ हुन्छ 'हरिण' । यसरी गजल शब्द अरबी भाषाबाट आएको भएता पनि अरबीमा भने गजल लेखिएको पाइदैन र यसको प्रारम्भिक लेखन फारसीबाट भएको स्वीकारिन्छ । (घिमिरे : २०७१,पृ.९२) ।

## ३.२ गजलको परिभाषा

गजल उर्दू कविताको सर्वश्रेष्ठ, अदभुत र सशक्त काव्यरुप हो । यसको जन्म फारसी भाषाबाट भएको र उर्दूभाषीले यसलाई अपनाएको पाइन्छ । यसपछि यसले भारतमा आएर आफ्नो रचनात्मक स्वरुपको शिखर विन्दुलाई छोएको पाइन्छ । गजल अधिक लोकप्रिय भएर हिन्दी र अन्य भाषामा पनि यसको प्रभाव बलियो पर्‍यो । यसले नेपाली साहित्यमा प्रवेश गरेको पनि एक शताब्दीभन्दा बढी भइसकेको छ तर शुरुका दिनहरूमा भन्दा अहिलेका दिनहरूमा गजलको विकास राम्ररी भई यसको प्रयोग यत्रतत्र गरिएको पाइन्छ । साहित्यका अन्य विधा झै यस विधाबारे पनि धेरै पहिलेदेखि नै विभिन्न स्वदेशी तथा विदेशी गजलकार र गजल प्रेमीहरूद्वारा टिकाटिप्पणी गरिनुका साथै यसलाई परिभाषित गर्ने प्रसस्त प्रयासहरू पनि भएका छन् । ती मध्ये केही परिभाषाका प्रयासहरूलाई यहाँ उल्लेख गरिएको छ ।

१. बृहत् हिन्दी कोशले गजललाई मुक्तक काव्यको भेदका रुपमा लिदै "गजल फारसी, उर्दूमा मुक्तक काव्यको एक भेद हो, जसको मुख्य विषय प्रेम हुन्छ" भनेको छ ।

२. हिन्दी साहित्यका अनुसार "गजलमा प्रेम भावनाको चित्रण हुन्छ । गजलको शाब्दिक अर्थ स्त्रीको प्रेमका विषयमा वार्तालाप गर्नु हो ।Æ

३. उर्दू हिन्दू कोशले भनेको छ "गजल उर्दू फारसी कविताको एक प्रकारको विशेष हो, जसमा ५ देखी ११ सेर हुन्छ ।"

४. श्यामसुन्दर दासका अनुसार "गजल श्रृङ्खलावद्ध कथा नभएको फारसी र उर्दूको विशेषत: श्रृङ्गार रसको एक कविता हो ।"

५. डा. नगेन्द्रका अनुसार "गजलमा मुख्यत: श्रृङ्गारिक अनुभूतिको अभिव्यक्ति हुन्छ, संगीतात्मकता यसको विशेष गुण हो ।"

६. नेपाली वृहत शब्दकोशका अनुसार –"विशेषत: प्रेमका विषयमा श्रृङ्गार रसको कविता लेखिने एक प्रकारको फारसी छन्द वा त्यस्तै छन्दमा लेखिएको कविता हो ।"(घिमिरे : २०७१,पृ.९२-९३) ।

प्रारम्भिक कालदेखि वर्तमानमा आइपुग्दा गजलको आफ्नो श्रृङ्गारिक अभिव्यक्तिलाई युगानुकूल बनाउँदै लगेको छ । गजल अब श्रृङ्गारिक पद्य रचना मात्र नभएर विषयगत विविधतालाई अँगाल्न सक्ने सशक्त विधाका रुपमा स्थापित भइसकेकोले यसको परिभाषालाई पनि समय सान्दर्भिक रुपमा परिभाषा यसरी दिन सकिन्छ–"विशेषशैलीमा विषयगत वैविध्यतालाई अँगाल्न सक्ने सुन्दर, सुकोमल, सुललित शब्दसज्जा भएको श्रृङ्गारिकताले भरपुर गेयात्मक र लयात्मक पद्यरचना नै गजल हो ।"

## ३.३ गजलको संरचना र तत्वहरू

गीत झैं गजल पनि गेय विधा हो तर गीत र गजलमा पर्याप्त अन्तर पाइन्छ । गीतमा स्थायी र अन्तरा गरी अथवा दुईभन्दा बढी लयात्मक भङ्गिमाको समावेश हुन्छ तर गजल भने पूर्ण रुपमा एउटै छन्दमा आवद्ध हुनाले एउटै लयमा शुरुदेखि अन्तसम्म पाइन्छ । गजलको असली मापदण्ड प्रभावोत्पादक हो । संगितात्मकता यसको विशिष्ट गुण हो । इस्लामी कविता विधाका अनेक रुप छन् । गजल कित्तह रुवाई, मसनवी आदि । यी सबैका आ-आफ्ना मौलिक विशेषता छन् । एउटै सफल गजल निर्माणका निम्ति यसका पनि आफ्नै आन्तरिक र वाह्य संरचक घटकहरूले उल्लेखनीय भूमिका निर्वाह

गर्दछन् । अर्थात् गजललाई मासु र प्राण भरी पूर्णता दिन्छन् । जसको अभावमा गजल सुन्दर, गेयात्मक, रचनात्मक, आलङ्कारिक र श्रुतिमधुर हुन सक्दैन । ती तत्वहरूको सामान्य चर्चा यसरी गरिन्छ ।

**क) काफिया**

काफिया अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको अर्थ अन्त्यानुप्रास, अनुप्रास र तुक भन्ने हुन्छ । रदिफभन्दा पहिले खासगरी सेरमा हर्न, गर्न, वर्न जस्ता समान ध्वनिका शब्दहरू ल्याइन्छ । समान ध्वनिका यस्ता शब्दहरू यदि रदिफभन्दा अगाडि प्रयोग गरिन्छ भने त्यसलाई नै काफिया भनिन्छ । गजलको मतला भागमा रहेका दुवै मिसरामा काफियाको प्रयोग अनिवार्य हुन्छ भने अन्य सेरहरूमा दोस्रा–तेस्रा पंक्तिमा पनि यसको प्रयोग आवश्यक छ । गजलमा काफियाको उपस्थिति अनिवार्य मानिन्छ । काफिया विना गजल बन्न सक्दैन । त्यसैले गजलरुपी शरीरको मुटुको रुपमा काफियालाई लिइन्छ । काफियाको शुद्ध र समुचित प्रयोगले नै गजललाई जीवन्त बनाएको हुन्छ । स्वरमात्रामा अलिकति पनि गडबडी वा असन्तुलन नभएको अनुप्रासयुक्त शब्दांश, अक्षर र पदावलीलाई नै काफिया भनिन्छ ।

**ख) तखल्लुस**

'तखल्लुस' कवि वा लेखकको नाम हो । यो अरबी भाषाको पुलिङ्गी शब्द हो गजलकारले सामान्यतया गजलको अन्तिम सेरमा तखल्लुस प्रयोग गर्ने गर्दछन् । यसलाई गजलका लागि अनिवार्य मानिदैन तर यसले गजल कसको हो भनी चिनाउने काम चाहिं गर्छ । यसको प्रयोग मूलतः अर्थका चमत्कारका लागि गरिएको हुन्छ । (बराल : २०६४,पृ.२९-४३) ।

**ग) बहर**

'बहर' अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । अरबी फारसी ढाँचा अनुसार उर्दूमा जुन छन्दको प्रयोग गरिन्छ, यसलाई नै बहर भनिन्छ । सेरलाई निश्चित बहर (छन्द) मा बाँध्नु पर्दछ । प्रत्येक गजलकारलाई बहर सम्बन्धी ज्ञान हुन अति आवश्यक छ । गजल बाचनका क्रममा सर्वप्रथम बहरको लयलाई मस्तिष्कमा राख्नु पर्दछ । गजलकारले सावधानी पूर्वक काम लिएमा कठिन बहरलाई पनि सहज तरिकाले व्यक्त गर्न सक्छन् तर

लापरवाही देखाएमा साधारण बहरमा पनि गजलकार चिप्लिन सक्छन् । छन्दयोजना अनुसार कवितामा वर्ण र मात्राको गणना हुन्छ । यसले गर्दा कवितामा संयम र संतुलनको निर्वाह हुन्छ । संयमित र सन्तुलित रुपले गर्दा कविताको बाह्य सौन्दर्य बृद्धि हुन्छ । कवितामा वर्ण र मात्राको गणनाको अतिरिक्त गति र यतिको पनि संयोजन हुन्छ । यसबाट कवितामा लयात्मक र संगितात्मक स्थितिको सिर्जना हुन्छ । यसरी गति, यति र लयबाट गजलको आन्तरिक सौन्दर्यको संरक्षण र सम्बर्द्धन हुन्छ । श्याम सुन्दर दासले प्रसिद्ध बहरको संख्या १९ वटा भएको र त्यसमध्ये ५ बहर खास अरबीका लागि र बाँकी अरबी र फारसी दुवैमा काम दिने बताएका छन् । मनु बज्राकीले फारसी गजलमा झैं उर्दू गजलमा पनि गजल निर्माणका लागि ५० थरी छन्द भएको चर्चा गरेका छन् ।

संस्कृत छन्दहरूको निर्माण य,म,त,र,ज,भ,न,स गणहरूबाट भए जस्तै फारसी, उर्दूमा पनि बहरको निर्माण लघु, गुरु मिलेका निश्चित प्रकारका वर्णगुच्छाहरूको व्यवस्थाबाट हुन्छ र यसलाई बहर भनिन्छ । सस्कृतमा तीन तीन अक्षरको समूहबाट प्रत्येक गण निर्माण भएजस्तो एकरुपता भने फारसी उर्दूमा प्रचलित देखिदैन । यहाँ कतै तीन, कतै चार तथा यो भन्दा बढी वा घटी अक्षरहरूको मेलबाट पनि गजलको निर्माण हुने गर्दछ ।

**घ) मतला**

मतलाको अर्थ प्रारम्भ हो । गजलको पहिलो सेरलाई मतला भनिन्छ । बस्तुतः मतलाको व्यवस्थापनले गजललाई श्रुतिमधुर बनाउनका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । गायकले गजल गाउँदा प्रत्येक सेरहरूपछि मतलाको पुनरावृत्ति गर्दछन्,जसबाट एक प्रकारको मधुरता र झङ्कारमयता प्रकट हुन्छ । मतलाको पहिलो पङ्तिलाई मिसरा भनिन्छ । मतला भाग गजलको मुख्य भाग हो र यसमा दुवै हरफमा काफियाको प्रयोग अनिवार्य हुनुपर्दछ ।

**ङ) मकता**

'मकता' अरबी भाषाको पुलिङ्गी शब्द हो । गजलको अन्तिम सेरलाई मकता भनिन्छ । अन्त्यमा जुन सेरमा गजलकारको उपनाम वा तखल्लुस हुन्छ, त्यसलाई मकता भनिन्छ । आधुनिक गजलकारहरूमध्ये कसैले अन्तिम सेरमा नाम वा उपनाम राख्ने गरेको

पाइएको छ भने कतिपय गजलकारहरूले तखल्लुस विहिन गजलको पनि रचना गरेका छन् । यदि उपनाम प्रयोग गरिएको छैन भने यसलाई मकता नभनी अन्तिम सेर नै भन्नु पर्छ ।

**च) मिसरा**

'मिसरा' अरबी भाषाको पुलिङ्गी शब्द हो । सेरका दुई समान पङ्क्तिलाई मिसरा भनिन्छ । गजलको प्रत्येक पङ्क्तिलाई मिसरा भनिन्छ । दुईवटा मिसरा मिलेर एक सेरको निर्माण हुन्छ । गजलमा एक मिसराले कुनै अर्थ र अस्तित्व राख्दैन । एक सेरका दुई पङ्क्तिलाई मिसरा–ए सानी भनिन्छ ।

**छ) रदिफ**

'रदिफ' अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । अरबी भाषामा यसको अर्थ घोडा वा उँटको पछाडि बस्ने व्यक्ति, पछाडिको सेना तथा गजलमा काफियाको पछि पटक पटक आउने शब्द वा पद भन्ने हुन्छ । प्रत्येक सेरको अन्त्यमा जति पनि शब्द बारम्बार आउँछन्, त्यसलाई नै रदिफ भनिन्छ । गजलमा रदिफ मतला भागमा भएका दुवै सेरमा तथा अन्य सेरहरूमा दोस्रो पङ्क्तिको काफिया पनि आउने गर्दछ । रदिफ प्रयोग गरिएको गजललाई 'मुरद्दफ' भनिन्छ भने रदिफ प्रयोग नगरिएको गजललाई 'गैरमुरद्दफ' भनिन्छ । गजलमा रदिफलाई अनिवार्य मानिदैन तर रदिफको प्रयोगले गजललाई आकर्षक र संगीतमय चाहिँ बनाउँछ ।

**ज) सेर**

'सेर' अरबी भाषाको पुलिङ्गी शब्द हो । सेर दुई मिसराको समाहार हो, जसलाई 'वैत' पनि भनिन्छ । यसमा दुई मिसरा (चरण) हुन्छन्, जो एउटै नापका हुन्छन् र तिनको विषय पनि आपसमा सम्बन्धित हुन्छन् । प्रायः यस्तो सेर अर्थका दृष्टिले आफैमा पूर्ण हुन्छ र एक प्रकारले मुक्तक भन्न सकिन्छ, किनकि यसका लागि पूर्वावर प्रसङ्गको अनिवार्य अपेक्षा गरिदैन । ५ देखि १७ सेरको सङ्ग्रहलाई गजल भनिन्छ तर पनि यो सङ्ख्या पालनका निम्ति उर्दूमा कुनै खास प्रतिबन्ध छैन । धेरैजसो गजलकारले आफ्ना रचनामा १७ भन्दा बढी सेरहरू पनि राखेका छन् । गजलमा सेरको सङ्ख्या विजोर हुन्छ । पाँच सेर भन्दा कमको गजल राम्रो मानिदैन । सबै सेरमा एउटै विषयवस्तु क्रमबद्ध

अगाडि बढेको छ भने त्यस्तो गजललाई 'मुसल सल' र एउटै विषयवस्तुको विकास नभई भिन्नाभिन्नै विषयवस्तुको प्रयोग भएको छ भने 'गैर मुसलसल' भनिएको पाइन्छ ।

**झ) भाव**

'भाव' भन्नाले चिन्तन वा कल्पना तरंगका क्रममा मनमा उत्पन्न हुने कुनै भाव वा बीचारका साथै कथन वा लेखनको मुख्य अभिप्रायलाई बुझिन्छ । गजल शब्दको अर्थ नै श्रृङ्गारसम्बन्धी भएकाले यसमा प्रेमभावनाको चित्रण हुनु स्वाभाविकै हो र अधिकांश गजलहरू श्रृङ्गार रसकै छन् । गजल श्रृङ्गार विषयको अभिव्यक्तिको मात्र सशक्त माध्यम होइन, यसमा श्रृङ्गार विषयलाई पनि उतिकै मिठासपूर्ण पारेर प्रस्तुत गर्ने सामर्थ्य छ । थोरै, शिष्ट पद र पदावलीको प्रयोगले गजललाई उच्च कोटिको कृतिका रुपमा प्रतिस्थापित गर्दछ । भावलाई अभिव्यक्त गर्ने जुन का वा शिल्प गजलमा हुन्छ, त्यो शास्त्रानुकूल भएन भने त्यस्तो गजलले शिल्प तथा वस्तुपक्ष दुवैपक्ष गुँमाउँदछ । खासगरी आफ्नो राष्ट्रको माटोसँग जोडिएको साँस्कृतिक सन्दर्भ र वर्तमानमा देखिएका सामाजिक विसङ्गति, विकृति, अमानवीयता, भ्रष्टाचार, राजनीतिक अस्थिरता जस्ता विडम्वनापूर्ण विषयवस्तुलाई सफलतापूर्वक सेरहरूमा रुपायित गर्दै लेखिएको हुनाले नै आजका गजल मर्मस्पर्शी र प्रभावकारी बन्न पुगेका छन् ।

गजलमा विषयवस्तुको प्रस्तुति प्रभावपूर्णरुपमा हुन आवश्यक छ । कोरा वस्तुपरक अभिव्यक्तिले गजललाई निम्न श्रेणीको बनाईदिन्छ । यसले गर्दा प्रत्येक गजलकारले कुनै पनि विषय अभिव्यक्त गर्दा संवेगात्मक रुपमा गर्न सचेत हुनुपर्दछ ।

गजलमा अभिव्यक्त विषय, बिचार र भावना नीजि नभएर सबै वक्ता, स्रोता र पाठकले महशुस गर्ने किसिमको हुन्छ । एउटा मनबाट निःसृत भएर अर्को मनमा आसन जमाई अनौठो प्रभाव छाड्न सक्ने नै गजलको विशेषता हो । सर्वव्यापी अनुभूतिको अभिव्यक्तिका कारण यसले प्रत्येक समय र युगमा आफ्नो प्रभाव कायम नै राख्दछ । साहित्यको गेह विधामा पाठकहरूको मस्तिष्कसम्म पुग्न हृदयको बाटो नै जानुपर्दछ । राजनीतिकभन्दा पृथक साहित्य र कलाको मर्यादा यही हो । साहित्य क्षण क्षणमा ढल्ने सत्ता होइन, दिगो रहिराख्ने संस्कारको निर्माण हो । गजलमा भावलाई सशक्तता एवम् पूर्णता प्रदान गर्न उपमा, प्रतीक, रुपक आदि अलङ्कारको पनि प्रयोग गर्न सकिन्छ ।

ञ)    **भाषाशैली**

भाषा भनेको बीचार विनिमयको एक सशक्त माध्यम हो । मनमा आशय वा बीचार अरुछेउ प्रकट गर्ने सार्थक ध्वनि, शब्द वा वाक्यहरुको समूहलाई भाषा भनिन्छ । शैलीले साहित्यिक रचनामा लेखकका व्यक्तित्व विशेषको छाप दिने वा विषयवस्तुका अनुकूल भाव अभिव्यक्त गर्ने खास ढाँचालाई बुझाउँछ । गजलको भाषा यसको भाव अनुसार पनि व्यवस्थित हुन्छ । गजल वास्तविक र प्रभावपरक ढङ्गले सरल मीठो भाषामा हृदयस्पर्शी किसिमले लेखिएको हुनुपर्दछ, तर गजलको सेर सरल नै हुनुपर्दछ भन्ने कुनै जरुरी नियम छैन । अधिकांश उच्चकोटीका गजलका सेरहरू सरल छैनन् तर पनि ती गजलका राम्रा उदाहरण मानिन्छन् । गजलको असली मापदण्ड प्रभावोत्पादकता हो । पाठकले आफ्नै मनका भावनासँग मेल खाएको महशुस गर्ने मौलिकताले भरिएको गजल नै राम्रो गजल मानिन्छ । यसमा शब्दको मार्मिकता, भाषाको मौलिकता र कोमलता, भाषाको गरिमा, संछिप्तता र कल्पनाको उदारताको ध्यान विशेष रुपले अपेक्षित हुन्छ । यसको हरेक सेरमा एक नयाँ प्रसङ्ग हुन्छ ।

सफल गजलकारको परिचय उसले छनौट गरेको सुन्दर र उपयुक्त शब्दको प्रयोगबाट थाहा पाउन सकिन्छ । यसमा कुनै पनि शब्दलाई घटी,बढी या परिवर्तन गरी प्रयोग गर्न सकिदैंन । गजलमा लेखिने शब्द चलन चल्तीका वा जनजिब्रोमा झुण्डिने किसिमको हुनुपर्दछ । गजलमा स्पष्टता र स्वाभाविकताद्वारा भावको प्रकटीकरण हुनुपर्दछ । आफ्ना बीचार, भाव वा दृष्टिकोणलाई नयाँ तरिकाले प्रस्तुत गर्नुपर्दछ । जसमा नवीनता र ताजापन झल्कियोस् । गजलमा कृतिमता हुनुहुदैन । गजलको मापदण्ड भनेको सशक्तता पनि हो । यसको अभावमा सुन्दर झै देखिने गजल पनि प्रभावकारी हुन सक्दैन । सुन्दर गजल निर्माणमा शब्दचयन होसियारीपूर्वक गर्नुपर्दछ । विशेष गरी नारी र पुरुषसँग मात्र सम्बन्ध राख्ने शब्द प्रयोग गर्नु उचित होइन । गजलमा प्रतिकको जीवन्त र कुशल प्रयोग गरिन्छ, उति नै मर्मस्पर्शी हुने गर्दछ । गजल जति शिष्ट भयो, उति नै विशिष्ट हुने गर्दछ र गजल जति सरल भयो, उति नै सरल र सन्तुलित हुने गर्दछ ।

गजलकारहरूले सरल र संक्षिप्त भाषाशैलीलाई उपयोगमा ल्याउनु अति नै आवश्यक हुन्छ । सरलता र संक्षिप्तता गजलको प्राणतत्व नै हो, किनकि दुरुस्तता र क्लिष्टताले गजलको सौन्दर्य र प्रभावमा समेत नराम्रो असर पुर्‍याउँछ । सङ्क्षिप्त, शिष्ट,

सुन्दर पदावलीको प्रयोगबाट गजललाई उच्चकोटिको गजलका रुपमा स्थापित हुन कठिन हुदैन । गजल दुई पङ्क्तिभित्र अनुभूति जगतको चित्र उतार्ने सङ्केत प्रधान, सूचिवत् रचना भएकाले संक्षिप्तता यसको शैलीगत विशेषता हो । (घिमिरे : २०७१, पृ. ९५-९९)

समग्ररुपमा गजलको बनोट, विषयवस्तु, विशेषता आदिमा जे जस्ता परिवर्तन देखिएता पनि मूलतः यसका नियम वा सिद्धान्तभित्रै रहेर यसको पृथकतालाई जोगाउन सकिन्छ । परिवर्तनका नाममा देखिदै आएका विकृतिहरूलाई यदि समयमै रोक्न नसकिए यसले आफ्नो मूल धर्म, परिचय आदि सम्पूर्ण विशेषतालाई छोड्दै लोप हुन सक्ने गम्भिरतालाई सबै गजलप्रेमीहरूले मनन गर्न आवश्यक छ ।

## ३.४ नेपाली गजलको विकासक्रम

अहिलेसम्मको अनुसन्धान अनुसार नेपाली गजलको प्रारम्भ मोतीराम भट्टबाट भएको पाइन्छ । खासगरी समग्र नेपाली साहित्यको माध्यमिककालीन अबधिदेखि नेपालमा गजलको प्रारम्भ भएको मानिन्छ । गजलको अध्ययन गर्दा यसको विकासक्रम बुझ्न यसको चरण विभाजन नै गर्नुपर्ने हुन्छ । नेपाली गजलको चरण विभाजनमा पनि विभिन्न विद्वानहरूका विभिन्न मतहरू पाइन्छन् ।

ललिजन रावलले नेपाली गजलको भूमिकामा गजलको उठान वि.सं. १९४० बाट भएको भन्दै वि.सं. १९४० देखि १९९६ सम्मको समयवधिलाई प्रारम्भिक काल, १९९७ साल देखि २०३९ सालसम्मको समयलाई दीर्घ निन्द्राको काल तथा २०४० देखि हालसम्मको समयलाई पुनर्जागरण काल मानेका छन् । दुवसु क्षेत्रीले समसामयिक नेपाली गजलको भूमिकामा नेपाली गजलको विकासलाई वि.सं. १९४० देखि १९९४ लाई प्राथमिक काल, १९९५ देखि २०३५ सम्मको माध्यमिक काल र २०३६ देखि हाल सम्मको आधुनिक काल गरी विभाजन गरेको पाइन्छ । देवी पन्थीले वि.सं. १९४० देखि १९९२ सम्मलाई प्राथमिक काल, १९९३ देखि २०३५ सम्मको काललाई माध्यमिक काल र २०३६ देखि हाल सम्मको समयावधिलाई पुनर्जागरण वा आधुनिक कालमा विभाजन गरेको पाइन्छ । कृष्ण हरि बरालले वि.सं. १९४० देखि २००२ लाई पहिलो चरण, २००३ देखि २०३५ सम्मलाई दोस्रो चरण र २०३६ देखि हालसम्मको समयावधिलाई तेस्रो चरण मानेका छन् ।

उपर्युक्त विवरणबाट नेपाली गजलको काल विभाजनका सन्दर्भमा विद्वानहरू बीच एकमत भएको देखिदैन । यसरी नेपाली साहित्यमा मोतीराम भट्टको श्रृङ्गारिक धाराबाट श्रीगणेश भएको गजल विधा माथिका विभिन्न विद्वान्हरूका कालक्रम अनुसार गजलको विकासक्रमलाई निम्न दुई चरणमा विभाजन गर्दा उपयुक्त हुन्छ ।

१) पूर्वार्द्ध चरण (वि.सं. १९४०–२०३५ सम्म)

२) उत्तरार्द्ध चरण ( वि.सं. २०३६ – हालसम्म)

## १. पूर्वार्द्ध चरण (वि.सं. १९४०–२०३५ सम्म)

नेपाली साहित्यमा गजल परम्पराको पूर्वार्द्ध चरण मोतीराम भट्टको आगमनसँगै भएको हो । उनकै समयमा यो परम्पराले उत्कर्षता समातेको हो । उनका गजलहरू सङ्गीत चन्द्रोदयमा प्रकाशित भएका छन् । श्रृङ्गार रसले भरिपूर्ण भएका यस कालका गजलहरूमा स्त्रीका अङ्ग–प्रत्यङ्गहरूको वर्णन, उनीहरूका बोली, हेराई, कम्मर मर्काई आदिको वर्णन गरेर लेखिएका गजलहरू पाइन्छन् । पूर्वार्द्धको प्रारम्भमा श्रृङ्गारिक विषय मूल रुपमा रहेको देखिन्छ भने केही समयपछि देशभक्ति, नीति, दर्शन, जातीय सुधार आदि विषय पनि कथ्यका रुपमा रहेको देखिन्छ । यसबेलाका गजलमा व्यङ्ग्यको प्रयोग पनि केही मात्रामा भएको छ । श्रृङ्गारिकतालाई प्रधानता दिने भट्टकालीन स्रष्टाहरूमा लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, गोपीनाथ लोहनी, शम्भुप्रसाद ढुङ्गेल आदि मानिन्छन् । यसबेला भीमनिधि तिवारीको मेरी बयासी गजल (१९९४), उपेन्द्रबहादुर जिंगरको एक सय एक गजल (१९९६) पनि देखा परेको पाइन्छ ।

## २. उत्तरार्द्ध चरण

२०४० को दशकदेखि हालसम्म चलिरहेको गजललाई नेपाली गजल परम्पराको उत्तरार्द्ध चरण भनिन्छ । यस समयमा गजलको समकालीन चित्र प्रस्तुत गर्नुका साथै पूर्वार्द्ध चरणमा रोपिएका यी उल्लेखित स्रष्टाहरूका कृतिहरू पछाडि केही समय नेपाली गजल यात्रा रोकिन पुग्छ । वि.सं. २०४० को दशकको शुरुवातसँगै ललिजन रावल र ज्ञानुवाकर पौडेलको केही गजलहरू (२०४२), तथा खण्डहरू नयाँ नयाँ (२०४९) जस्ता गजल सङ्ग्रहहरू प्रकाशित भएका छन् । यस कालका अन्य गजलकारहरूमा मनु ब्राजाकी घनश्याम परिश्रमी आदि उल्लेखनीय छन् । यस कालमा विविध क्षेत्रमा देखिएका

विकृतिप्रति व्यङ्ग्य गरेको पाइन्छ । यस समयमा श्रृङ्गारिक भावका गजल पनि नदेखिएका होइनन् । रोमान्सेली विषयका साथै आलोचनात्मक यथार्थ तथा प्रगतिवादी विषयलाई पनि यस बेलाका गजलकारहरूले विषयवस्तु बनाएका छन् । गजल रेकर्डिङका दृष्टिले पनि यो चरण शक्तिशाली बनेको देखिन्छ । पूर्वार्द्धका चरणमा प्रतीकको प्रयोगमा सचेतता देखिन्छ भने शब्द सङ्गीतको प्रयोगका दृष्टिले यो चरण पहिलो भन्दा अलि नाजुक छ । गजलको प्रचारप्रसार र लेखन तथा गायनका दृष्टिले चाहिँ यो चरण अत्यन्त उर्वर रहेको पाइन्छ । (घिमिरे : २०७१, पृ.९९-१०१) ।

### चौथो परिच्छेद

# ४. शिव अधिकारीको साहित्यिक यात्रा र स्तर निर्धारण

## ४.१ साहित्यिक यात्रा

विद्यार्थी जीवनदेखि नै विभिन्न साहित्यिक गतिविधिमा सक्रिय रुपमा सहभागी हुदैं आएका शिव अधिकारीले "यथार्थता" गजल सङ्ग्रह वि.सं. २०६९ सालमा प्रकाशन गरेपछि मात्र औपचारिक रुपमा गजलका क्षेत्रमा देखा पेरेका छन् । अधिकारी हालसम्म पनि साहित्य साधनामा नै तल्लीन छन् । जति पछि गयो उनी फरक-फरक क्षेत्रमा देखा पर्दे गइरहेका छन् । कविता विधाबाट कलम चलाउन थाल्नु भएका सर्जकले एकाएक कविता विधालाई थाती राखी गजल विधातर्फ फड्को मारेका छन् । शिव अधिकारीले दुई वटा गजल, एउटा मुक्तक (फुटकर कविता) प्रकाशन गरेका छन् । उनको खिचडी मिश्रित सङ्ग्रह अविस्मरणीय क्षणहरु (संस्मरण) प्रकाशोन्मुख अबस्थामा छन् । शिक्षक सेवाबाट अबकाश पाएपछि उनले कृतिको प्रकाशन गरेका छन् । उनी कवि, साहित्यकार, गजलकारका रुपमा आफ्नो छुट्टै परिचय लिएर देखिएका छन् । यस शीर्षक अन्तर्गत ०६९ पछिको अधिकारीको साहित्यिक यात्राको विश्लेषणका साथै साहित्यिक यात्राको निरुपण गरिएको छ ।

## ४.२ गजलको विकासक्रममा शिव अधिकारीको उपस्थिति

साहित्यकार शिव अधिकारीले लामो साहित्यिक यात्रा पार गरि सकेका छन् भने उनको पहिलो कृतिका रुपमा "यथार्थता"(२०६९) गजल सङ्ग्रह देखा परेको छ । यो गजलको प्रकाशन शिव अधिकारीका माइला सुपुत्र ईश्वर अधिकारीले आफ्ना पिताको सिर्जना प्रकाशन गरेर पितृऋण चुकाएका छन् । यस गजल भित्र एक सय एक्काइस वटा गजलहरू रहेका छन् । गजलका सेरहरूले प्रायः राजनीतिक विसङ्गति, नेपाली सत्तामुखी गुट, फुट जस्ता स्वार्थी प्रकृति, असहमति, अनिर्णय, पराजय, सरकारमा भएका राजनैतिक दलले देश र जनताका जिम्मेवारीहरूप्रति बुझ पचाएको, आर्थिक विषमता, राष्ट्र, राष्ट्रियता, संविधान सभा, प्रेम प्रणय, बाल शिक्षा, अग्रजप्रतिको सम्मान, शहीदप्रतिको सम्मान, नेपाली चाडपर्व, नारी चेतना, मृत्यु वोधका विषयवस्तु रहेका छन् । उनको अर्को गजलसङ्ग्रह धरतीको माटो (२०७०)मा पनि धरतीको माटोमा माया प्रेम लगाएको यही

माटोमा बसेको कुरा उल्लेख गरेका छन् । अरु प्रायः विषयवस्तु सबै मिल्दो जुल्दो रहेको छ । उनको गजलमा उखान टुक्काको प्रयोगले भाषालाई निकै सार्थक र आकर्षित बनाएको छ । गजलको बाह्यधारामा ठेट झर्रा नेपाली कथ्य शब्दको प्रयोगले विशिष्ट आलङ्कारिक र ध्वन्यात्मक बनेको अधिकारीले गजलको शैली सामर्थ्यलाई उच्च बनाएका छन् । यही नै उनका गजल सङ्ग्रहको विशेषता रहन गएको छ । वास्तवमा २०६८ पुष १६ मा पनि जनताले संविधान नपाएको र जनतासँग गराएका वाचा भुल्यौं, सम्झौताका कुराहरू साँझैपिच्छे फेर्दै हिँडेको र नेपाली जनताका इच्छा विपरित परचक्रीसँग मात्र हाँस खेल गरेका विषयवस्तु उनका गजलभित्र रहेका छन् । कुर्सी, सत्ता,पद र पैसामुखी राजनीतिले नेपाललाई कमजोर बनाउन थालेको र देशले असल नेतृत्व पाउन नसकेको यथार्थ उद्घाटनमा अधिकारी सफल देखिन्छन् । जसले गर्दा साहित्यकार शिव अधिकारीको गजलहरू "यथार्थता" र धरतीको माटोलाई अलग्गै र महत्वपूर्ण राख्न सकिन्छ ।

## ४.३ कविताको विकासक्रममा शिव अधिकारीको उपस्थिति

नेपाली कविता साहित्यको परम्परा विरधाराबाट उढान भई रामभक्ति धारा, कृष्णभक्ति धारा र निर्गुण भक्तिधारा जस्ता चरणहरू पार गर्दै माध्यमिक कालमा श्रृङ्गारिक कविता लेखनमा अभ्यस्त बनेका देखिन्छ । यसैगरी लेखनाथ पौड्यालले परिष्कारवादी कविता लेखेर नेपाली कविता परम्परालाई आधुनिकतातिर धकेल्न सफल भए । आधुनिकताको प्रवेशपछि पाश्चत्य साहित्यमा देखा परेका विविध वाद र प्रणालीमा आवद्ध भएर कविता सिर्जना गर्ने नेपाली स्रष्टा प्रसस्त देखा पर्दै गए ।

फलस्वरुप नेपाली कवितामा स्वच्छतावाद, प्रगतिवाद, अस्तित्ववाद, प्रयोगवाद जस्ता विभिन्न वाद र प्रणालीहहरू स्थापित भइसकेका छन् भने वर्तमान समयमा उत्तरआधुनिकवादसम्म साहित्य हिडिसकेको छ । वर्तमान समयका नयाँ स्रष्टाहरू नयाँ नयाँ लेखनतर्फ अग्रसर भइरहेका पनि पाइन्छ ।

समाजमा आफूले देखेका भोगेका अनभुव गरेका विषयवस्तुको केस्रा केस्रा केलाउदै मुक्तक लेख्ने शिव अधिकारीलाई तेस्रो दर्जाका कविका रूपमा लिन सकिन्छ । शिव अधिकारीको "बुकी फूलको माला" (मुक्तकमाला २०७२) लिएर देखा परेका छन् । यस मालामा समाजमा विद्यमान विकृति, नेताको भाषण, जीतहारदेखि व्युटी पार्लर, अङ्ग

प्रदर्शन, देश प्रेम, त्यस्तै प्रेम प्रीतिका प्रसङ्गदेखि संविधान निर्माण सम्मका विषयलाई समेटेको छ । मुक्तकमा विषयगत विविधता रहेको छ तिनै विविधता भित्र कतै स्रष्टा नवयौवन भएका छन् कतै तरुण भएर जीवनका रङ्गीन आयामहहरूमा छमछम नाचेका छन् कतै वयस्क बयमा जीवनीबाट दिक्दार पनि भएका छन् । कतिपयले आँशु रोदन र विरहलाई उरालेका छन् । फेरि कति मुक्तकले मानव जनित समस्या माथि व्यङ्गय गर्दै सही बाटो के हो ? त्यसलाई सुझाएका छन् । अर्काथरी मुक्तकले भने नेपालको राजनीतिक, व्यङ्ग्य, सामाजिक विकृति र विसङ्गति अधिकारीका मुक्तकमा पाउन सक्छौं । राष्ट्रिय जागरणका स्वरहहरू, अधिकारीका मुक्तकमा पाइने भएकाले उनलाई हामी आधुनिक नेपाली इतिहासमा समसामयिक विषयवस्तुलाई जस्ताको त्यस्तै रुपमा लेख्ने पछिल्लो कविका रुपमा राख्न सक्छौं ।

पूर्वी नेपालको इलाम जिल्लाका साहित्य स्रष्टासँग शिव अधिकारीलाई तुलना गर्दा यिनको स्थान मध्यम खालको देखिन्छ । इलाम जिल्लाका समकालीन साहित्यकार सन्तज्ञान दिलदास, जगन्नाथ पौडेल, गोविन्ददास, घनश्याम परिश्रमी जस्ता साहित्यकारको प्रेरणाबाट साहित्य लेखनमा जोस जाँगर थपेर पूर्वी नेपालको साहित्यकारलाई मलिलो र बलियो बनाएको कुरा यिनै स्रष्टाहहरूबाट पाउन सकिन्छ । यसरी हेर्दा अधिकारीद्वारा लेखिएका विभिन्न गजल, मुक्तक हेर्दा सन्तज्ञान दिलदास पछिका केही प्रतिभाहहरूको अनुसरण गरेर सिर्जना गरेको पनि पाइन्छ । यी साहित्यकारलाई पूर्वजहरूको अनुसरण गर्ने साहित्यकार मान्न सकिन्छ । उनलाई परिष्कारोन्मुख शैली अपनाई विकृतिमाथि व्यङ्ग्य प्रहार गर्दै नैतिक सन्देश दिने कविका रुपमा लिन सकिन्छ ।

## ४.४ चरण विभाजनको औचित्य र आधार

मानिसका साहित्यिक यात्रामा विभिन्न मोड र घुम्तीहरू आउछन् । यस्ता विभिन्न मोड र घुम्तीहरूले स्रष्टाको सिर्जना र प्रवृतिमा परिवर्तन गर्न सक्छन् । ती मोडहरू देखिनमा विभिन्न कारणहरू पनि हुन सक्छन् । यसमा साहित्यकारको वरिपरिको वातावरण र जीवन भोगाइको महत्वपूर्ण भूमिका रहन्छ । प्रत्येक साहित्यकारका शुरुको अबस्था र प्रौढ अबस्थाका साहित्यिक दृष्टिकोणमा नै परिवर्तन पनि हुन सक्छ । अधिकारीको साहित्यिक यात्रा प्रारम्भमा गजल उन्मुख र केही पछि कवितातर्फ उन्मुख भएको हुँदा दुई चरणमा विभाजन गरिएको छ ।

### ४.४.१ प्रथम चरण (२०६९-२०७१)

शिव अधिकारीको गजलसङ्ग्रह धरतीको माटो(२०६९) प्रकाशन भएपछि गजलको प्रथम चरणको साहित्यिक यात्रा सुरु हुन्छ । यस चरणमा अर्को गजल धरतीको माटो (२०७१) पनि प्रकाशित भएको छ । अधिकारीको गजल यात्रालाई पहिलो चरण भनेर चर्चा गरिएको छ । शिव अधिकारीको साहित्यिक पहिलो सन्तानको रुपमा भने "यथार्थता" गजलसङ्ग्रहहरूलाई लिन सकिन्छ । यस सङ्ग्रहभित्र एक सय एक्काइस थान गजल रहेका छन् । अर्को गजल सङ्ग्रह "धरतीको माटो"मा एक सय बाइस थान गजल भएको पाइन्छ । यी गजलका विषयवस्तु उस्तै-उस्तै रहेका छन् जसमा राष्ट्र, राष्ट्रियता, संविधान सभा, राजनैतिक नेता, स्थानीय क्षेत्रमा भएका विकृति माथि आक्रोश पोखेर उनले गजल रचेका छन् । झण्डै एकदर्जन भन्दा बढी विषयवस्तुमा केन्द्रित रही गजल लेख्ने यस्ता महान गजलकार सायद कमै होलान् । विभिन्न साहित्यका विधाहरूमा सशक्त रुपले कलम चलाएर आफ्नो उदीयमान प्रतिभा प्रष्फुटित भएको उज्वल भविष्यको संकेत प्रथम चरणमा नै देखिएको छ ।

आफ्नो जीवनको करिब चार दशकजति शिक्षण पेशामा खर्चिएका अधिकारीले आफ्नो शिक्षण पेशाको उत्तरार्ध कालमा आएर साहित्यमा सशक्त रुपमा कलम चलाएको देखिन्छ । ३,४ वर्षको छोटो अबधिमै ३ वटा जति साहित्यिक कृति लेखन तथा प्रकाशन गर्नुले उनको साहित्यप्रतिको झुकाव टड्कारो रुपमा देख्न सकिन्छ । शिव अधिकारीका गजलकारिताको प्रथम चरणका विषेशताहरू निम्न रहेका छन् ।

१. शिव अधिकारीलाई समसामयिक सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्ने साहित्यकारका रुपमा लिन सकिन्छ ।

२. अधिकारीलाई श्रृङगारिकता प्रधान गजलकारका रुपमा पाइन्छ ।

### ४.४.२ दोस्रो चरण वि.सं. २०७२-हाल सम्म

शिव अधिकारीको "बुकी फूलको माला" फूटकर कविता २०७२ सालमा प्रकाशित भयो । यो मुक्तकमालामा एक हजार एक सय थुङ्गाको आ-आफ्नै विशेषता छ । श्रृङ्गारिकदेखि समसामायिक विषयवस्तु यस मालामा उनिएका छन् । यस मुक्तकमा पीडाको अभिव्यक्ति, नेताको भाषण, युवा विदेशिनु पर्ने व्यथा, गरिवीको व्यथा, प्रियता,

सामाजिक विकृति, संविधान लेख्नु पर्ने मान्यता यौनजन्य अपराध, चाडवाड, धर्म संस्कृति, नैतिक सन्देश, सहमति र सहीष्णुता जस्ता सबै पक्षको स्पर्शको अनुभव रचनामा पाइन्छ। यस चरणका अन्य विधाहरूमा वा प्रकाशोन्मुख अवस्थामा खिचडी (मिश्रित सङ्ग्रह) र अविस्मरणीय क्षणहरू (संस्मरण) रहेका छन्। यसरी हेर्दा अधिकारीको साहित्यिक यात्राको क्रम बढिरहेको हुँदा र अन्य आधारमा पनि विशिष्ट किसिमले चरण विभाजन गर्न सकिने राम्रो सम्भावना रहेको छ । यहाँ केवल विधागत आधारमा उनको साहित्यिक यात्राको चरणका प्रकाशित रचनाहरूको अध्ययन र विश्लेषण गरिएको छ। उनका दोश्रो चरणका रचनामा निम्नानुसार विषेशता पाउन सकिन्छ।

क) फूटकर कविताको रचना गर्ने सामर्थ्य कविमा देखिन्छ।

ख) समसामयिक विषयवस्तु र समाजलाई नैतिक सन्देश दिने कविका रुपमा उनलाई पाउन सकिन्छ।

ग) सहमति र समझदारी बढाई मिलेर वस्न जान्नुपर्छ भन्ने सन्देश दिने कविका रुपमा लिइन्छ।

## ४.५ शिव अधिकारीको साहित्यिक कृतिका आधारमा स्तर निर्धारण

साहित्यकारको स्तर निर्धारण गर्न आधार भनेकै उनीहरूका विभिन्न विधाका रचनाहरूको संख्यात्मक र गुणात्मक पहिचान हो । शिव अधिकारीका सङ्गृहीत कृतिहरूलाई अध्ययन र विश्लेषण गर्दा सङ्ग्रहीत कृतिहरू तीनवटा मात्र भए पनि प्रकाशोन्मुख अबस्थामा केही कृतिहरू रहेका र प्रकाशित कृतिमा गजलहरू र मुक्तक निकै वजनदार रुपमा रहेका छन्।

पूर्वी नेपालको इलाम जिल्लाका साहित्य स्रष्टासँग शिव अधिकारीलाई तुलना गर्दा यिनको स्थान मध्यम खालको देखिन्छ। ईलामका विष्णु नवीनले नेपाली साहित्यको कथा कविता र निबन्ध तीनवटै क्षेत्रमा कलम चलाएको पाईन्छ । समाजभित्रका विकृति र विसंगतिलाई स्वभाविक र सरल रूपमा प्रस्तुत गरी शोषण दमन र उत्पीडनप्रति तिखो व्यङ्ग्य प्रहार गर्नु र कतै कतै विद्रोहको स्वर समेत मुखरित हुनु उनका रचनाका विशेषता हुन् । (मुखिया : २०६८ पृ. २१) । विष्णु नवीन जस्ता अग्रज साहित्यकारले विभिन्न विधामा प्रस्तुत गरेको सामाजिक व्यङ्ग्य प्रस्तुत गर्ने परम्परालाई गजल एवं

मुक्तकको माध्यमबाट शिव अधिकारीले पूर्वजहरुको अनुसरण गर्दै गजल, मुक्तक रचनाको माध्यमबाट सामजिक विकृतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । गजल लेखनको परम्परामा आएको श्रृंगारिक भाव मात्र यस भित्र पाइदैन । मोतीराम भट्ट, भीमनिधि, शम्भुप्रसादका पालाका गजलहरू नेपाली पाठकका निम्ति अपरिचित सुन्दरी जस्ता थिए तर आधुनिक गजलकारहरू- ज्ञानुवाकर पौडेल, ललिजन रावल, बूँद राना, वियोगी वुढाथोकी, घनश्याम न्यौपाने आदिले परिवर्तन गर्दै ल्याएको नौलो बाटो नै कनीकुथी पछिल्लो पीढीले अपनाए सरह गजलकार शिव अधिकारीले पनि अपनाएका छन् ।

शिव अधिकारीको कर्मथलो इलाम जिल्ला भएकाले उनका अघिल्लो परम्पराका साहित्यकार सन्तज्ञान दिलदास, जगन्नाथ पौडेल, गोविन्द दास, घनश्याम परिश्रमी र समकालीन साहित्यकार, गंगाप्रसाद अधिकारी, हर्क रेग्मी, तारा धुर्कापानी, सीता आस्था ढुङ्गेल, सुमित्रा वाङदेल चेली जस्ता स्थानीय साहित्यकारहरूले उचित सुझाव, सल्लाह, परामर्श दिई साहित्यलेखनमा जोस जाँगर थपेर पूर्वी नेपालको साहित्यकारलाई मलिलो र बलियो बनाएको कुरा यिनै स्रष्टाहरुवाट पाउन सकिन्छ । अधिकारीका साहित्यिक स्रोत व्यक्तित्वहरूमा खोलाघरे साँहिलो, युद्धप्रसाद वैद्य, महेन्द्र विरही, प्रतिभा पौडेल, इन्द्रनारायण सुवेदी, कोमल निरौला, प्रभाकर पण्डित, दिवाकर भण्डारी, देवी गौतम, डाँडा घरे साईलो थिए । सल्लाह सुझाव र थप उर्जा थप्ने रामप्रसाद गुरागाई, डा. देवी क्षेत्री दुलाल थिए । यसरी हेर्दा गजलका क्षेत्रमा अधिकारी इलाम जिल्लाका सन्तज्ञान दिलदासलाई पछ्याउने कविका रुपमा लिन सकिन्छ भने मुक्तक (फुटकर कविता) का क्षेत्रमा आयामका दृष्टिले नेतृत्व लिने नेतृत्वकर्ताका रुपमा लिन सकिन्छ । त्यसैले इलाम जिल्लाका स्रष्टाहरूमध्ये शिव अधिकारीलाई तेस्रो दर्जाका साहित्यकार मान्न सकिन्छ ।

### पाँचौं परिच्छेद

# ५. शिव अधिकारीको साहित्यिक कृतिको अध्ययन

## ५.१ शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको अध्ययन

यथार्थता (२०६९) गजलकार शिव अधिकारीको पहिलो गजल सङ्ग्रह हो । शिक्षण शिकाइका क्रममा सिर्जना भएका रचनाहरू समय अभावका कारण २०६९ सालमा शिक्षण पेशावाट अवकास भएपछि वि.सं. २०७९ चैत्र महिनामा यो गजल सङ्ग्रह प्रकाशित भएको हो । यसमा १२१ वटा शीर्षक भएका गजलहहरू सङ्ग्रहीत छन् । यो गजलको प्रकाशनमा शिव अधिकारीका माहिला सुपुत्र ईश्वर अधिकारीले आफ्ना पिताको श्रृजना प्रकाशन गरेर पितृऋण चुकाएका छन् ।

यस गजल सङ्ग्रहमा यथार्थता भित्रको यथार्थ भन्ने शीर्षकमा रमेश शुभेच्छुले भुमिका लेखन कार्य गर्नुभएको छ भने इलाम सिंहनगरका स्व.चक्रपाणी पौड्यालले शुभकामना, विभागीय प्रमुख नेपाली विभाग म.र.व.क्याम्पस इलामका स्व.वुद्धि घिमिरेले गजलवारे वजनदार शव्दहरू प्रकट गर्नुभएको छ। शिव अधिकारीको यो यथार्थता नामको गजल सङ्ग्रह भित्रका गजलहहरूलाई निम्नानुसार विभाजन गर्न सकिन्छ।

| क्र.सं. | शुरुको सेरको मिसरा संख्या | बीचको सेरको मिसरा संख्या | अन्त्यका सेरको मिसरा संख्या | गजलका सेर | गजल संख्या | जम्मा सेरहहरू |
|---|---|---|---|---|---|---|
| १. | २ | २ | २ | ५ | २८ | १४० |
| २. | २ | २ | २ | ६ | ५ | ३० |
| ३. | २ | २ | २ | ५ | ३ | १५ |
| ४. | २ | २ | २ | ५ | १ | ५ |
| ५. | २ | २ | २ | ७ | १ | ७ |
| ६. | २ | २ | २ | ५ | २ | १० |
| ७. | २ | २ | २ | ५ | ६ | ३० |
| ८. | २ | २ | २ | ६ | ४ | २४ |
| ९. | २ | २ | २ | ५ | २ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | २ | २ | २ | ५ | ५ | २५ |
| ११. | २ | २ | २ | ५ | ३ | १५ |
| १२. | २ | २ | २ | ५ | २ | १० |
| १३. | २ | २ | २ | ५ | ७ | ३५ |
| १४. | २ | २ | २ | ५ | २ | १० |
| १५. | २ | २ | २ | ६ | १ | ६ |
| १६. | २ | २ | २ | ५ | १ | ५ |
| १७. | २ | २ | २ | ५ | ५ | ३० |
| १८. | २ | २ | २ | ५ | ५ | २५ |
| १९. | २ | २ | २ | ५ | १ | ५ |
| २०. | २ | २ | २ | ६ | ३ | १८ |
| २१. | २ | २ | २ | ५ | ३ | १५ |
| २२. | २ | २ | २ | ५ | ७ | ३५ |
| २३. | २ | २ | २ | ५ | २ | १० |
| २४. | २ | २ | २ | ५ | १२ | ६० |
| २५. | २ | २ | २ | ५ | १ | ५ |
| २६. | २ | २ | २ | ५ | ३ | १५ |
| २७. | २ | २ | २ | ५ | १ | ५ |
| २८. | २ | २ | २ | ५ | १ | ५ |
| २९. | २ | २ | २ | ५ | २ | १० |
| ३०. | २ | २ | २ | ५ | २ | १० |
| **जम्मा** | | | | | **१२१** | **६२७** |

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहभित्र रहेका गजलहहरूलाई मिसरा, सेर काफिया, मतला, मकता, रदिफ र भावका आधारमा तीस भागमा विभाजन गर्न सकिन्छ । यी तीस प्रकारका गजलहरूमध्ये प्रत्येक एक एक गजलको अध्ययन र विश्लेषण क्रमैसँग तल गरिएको छ ।

१. शिव अधिकारीको "यथार्थता" गजलको पहिलो गजलमा देशको राजनैतिक अवस्थाको तीव्र व्यङ्ग्य गरिएको छ । जसमा सत्तामा पुगेका नेताहरूले भक्कु भत्ता पचाएको र यही मौका छोपी अर्का थरिले रडाको मच्चाएको कुरालाई व्यङ्ग्य गरिएको छ । भ्रष्टाचारीलाई आड दिई कानुनी राज्यको खिल्ली उडाएको, जनता समक्ष यो गर्छौं, उ

गर्छौं भन्दै ढाँटी कठपुतली जस्तो नचाएको, आफ्ना ठुला-ठुला गल्तीहरू कोठामा पसी सच्याएको, एक थरी कुटे जस्तो, अर्को थरी रोएजस्तो गरी अनेक बहानामा षडयन्त्र गरेको कुरा उल्लेख गरिएको छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहहरू रहेका छन् । यस गजलमा पचाउँदै, मचाउँदै र वजाउँदैले काफियाको काम गरेको छ भने रदिफको काम 'छन्' ले गरेको छ । सरल भाषा शैली प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपूर्ण सेरहहरू यहाँ उल्लेख गरिएका छन् ।

एकथरी सत्ता वासी भक्कु भत्ता पचाउँदैछन्
अर्कोथरी मौका छोपी रडाको नै मच्चाउँदैछन्

कानुनको राज्यलाई खिल्ली उडाएर
भष्टचारीहरूलाई आड दिई बचाउँदैछन्

शिव अधिकारीको यथार्थता गजल सङ्ग्रह पृष्ठ संख्या ३०

२. शिव अधिकारीको यथार्थता गजलसङ्ग्रहको दोश्रो गजल यसो गन्दा उमेरले नामक गजलमा गजलकारले आफ्नो व्यक्तिगत जीवनको वारेमा लेखेका छन् । जसमा गजलकार साठी वर्ष पार भएका र विद्यालयसँगको सम्वन्ध दिगो भएको,स्कुलमा भर्खरै नाता लगाएको भए पनि चार दशक भएको कुरा उल्लेख गरिएको छ ।

यस गजलमा ६ सेरहरू रहेका छन् । छ वटै सेरमा दुई मिसराहरू रहेको पाइन्छ । यस गजलमा खाइ, लाइ, गाइ, दाइ, आइले काफियाको काम गरेको छ । सरल भाषाशैली प्रयोग गरिएको यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

यसो गन्दा उमेरले साठी वर्ष खाइएछ
विद्यालयसँगै निकै दिगो नाता लाइएछ

हिजो अस्ति जस्तै लाग्छ स्कुलमा नाता ला'को
क, ख, ग, घ एक दुई चार दशक गाइएछ

ऐजन पृष्ठ ३१

३.	शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको चौथो गजल “मायै-माया” गजलमा आमाको ममता भावका सेरहरू रहेका छन् । यस गजलमा आमाले माया गरेको, विध्नवाधा हटाएको, इच्छा, चाहना पूरा गरेको भाव गजलका सेरहरूबाट पाउन सकिन्छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसरा रहेको पाइन्छ । यस गजलमा गर्नुहुन्थ्यो, हर्नुहुथ्यो, भर्नुहुन्थ्यो, डर्न्नुहुन्थ्यो, लर्नुहुन्थ्यो, मर्नुहुन्थ्यो जस्ता काफिया रहेका छन् भने मेरीआमा शव्दले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलमा वर्ण विन्यास रखाइमा भने केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

मायै माया कति माया गर्नुहुन्थ्यो मेरीआमा
सारा पीर विध्नवाधा हर्नुहुन्थ्यो मेरीआमा

मैले घुर्की लगाउँदै नाना माग अघि सार्दा
इच्छा चाहनाका खाल्डा भर्नुहुन्थ्यो मेरीआमा

ऐजन पृष्ठ ३३

४.	शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको गजल ‘नानी वावु जाँगरले’ गजलमा सानोलाई अर्ति दिएको भाव पाउन सकिन्छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू पाउन सकिन्छ । यस गजलमा पढ्ने, लड्ने अड्ने जड्ने, वढ्ने, सड्ने जस्ता काफिया रहेका छन् भने गरे शव्दले रदिफको काम गरेको छ । सरल भाषा शैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

नानी बाबू जाँगरले बेलाछँदै पढ्ने गरे
नपढेर अल्छी भए सालसालै लड्ने गरे

मातापिता गुरुसँग असल शिक्षा दीक्षा लिँदै
विद्यारुपी जुहारले जीवनलाई जड्ने गरे

ऐजन पृष्ठ ३५

५. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहभित्रको गजल 'असल शिक्षक' बन्नलाई गजलमा शिक्षकले विद्यार्थीप्रति निभाउनुपर्ने भुमिकाको वारेमा उल्लेख गरिएको छ ।

यस गजलमा सात सेरहरू रहेका छन् । सातवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा पढाउनै, वढाउनै, चढाउनै, लडाउनै, ठड्याउनै, सडाउनै अडाउनै जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'पर्छ हजुर' पदावलीमा रदिफको सही प्रयोग भएको पाइन्छ । सरल भाषाशशैली प्रयोग भएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन गजलका केही महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

असल शिक्षक बन्नलाई पढाउनै पर्छ हजुर
विद्यार्थीको गुणस्तर वढाउनै पर्छ हजुर

ज्ञानहीन अचेतन बालबालिकाहरूलाई
उन्नतिको शिखरमा चढाउनै पर्छ हजुर

ऐजन पृष्ठ ३६

६. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको आठौ गजल 'गरिबका मनभित्र' गजलमा गरिबका व्यथा कस्तो हुन्छ भन्ने भावका सेरहरू रहेका छन् ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा आए, लाए, चाहे, खाए, गाए, जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'होलान' पदावलीले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलमा वर्ण विन्यास रखाइमा भने केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

गरिबका मनभित्र केके कुरा आए होलान्
बिचरालाई दबाउन के के कुरा लाए होलान्

खान लाउन शिर ओत्न, शिक्षा स्वास्थ्य चाहे पनि
सादा जीवन जिइ राछन् के पो त्यस्तो चाहे होलान्

ऐजन पृष्ठ ३७

७. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको नवौं गजल 'तालभित्र खेल्छु भन्थे' गजलमा जीवन सोच विपरित भएको कुरा उल्लेख गरिएको छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा पुवा, खुवा, रुवा, चुवा, जुवा जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'रै'छ' यहाँ पदावलीले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

तालभित्र खेल्छु भन्थैं कुवा मात्र रै'छ यहाँ
बम्बैसन जेरी ठान्थैं खुवा मात्र रै'छ यहाँ

सोचेकोथैं डसनामा ढसमस राज गरुँ
चकटीमा एक पावा रुवा रैछ यहाँ

ऐजन पृष्ठ ३८

८. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको एघारौं गजल "निरङकुशता ढाल्नलाई" गजलमा सहीदले देशप्रति गरेको बलिदान र उनीहरूलाई दुस्मनले गोली हान्दा छट्पटाएको अवस्थाको भाव गजलका सेरहरूमा रहेका छन् ।

यस गजलमा चार सेरहरू रहेका छन् । चारवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा खट्पटाए, छट्पटाए, फट्फटाए, भट्भटाए जस्ता काफिया रहेका छन् भने 'कठैवरा' शव्दले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

निरङ्कुशता ढाल्नलाई खट्पटाए कठैबरा
मरूँ बाँचूँ भन्दै कति छट्पटाए कठैबरा

दुष्मनले कव्जाभित्र बाँधी पाता फर्काएर
तातो गोली लाउँदा कति फट्फटाए कठैबरा

ऐजन पृष्ठ ४०

९. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको वाह्रौ गजल 'वर्ष दिनको चाड' गजलमा वर्ष दिनमा आउने चाडवाडलाई कसरी मनाउने, चाडवाडमा विकृति ल्याउन नहुने सन्देशको भाव गजलमा रहेका छन् ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा खेल्नै, ठेल्नै, पेल्नै, छेल्नै र झेल्नै जस्ता काफिया रहेका छन् भने 'पर्छ' शव्दले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

वर्ष दिनको चाड तिहार देउसी भैलो खेल्नै पर्छ
कार्तिकको ग्रह दशा दुइ चार पैसा ठेल्नै पर्छ

चाडवाड मान्ने निहुँमा विकृतिलाई फैलाएर
जुवा तास खेल्नेलाई प्रशासनले पेल्नै पर्छ

ऐजन पृष्ठ ४१

१०. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको चौधौं गजल 'सात महिनापछि' गजलमा देशले सात महिनामा मात्र प्रधानमन्त्री पाएको र नेपालीहरूमा खुसी छाएको कुरा उल्लेख गरिएको छ । देशमा संविधान वनाउनुपर्ने तर त्यस्तो संविधान आँखा छल्ने नभएर जनमुखी बनाउनुपर्ने यस गजलको भाव रहेको छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा पाएको, छाएको, बाएको, चाएको, आएको, गाएको जस्ता काफिया रहेका

छन् भने 'छ' शव्दले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

सात महिनापछि देशले प्रधानमन्त्री पाएको छ
नेपालीका चेहरामा रुन्चे हाँसो छाएको छ

जनताका आँखा छल्ने संविधान बन्ने हो कि
जनताले जनमुखी संविधान चाहेको छ

ऐजन पृष्ठ ४३

११. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको अठारौं गजल 'प्र.म. बन्न' गजलमा नेताहरूको चाहना कस्तो हुँदोरहेछ, प्रधानमन्त्री बन्न उम्मेदवारले कस्तो दौडधुप गर्नुपर्छ भन्ने भाव यस गजलमा रहेको छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा फाटि, ढाँटि, बाटि, चाटि, काटि, साटि जस्ता शव्दावलीले काफियाको काम गरेको छ भने 'सके' पदावलीले रदिफको सही प्रयोग भएको पाइन्छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइन्दैन । गजलका केही महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

प्र.म. बन्न सेका लुगा मन्त्री नभइ फाटिसके
प्रधानमन्त्री बन्न मलाई सबै दलले ढाँटिसके
यताभन्दा यतै कुद्छु, उताभन्दा उतै कुद्छु
मौकै नदी सुल्क्याउने तानाबाना बाटिसके

ऐजन पृष्ठ ४७

१२. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको विसौं 'हेर्दा सङ्ला' गजलमा खोयाबिर्के, रम, ह्विस्कीले मानिसलाई के गर्दछ भन्ने उल्लेख गरिएको पाइन्छ । यस्तो मदिरा सेवनले सम्पति ढुट्याउने, नालीतिर लरखराउँदै टाउको ठटाउने, अलिअलि खाएपछि जे सुकै बोल्ने जस्ता खराबीको जस्ताको तस्तै उतार्ने कोशिस गरेको पाइन्छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा ठड्याउने, ढुट्याउने, लठ्याउने, पट्याउने, भट्याउने जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'बानी हजुर' पदावलीले रदिफको काम गरेको पाइन्छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

हेर्दा सङलो कति राम्रो ढड्याउने पानी हजुर
थोरै मात्र प्रयोग गरे लठ्याउने बानी हजुर

सानाठुला सोझा बाठा जस्तै व्यक्ति व्यक्तित्व होस्

अलिकति लाए जे जे भट्याउने बानी हजुर

ऐजन पृष्ठ ४९

१३. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको चौविसौं गजल 'नारीलाई आदर्श' गजलमा नारी पुरुष एकै रथका दुई पाङग्रा हुन्, नारीलाई आदर्शको प्रतीक मान्नुपर्ने, महिला हिंसा गर्न नहुने, महिलामाथि दुराचार गर्नेलाई कारवाही गर्नुपर्ने भाव गजलका सेरहरूमा पाउन सकिन्छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा मान्ने जान्ने ठान्ने छान्ने, तान्ने, हान्ने जस्ता काफिया रहेका छन् भने गरौं शव्दले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलमा वर्ण विन्यास रखाइमा भने केही त्रुटि पाउन सकिन्छ । यस गजलका केही महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

नारीलाई आदर्शका प्रतीक नै मान्ने गरौं
नारी हाम्रो अन्धकारका दीप भनी जान्ने गरौं

केही हुन्न पुरुष मात्रै जतिसुकै कुर्ले पनि
नारी पुरुष एकै रथका दुई पाङग्रा ठान्ने गरौं

ऐजन पृष्ठ ५३

१४.	शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको पच्चिसौं गजल 'रङगीचङ्गी' गजलमा बन्द हड्ताल समस्याको समाधान होइन भन्ने भाव गजलका सेरहरूवाट पाउन सकिन्छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा काला, ताला, चाला, पाला, माला, भाला, जस्ता काफिया रहेका छन् भने 'होइन हजुर' शव्दले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलमा वर्ण विन्यास रखाइमा भने केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

रङ्गीचङ्गी धेरै नै छन् काला मात्र होइन हजुर
समस्याको समाधान ताला मात्र होइन हजुर

जसै मिली समस्याको अन्त्य गर्ने पर्छ भने
राम्रोभन्दा खराब सुन्ने चाला मात्र होइन हजुर

ऐजन पृष्ठ ५४

१५.	शिव अधिकारीको यथार्थता गजलसङ्ग्रहको गजल "पढ्ने बेला" गजलमा गजलकारले विद्यार्थी जीवनको कमजोरीलाई देखाएका छन् । पढ्ने बेलामा खोला खोल्सा धाएर माछा मारेको बाआमाले पढ भन्दा ढाँटी छलि हिडेँको भाव गजलका सेरहरूबाट पाउन सकिन्छ ।

यस गजलमा ६ सेरहरू रहेका छन् । छवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा धाइयो, पाइयो, लाइयो, खाइयो जस्ता पदावलीले काफियाको काम गरेको छ भने "हजुर" पदावलीले रदिफको काम गरेको पाइन्छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

पढ्ने बेलाँ खोला खोल्सा माछा मार्न धाइयो हजुर
पढ्नु पर्छ भन्ने कुरा बल्ल थाहा पाइयो हजुर

माछो माछो भ्यागुत्तो भो भ्यागुत्तो नै उफ्री गयो
स्कुलबाट भागी भागी माछा मार्न धाइयो हजुर

ऐजन पृष्ठ ५५

१६. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको सैतिसौँ गजल "चमेलीले चाहीलाई" गजलमा माया प्रेममा हुने जालझेलको भाव गजलाका सेरहरूबाट पाउन सकिन्छ । यस गजलमा चमेलीले जाहीलाई माया लाएको जस्तो गरी एउटा छोडी अर्कोलाई पनि माया गरेको झूटो प्रेम यस गजलमा उल्लेख गरिएको पाइन्छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा हेर्दो, बेर्दो, केर्दो, घेर्दो, फर्दो, सेर्दो जस्ता पदावलीले काफियाको काम गरेको छ भने "रै'छ" पदावलीले रदिफको काम गरेको पाइन्छ । सरल भाषाशैली प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

चमेलीले जाहीलाई कर्के नजर हेर्दो रै'छ
एकान्तमा भेट भए अँगालोमा बेर्दो रै'छ

एउटा छोडी अर्कोलाई अर्को छोडी अर्कैलाई
चेप्रे पारी दिनदिनै माया गाँस्ने फेर्दो रै'छ

ऐजन पृष्ठ ६६

१७. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको गजल "संघियता संविधान" गजलमा देशमा संविधान निर्माण गर्ने काममा ढिलाई भइरहेको, देशमा झैं-झगडा भईरहेको, नेपालीको भाग्यरेखा कोर्ने समय त्यतिकै व्यतित भइरहेकाले नेपाली जनताले शान्ति पाउनुको सट्टा नेपालीलाई धोका दिएको प्रति व्यङ्ग्य प्रहार गरेको भाव गजलका सेरहरूबाट पाउन सकिन्छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसरा रहेका छन् । यस गजलमा टार्ने, हार्ने, बार्ने, झार्ने, सार्ने, मार्ने जस्ता पदावलीले काफियाको काम गरेको छ भने "भएको छ" पदावलीले रदिफको काम गरेको छ । सरल भाषाशैलीको

प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

सङ्घीयता संविधान टार्ने काम भएको छ
निमुखा यी जनताहरू हार्ने काम भएको छ

यौटा भन्छ पहिचान अर्को भन्छ जातीयता
चारैतिर थुन्ने, छेक्ने बार्ने काम भएको छ

ऐजन पृष्ठ ७४

१९. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको सतचालिसौं गजल मध्यतरात "ढिकी कुट्नू" गजलमा पहिलाको पूरानो चलनको भाव यस गजलका सेरमा पाउन सकिन्छ । अघिको समयमा मध्यरातमा ढिकी कुट्नु पर्ने, घरबेसी गर्दा भारी बोक्नु पर्ने, बिहानको भाले बास्दा काम सबै सक्नु पर्ने, बिहान देखि रातिसम्म काम गर्नुपर्ने कुरा यस गजलले देखाउन खोजेको छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा पिन्नु, हिन्नु, छिन्नु, भिड्नु, चिन्नु जस्ता काफिया छन् भने 'पर्थ्यो' ले रदिफको काम गरेको छ । सरल भाषाशैली प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

मध्यरात ढिकी कुट्नु जाँतो पनि पिन्नु पर्थ्यो
मरीकुस्ती भारी बोकी लेकबेँसी हिन्नु पर्थ्यो ।

परिवारका सदस्यको सधैँ चित्त बुझाउन
बिहानको भाले बास्दा धन्दा सबै छिन्नु पर्थ्यो ।

ऐजन पृष्ठ ७६

१९. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको सन्ताउन्नौ गजल जुनदिनदेखि मैले तिम्रो गजलमा गजलकारले असल जीवनसंगी पाएको कुरा उल्लेख गरेका छन् । जीवनमा असल मार्ग देखाउने प्रियाको बारेमा लेखेका छन् ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा हात, साथ, माथ, रात, बात,  गाथ, काफिया रहेका छन् भने "पाएँ प्रिया"ले रदिफको काम गरेको पाइन्छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छ । सरल भाषाशैली प्रयोग गरिएको यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

जुनदिनदेखि मैले तिम्रो हात पाएँ प्रिया
त्यसदिनदेखि मैले तिम्रो साथ पाएँ प्रिया

मेरो नौलो जीवनमा असल मार्ग देखाउने
सुझबुझ सधैं भाको तिम्रो माथ पाएँ प्रिया

ऐजन पृष्ठ ८५

२०. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको अन्ठाउन्नौं गजल "बेरोजगारीहरूलाई" गजलमा रोजगार नपाउदाको अवस्था कस्तो हुन्छ भन्ने गजलको भाव रहेको छ । पैसा कमाउन पनि काम नै चाहिने काम नगरी बिहान वेलुका छाकटार्न गाह्रो भएको कुरा यस गजलमा उल्लेख गरिएको पाइन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा दाम, काम, ठाम, धाम, गाम, माम जस्ता काफिया रहेका छन् भने "आपद भो" ले रदिफको काम गरेको छ। यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

बेरोजगारीलाई दाम बिना आपद भो
त्यही दाम कमाउन काम बिना आपद भो

दाम, काम, ठाम, गाम केही पनि नपाउँदा
साँझ बिहान हाम गर्ने माम बिना आपद भो

ऐजन पृष्ठ ८७

२१. शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको छैसट्ठीऔं गजल “कार्यालय भित्र प्राय” गजलमा गजलकारले कार्यलयको विकृतिलाई जस्ताको तस्तै उतारेका छन् । कार्यलयमा काम गर्न नबस्ने मान्छे हेरेर काम हुने, काम गर्नु पर्नेमा गाली दिने, एक घण्टाको कामलाई दिनहुँ कुर्नै पर्ने जस्ता विकृति छन् भन्ने भाव गजलका सेरहरूबाट पाउन सकिन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा खाली, मुहाली, गाली, जाली, काकताली, डाली जस्ता काफिया रहेका छन् भने “हुँदोरै’छ” शब्दले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलमा वर्ण विन्यास रखाइमा भने केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

कार्यालय भित्र प्राय कुर्सी खाली हुँदोरै’छ
कर्मचारीज्यूको हाली मुहाली नै हुँदोरै’छ

टेवलका फायलहरु तल माथि सर्दा रै’छन्
व्यक्ति हेरी काम हुने यहाँ जाली हुँदोरैछ

ऐजन पृष्ठ ९५

२२. शिव अधिकारीको “यथार्थता” गजलसङ्ग्रहको त्रिहतरौं गजल “दिन पुगे पछि” गजलमा कालमहिमाको भावका सेरहरू यस गजलमा रहेका छन् । यस गजलमा काल आएपछि कसैलाई छोडदैन, नाता मान्दैन, शरण परे विन्ति गरे पनि कालले नछोड्ने कुरा यस गजलका सेरवाट पाउन सकिन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा छोड्दैन, मोड्दैन, जोडदैन, तोड्दैन, फोड्दैन, ओड्दैन जस्ता काफिया रहेका छन् भने ‘नि’ शब्दले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । यस गजलमा वर्ण विन्यास रखाईमा भने केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपुर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

दिन पुगेपछि काल कसैलाई छोड्दैन नि
तल माथि दायाँवायाँ एक इन्च मोड्दैन नि

हप्काइ र धम्काइमा भेदभाव गरीकन
लोलोपोतो गरी नाता कसैसँग जोड्दैन नि

ऐजन पृष्ठ १०२

२३. शिव अधिकारीको "यथार्थता" गजलसङग्रहको सतासिऔं गजल "आफ्नै इच्छा भन्दै" गजलमा संस्कृति जोगाउनुपर्छ भन्ने भाव गजलमा सेरवाट पाउन सकिन्छ । यस गजलमा आफ्नो इच्छा भन्दै विदेशी संस्कृति भित्राउनु हुदैन् । यस्तो संस्कृतिलाई समाजले सहन सक्दैन, लाज हुने गरी लुगा लाउनु हुदैन आफ्नै इज्जत जान्छ भन्ने भाव यस गजलका सेरहरूवाट पाउन सकिन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा भएन, गएन, रहेन, कहेन, सहेन, जस्ता काफिया रहेका छन् भने 'नि' शब्दले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । सरल भाषाशैली प्रयोग गरिएका गजलमा महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

आफ्नै इच्छा भन्दै छोटो वस्त्र लाउनु भएन नि
आफ्नै इज्जत जान्छ हेर अरूको त गएन नि

कमसेकम पहिरन लाज ढाक्ने गरी लाऊ
संसारले थुक्क भन्दा आफ्नै इज्जत रहेन नि

ऐजन पृष्ठ ११६

२४. शिव अधिकारीको "यथार्थता" गजलसङग्रहको एक्कानव्वेऔं गजल 'आउ भानु छिट्टै' गजलमा गजलकारले आदिकवि भानुभक्त आचार्यलाई गजलका माध्यमवाट बोलाएको भाव गजलका सेरवाट झल्किएको छ । यस गजलमा रामायणका श्लोकहरू हराएको र पप, र्‍याप, डिस्कोलाई मान्यता दिएको, विदेशको नक्कलले भानुको लय गाली भएको भाव गजलका सेरहरूवाट पाउन सकिन्छ ।

यस गजलका पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा खाली, ताली, गाली, नाली, डाली जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'भयो' पदावलीले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपुर्ण केही सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

आउ भानु छिट्टै तिमी तिम्रो ठाउँ खाली भयो
पप र्‍याप डिस्कोलाई मात्र यहाँ ताली भयो

भाकाहाली गाउने ती तिम्रा श्लोक हराएर
साहित्यको भण्डार यो साँच्चै रित्तो पाली भयो

ऐजन पृष्ठ १२०

२५. शिव अधिकारीको "यथार्थता" गजलसङ्ग्रहको छ्यानब्बेऔं गजल "रङ्गीचङ्गी कति लाउनु" गजलमा परिस्थिति अनुसार चल्न सिक्नुपर्छ भन्ने भाव गजलका सेरहरूमा पाउन सकिन्छ । यस गजलमा आफ्नो क्षमता योग्यता कस्तो छ सोही अनुसार चल्नु पर्छ । अरुको देखासिकी गरेर मात्र हुदैन अवकात अनुसारको व्यवहार देखाउनुपर्छ भन्ने भाव यस गजलका सेरबाट पाउन सकिन्छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा काला, माला, भाला, ताला, टाला, बाला, जस्ता पदावलीले काफियाको काम गरको छ भने "लाउनुपर्छ" पदावलीले रदिफको सही प्रयोग भएको पाइन्छ । सरल भाषाशैलीको प्रयोग गरिएको गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

रङ्गीचङ्गी कति लाउनु काला पनि लाउनुपर्छ
मूल्याङ्कन गरेर नै माला पनि लाउनुपर्छ

आफ्नो घाँटी अनुसार हाड निल्नु साँचो रै'छ
कैले पुग्छ सधैं नयाँ टाला पनि लाउनुपर्छ

ऐजन पृष्ठ १२५

२६.	शिव अधिकारीको यथार्थता गजल सङ्ग्रहको सयौ गजल "नयाँ पेन्ट प्वाल" गजलमा युवाहरूको वास्तविक जीवनसँग मेलखाने भावका सेरहरू पाउन सकिन्छ । अहिलेको युवा पिडीले पेन्टहरू प्वाल पारी लाउने, केश पाल्ने, तुन्द्री मुन्द्री लाउने, खोयाबिर्के लाउने जस्ता विकृतिहरूलाई तिखो व्यङ्ग्य प्रहार गरेको भाव गजलका सेरमा छ ।

यस गजलमा पाँच सेरहरू रहेका छन् । पाँचवटा सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा टाल्नु, पाल्नु, बाल्नु, ढाल्नु जस्ता पदावलीले काफियाको काम गरेको छ भने "परेको थ्यो" पदावलीले रदिफको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

नयाँ पेन्ट प्वाल पारी किन टाल्नु परेको थ्यो
पैन्टमाथि हाफ्पैन्ट किन हाल्नु परेको थ्यो

झ्याम्ले केस, बोके दाह्री, तुन्द्री मुन्द्री झुण्ड्याएर
निगालेका जस्ता नङ्ग्रा किन पाल्नु परेको थ्यो

ऐजन पृष्ठ १२९

२७.	शिव अधिकारीको "यथार्थता" गजल सङ्ग्रहहरूको एकसय नब्बे औं गजल "गर्न सके असल काम" गजलमा गजलकारले नेताहरूलाई अर्ति दिएको भावका सेरहरू पाइन्छ । यस गजलमा आफूले असल काम गर्न सक्छौं भने ठिकै छ नत्र अघि नसर, आफू जस्तै अरु सम्झेर निमुखाको दुःख कष्टलाई नास गर, हिम्मत भए महासागर पनि तरिन्छ भन्ने आँट दिएका भाव उल्लेख गरिएको छ ।

यस गजलमा सातवटा सेरहरू रहेका छन् । सातवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा गर, सर, हर, लर, झर, तर, मर जस्ता पदावलीले काफियाको काम गरेको छ भने "तुरुन्तै" पदावलीले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलका महत्वपुर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

गर्न सके असल काम गर तुरुन्तै
नसक्ने भा पछिल्तिर सर तुरुन्तै

अर्ति गाली जे भने नि दिन्छु यति नै
भ्रष्टचारी बन्छौ भने मर तुरुन्तै ।

ऐजन पृष्ठ १३७

२८. शिव अधिकारीको "यथार्थता" गजलसङ्ग्रहहरूको एकसय एघारौँ गजल "अपराधी छान" गजलमा अपराधीलाई जन्मकैद गर्नुपर्छ भन्ने भाव भएका सेरहरू रहेका छन् । यस गजलमा यौन जन्य अपराधीलाई दिन रात नभनी बाटो कुरेर पत्ता लगाई जन्मकैद गर्नसके मात्र यौन अपराध रोक्न सकिन्छ भन्ने भाव भएका सेरहरू रहेका छन् ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरहरूमा दुई मिसराहरू रहेका छन् । यस गजलमा छान, बान, ठान, जान, तान, हान जस्ता पदावलीले काफियाको काम गरेको छ भने "तुरुन्तै" पदावलीले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलमा वर्ण विन्यास रखाइमा भने केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

यौनजन्य अपराधी छान तुरुन्तै
हतकडी लगाएर बान तुरुन्तै

कानुनको नजरमा पुष्टि भएमा
जन्मकैद कि त तारो हान तुरुन्तै ।

ऐजन पृष्ठ १३९

२९. शिव अधिकारीको गजल सङ्ग्रह भित्रको एकसय विसौं गजल "आफैँ आफैँ बीच" गजलमा राजनितिक द्वन्द्वका कारणले बन्द हड्ताल हुँदा संविधान लेख्ने कुरा अधुरो भएको, विकास कार्यमा ढिलासुस्ती, दैनिक जीवनमा नकारात्मक असर पारेको भाव भएका सेरहरू रहेका छन् ।

यस गजलमा चारवटा सेरहरू रहेका छन् । चारवटै सेरहरूमा दुई मिसराहरू रहेका छन् । यस गजलमा द्वन्द्व, गन्ध, मन्द, बन्द जस्ता पदावलीले काफियाको काम गरेको छ भने "अति भयो" पदावलीले रदिफको काम गरेको छ । यस गजलमा

तखल्लुसको प्रयोग भएको पाइदैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

आफै आफै बिच सधैँ द्वन्द पनि अति भयो
कुहिसक्यो राजनीति गन्ध पनि अति भयो

हिँड्दा, बस्ता, खाँदा, खेल्दा रातदिन भोलि पर्सि
केही गर्न नपाइने बन्द पनि अति भयो

ऐजन पृष्ठ १४८

३०. शिव अधिकारीको यथार्थता गजलसङ्ग्रह भित्रको एकसय एक्काईसौँ गजल “पिलपिल नगरेर”गजलमा छोरीको जातले अर्काको घरमा जानुपर्ने बाध्यताको भाव गजलका सेरमा पाउन सकिन्छ । यस गजलमा आफू जन्मिएको घरलाई छोडेर पराइको घर हाँसी मुख जाउ, घरका चाडबाड आउँदा फर्केर आउ, मिठो बोली वचनले सबैलाई आदर गर जस्ता सन्देशमुलक भावका सेरहरू यस गजलमा पाइन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा जाऊ, आऊ, छाऊ, खाऊ, पाऊ जस्ता पदावलीले काफियाको काम गरेको छ भने “छोरी” पदावलीले रदिफको काम गरेको पाइन्छ । यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । सरल भाषाशैली प्रयोग गरिएको यस गजलमा वर्णविन्यास रखाईमा केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

पिलपिल नगरेर हाँसी मुख जाऊ छोरी
जन्मघर छोडी अब कर्मघर जाऊ छोरी

आफू जन्मी हूर्किएको माइतीघर सम्भिmएर
भेटघाट चाडवाड विदा मागी आऊ छोरी

ऐजन पृष्ठ १४९

## ५.२ “यथार्थता” गजल सङ्ग्रहको निष्कर्ष

नेपालको पूर्वी पहाडी क्षेत्र इलाम जिल्लाका सशक्त कवि शिव अधिकारी राष्ट्रिय स्तरमा नाम चलेका धेरै गजलकार बीच अटाएका र शिक्षण पेशा गर्दै पारिवारिक रथलाई चलाउदै आएका र फुर्सदको समयमा साहित्यका विभिन्न विधाहरूमा कलम चलाउन तत्पर रहने गजलकार हुन् । उनको यथार्थता (२०६९) पहिलो गजल सङ्ग्रह हो । नेपाली समाजमा आँखा अगाडि देखिएका विविध विषयवस्तुहरूलाई गजलका माध्यमबाट सारा पाठकहरू बीचमा पुऱ्याउन सफल अधिकारीको गजलसङ्ग्रहमा जम्मा १२१ वटा लामा छोटा गजलहरू रहेका छन् । यसमा ४ देखि ७ सेर सम्मका गजलहहरू यसमा सङ्ग्रहीत छन् । राष्ट्र, राष्ट्रियता, संविधानसभा, राजनैतिक नेता, स्थानीय क्षेत्रमा भएका विकृति, राजनैतिक विसङ्गति, वैयक्तिक जीवन यथार्थको उद्‌घाटन, आर्थिक विषमताका उद्धिपन, प्रेम प्रणय, बाल शिक्षा, उपदेशात्मक, अग्रज स्रष्टाप्रति सम्मान, सहीदप्रतिको सम्मान, नेपाली चाडपर्व र सांस्कृतिक उद्‌घाटन, मृत्युवोध, नारी चेतना आदि विविध पक्षलाई समेटेर गजल रचना गरेर सुधारात्मक सन्देश दिएको पाइन्छ ।

जीवनमा जे जस्ता समस्याहरू आइ लागे पनि आफ्नो कर्ममा विश्वास राख्नुपर्ने साथै कर्मबाट पछि हट्न नहुने, देश बचाउनका लागि जे-जस्ता काम गर्नु परे पनि पछि हट्नु नहुने राजनैतिक व्यङ्ग्य प्रहार गरिएका भाव उनका प्रसस्तै गजलहरूमा रहेका छन् ।

यस सङ्ग्रहका गजलहरूलाई वर्गीकरण गर्दा मोटामोटी रुपमा राजनीतिक विसङ्गति, वैयक्तिक जीवनको यथार्थ, सहीदप्रतिको सम्मान, नारी चेतना, नेपाली चाडपर्व र सांस्कृतिक पक्ष, मृत्युवोध, बाल शिक्षा, प्रेम प्रणय, आर्थिक विषमताको उद्‌घाटनसँग सम्बन्धित गजलहरू पाउन सकिन्छ । नेपालमा सत्तामुखी गुट, फुट जस्ता स्वार्थी प्रवृत्ति हटाउनु पर्ने, समाजमा गणतन्त्र भएपनि राजनैतिक प्रभाव सकारात्मक हुनुपर्ने, अग्रज श्रद्धाप्रतिको सम्मान हुनुपर्ने, शहिदप्रतिको सम्मान देखाउनु, नारी हिंसा विरुद्धमा आवाज उठाउनु पर्ने जस्ता मूलभाव रहेका गजलहरू यसभित्र पाउन सकिन्छ ।

हाम्रो देश नेपाल शान्तिको देश हो । त्यसैले देशमा राजनैतिक गरेर देश डुबाउनु हुन्न, नेपालीको पहिचान गराउन सिक्नुपर्छ । नेपाल र नेपालीहरूको चाहाना अनुसार देशको शासनसत्तामा बसेकालाई फर्केर हेर्न  आग्रह गरिएका र सही दिशा निर्देश गर्नु पर्ने मूल सन्देश रहेका गजलहरू समेत पाउन सकिन्छ यो गजल सङ्ग्रहमा । अधिकारीका

अधिकांश नेपालका राजनीतिक विसङ्गतिको चित्र उतारिएको छ । यी शिव अधिकारीका भावना मात्र नभएर सारा नेपालीका साझा भावना बनेर देखिएका छन् । तिथि मिति सहीत हेर्ने हो भने यहाँ नेपालका राजनीतिक कमजोरीहरूको यथार्थ श्रृङ्खला बन्न सक्ने अवस्था देखिन्छ । कुर्सी, सत्ता, पद र पैसामुखी राजनीतिले नेपाललाई कमजोर बनाउन थालेको र देशले असल नेतृत्व पाउन नसकेको यथार्थ उद्घाटनमा अधिकारी निकै सफल देखिन्छन् । अधिकारीको प्रस्तुत सिर्जनात्मक विसङ्गतिको पाटो पहिल्याउन सके नेपालको राजनीति क्षेत्र कति पवित्र बन्थ्यो होला ! एक सय एक्काइसवटा गजलहरू रहेको यस गजल सङ्ग्रहमा गजलको विधान अनुसार नै गजलका तत्वहरू मिसरा, सेर (मतला र मकता), काफिया र रदिफ रहेका छन् भने सबै गजलहरूमा तखल्लुसको प्रयोग गरिएको छैन ।

## ५.३ धरतीको माटो गजल सङ्ग्रहको अध्ययन

शिव अधिकारीको अर्को उत्कृष्ट गजल धरतीको माटो (२०७१) हो । यस गजलमा एकसय बाइस वटा शीर्षक नभएका गजलहरू सङ्ग्रहीत छन् । अघिल्लो गजलको विषयसँग प्रस्तुत सङ्ग्रहको थुप्रै समान विशेषता छन्, तर शब्द, भाव र परिवेश पृथक छन् । आवृति छापाखानाबाट मुद्रण गरिएको यो गजल सङ्ग्रह ११६ पृष्ठमा संरचित रहेको छ । यस गजल सङ्ग्रहको छपाई आँखा विकास पत्रिकाले १००० प्रति स-शुल्क छपाई गरि सहयोग गरेको थियो ।

यस गजल सङ्ग्रहमा स्रष्टाको गजल कर्मलाई सलाम शीर्षकमा डा.देवी क्षेत्री दुलालले भुमिका लेखन कार्य गर्नुभएको छ भने स्व:प.चक्रपाणी पौड्यालले शुभकामना दिनु भएको छ । शिव अधिकारीको यो धरतीको माटो नामको गजल सङ्ग्रहभित्रका गजलहरूलाई निम्न अनुसार विभाजन गर्न सकिन्छ ।

| क्र.स | सुरुको सेरको मिसरा सङ्ख्या | बीचका सेरको मिसरा सङ्ख्या | अन्त्यका सेरको मिसरा सङ्ख्या | गजलका सेरहरू | गजल सङ्ख्या | जम्मा सेरहरू |
|---|---|---|---|---|---|---|
| १ | २ | २ | २ | ५ | ८ | ४० |
| २ | २ | २ | २ | ७ | ४ | २८ |
| ३ | २ | २ | २ | ५ | २ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | २ | २ | २ | ५ | २१ | १०५ |
| ५ | २ | २ | २ | ५ | २ | १० |
| ६ | २ | २ | २ | ५ | ४ | २० |
| ७ | २ | २ | २ | ५ | ५ | २५ |
| ८ | २ | २ | २ | ५ | ९ | ४५ |
| ९ | २ | २ | २ | ५ | ६ | ३० |
| १० | २ | २ | २ | ५ | ९ | ४५ |
| ११ | २ | २ | २ | ५ | ३ | १५ |
| १२ | २ | २ | २ | ५ | ४ | २० |
| १३ | २ | २ | २ | ५ | २ | १० |
| १४ | २ | २ | २ | ५ | १ | ५ |
| १५ | २ | २ | २ | ५ | ४ | २० |
| १६ | २ | २ | २ | ५ | ३ | १५ |
| १७ | २ | २ | २ | ५ | ५ | २५ |
| १८ | २ | २ | २ | ५ | ४ | २० |
| १९ | २ | २ | २ | ५ | २ | १० |
| २० | २ | २ | २ | ५ | २ | १० |
| २१ | २ | २ | २ | ५ | ३ | १५ |
| २२ | २ | २ | २ | ५ | ५ | २५ |
| २३ | २ | २ | २ | ५ | ८ | ४० |
| २४ | २ | २ | २ | ५ | ६ | ३० |
| **जम्मा** | | | | | १२२ | ६१८ |

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्र रहेका १२२ वटा गजलहरूलाई मिसरा, सेर, काफिया, मकता, रदिफ र

भावका आधारमा चौबिस भागमा विभाजन गर्न सकिन्छ । यी चौविस प्रकारका गजलहरूमध्ये प्रत्येक एक-एक गजलको अध्ययन र विश्लेषण क्रमैसँग तल गरिएको छ ।

१. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको पहिलो गजलमा देशमा संविधान लेख्नैपर्छ भन्ने भावका सेरहरू रहेका छन् । यस गजलमा नेताहरूले जनतालाई टार्दै अघि बढेका र जनता सबै मिलेर घुँडा टेकाई राष्ट्रलाई संकटबाट छुटकारा दिनुपर्छ, नेपाल र नेपालीको भलाइका लागि संविधान लेख्नैपर्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा छेक्नैपर्छ, टेक्नैपर्छ, थेग्नैपर्छ, सक्नैपर्छ, लेख्नैपर्छ जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'पक्का अब'ले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । गजलका महत्वपूर्ण केही सेरहहरू यहाँ उल्लेख गरिएका छन् ।

जुट सबै नागरिक छेक्नैपर्छ पक्का अब ।
संविधान लेख्न नेतृत्वले घुँडा टेक्नैपर्छ अब ।

लाखे लाखे भन्दै यहाँ टार्न कहाँ पाइन्छ र
नेतृत्वले राष्ट्रलाई थेग्नैपर्छ पक्का अब ।

शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रह पृष्ठ सङ्ख्या १३ ।

२. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रह भित्रको तेश्रो गजलमा धर्ती-माटोको महिमा भएका भावका सेरहरू रहेका छन् । यस गजलमा धरतीको माटोसँग मायाप्रिति लगाउँदै यहि उब्जिएको खानेकुरा खादै, हिमाल, पहाड जता गई बसेपनि माटोको गीत लेख्दै रमाएको र रातदिन माटोमा हात खियाएर काम गर्दै स्वर्ग गए पनि यहि माटो सम्झी आउने प्रण गजलकारले यस गजल मार्फत् उल्लेख गरेका छन् ।

यस गजलमा सातवटा सेरहरू रहेका छन् । सातवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा लाइन्छ, खाइन्छ, गाइन्छ, पाइन्छ, धाइन्छ, चाहिन्छ, जाइन्छ, आइन्छ जस्ता काफिया रहेका छन् भने 'नि' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको

प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । गजलका महत्वपूर्ण केही सेरहहरू यहाँ उल्लेख गरिएका छन् ।

धरतीको माटोसँगै मायाप्रिती लाइन्छ नि ।
यै माटोमा उब्जिएका सिधो पिठो खाइन्छ नि ।

हिमाल पहाड तराईमा जहाँ गई बसे पनि
यै माटोको गीत लेखी रमाएर गाइन्छ नि ।

ऐजन पृष्ठ १४-१५

३. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको पाँचौ गजलमा गजलकारले बिलौना गरेको भाव रहेका सेरहरू पाउन सकिन्छ । यस गजलमा घरको ठुला मान्छेलाई कतै हिड्दा गए भन्ने गरिन्छ तर यहाँ त्यसको विपरित भएको छ । बृद्धबृद्धालाई मानमर्यादा नगर्ने कुरा यस गजलमा छर्लङ्ग भएको पाइन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा गनि, भनि, खनि, जानि, बुजि, कनि जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'एन' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा 'मलाई' शब्दले तखल्लुसको काम गरेको छ । गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको  छन् ।

घरको म बुढोपाको मलाई त गनिएन ।
जाने बेलाँ गएँ अब सम्म पनि भनिएन ।

कर्मदान पनि गरें श्रमदान पनि गरें
मेरालागि कतै जाने बाटो सम्म खनिएन ।

ऐजन पृष्ठ १६-१७

४. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको छैटौं गजलमा नेताहरूको बानी कस्तो हुन्छ भन्ने भावका सेरहरू उल्लेख गरिएका छन् । अधिकारीका अधिकांश

गजलमा नेपालको राजनीतिक विसङ्गतिको चित्र उतारिएको छ । नेताहरूले जनतालाई पहिला अनेक राम्रा राम्रा आश्वासन दिने र पछि सत्तामा पुगेपछि वेवास्ता गर्ने प्रवृतिप्रति व्यङ्ग्य प्रहार गरिएको कुरा यस गजलमा उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा ढाँट्न, छाँट्न, बाँड्न, चाट्न, काट्न, साट्न जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'सिपालु छौ' पदावलीले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । वर्ण विन्यास रखाइमा केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएका छन् ।

राजनीति गर्नेहरू ढाँट्न पनि सिपालु छौ ।
आकाश पातालका कुरा छाँट्न पनि सिपालु छौ ।

पर हुँदा एक अर्कामा उचाल्दैछौ र पछार्दछौ ।
सामु पर्दा आश्वासन बाँड्न पनि सिपालु छौ ॥

ऐजन पृष्ठ १७

५. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको सातौं गजलमा अहिलेका महिलामा आएको विकृतिको भाव भएका सेरहरू पाइन्छ । यस गजलमा महिलाले आँखी भौँ उखेल्ने, लामो कपाल काट्ने र फेसनका नाममा माया लत्याउने कुराको उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा आँटेकी, काटेकी, साटेकी, बाटेकी, ढाँटेकी जस्ता काफिया छन् भने 'त' ले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसका प्रयोग भएको पाइदैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

लाखे लाखे भन्दै तिमी हिंड्न किनआँटेकी त ?
आँखी भौं र परेला चैं ऐलै किन छाँटेकी त ?

साहै्रभारी भए कि त घारी भएर हो ?

नागवेली लामोचुल्ठोतिम्ले किनकाटेकी त ?

ऐजन पृष्ठ १८

६. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको बाह्रौँ गजलमा नेताहरूको फुट्ने जोडिने प्रक्रियालाई व्यङ्ग्य गरिएका भाव यहाँका सेरमा पाइन्छ । यस गजलमा जसरी फुटेका हाँडीलाई जति नै टाले पनि चर्किहाल्छ, काम लाग्दैन त्यसैगरी फुटेको दल पनि जोडिए पनि काम नलाग्ने हुन्छ भन्ने जस्ता भावहहरू यस गजलका सेरमा उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा सर्कि, झर्कि, तर्कि, छर्कि जस्ता काफिया छन् भने 'हाल्छ' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

फुट्याहाँडी टाल्दाहुन्छ यसोछुँदा चर्किहाल्छ ।

फुट्यादल त्यस्तैहुन्छ मौकापरे फर्किहाल्छ ।

चोइटिएर गएपनि उक्किएर गए पनि

जान्ने ठूलोमैहुँ भनी  सरक्क भै सर्किहाल्छ ।

ऐजन पृष्ठ २२

७. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको तेह्रौँ गजलमा एउटा असल व्यक्तिमा हुनुपर्ने गुण भएका भावका सेरहरू रहेका छन् । यस गजलमा एउटा राम्रो व्यक्तिले समाजमा रहेर राम्रो नै काम गर्छ ऊ कसैका कुराका पछि लाग्दैन, इमान्दार साथ काममा गयो,आयो त्यही भएर पनि होला समाजले पनि सँधै आदार नै गरेको हुन्छ भन्ने भाव यस गजलमा उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा कसि, घसि, धसि, फसि, बसि, खसि जस्ता पदावलीले काफियाको

काम गरेको छ भने 'एन' भन्ने शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसका प्रयोग भएको पाइदैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

निमको सोभ्रोगरें भाउपनि कसिएन ।
कसैलाई गर्दा गर्दै चिप्लो पनि घसिएन ।

इमान्दारीसाथ गयो कामगऱ्यो फर्कीआयो
लाखे ! भनी अर्कालाई छुरापनिधसिएन ।

ऐजन पृष्ठ २३

८. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको पन्ध्रौं गजलमा मान्छेले जे काम पनि गरेपछि वा भोगेपछि मात्र थाहा पाउँछ भन्ने भावका सेरहरू यहाँ रहेका छन् ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा खाएपछि, आएपछि, गाएपछि, लाएपछि, धाएपछि, पाएपछि जस्ता काफिया रहेका छन् भने 'भन्नुपर्ला' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

खानेकुरा कस्तोथियो खाएपछि भन्नुपर्ला ।
भन्नेकुरा कतिथियो आएपछि भन्नुपर्ला ।

पहिले नै कला गला मूल्याङ्कन हुन्न साथी
स्वरउनको कस्तो थियो गाएपछि भन्नुपर्ला ।

ऐजन पृष्ठ २५

९. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रह भित्रको सत्रौं गजलमा एउटा प्रेमीले प्रमीकाका लागि मनमा सजाएका कुरालाई यस गजलका भावका सेरहरूले बताउँछ । यस गजलमा विवाहका लागि हातमाग्न जाने, पछेउरा, पेटीकोट, मजेत्रो र

रङ्गीचङ्गी चोली सिलाउने, औठी, मुन्द्री, पाउजु सबै गरगहना सिन्दुर पोते सबै लिएर पञ्चेवाजा बजाउँदै अन्माएर डोलीमा हालेर ल्याउने र सुहागरात मनाउने जस्ता भावहरू उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा टोली, बोली, चोली, झोली, डोली, होली जस्ता काफिया रहेका छन् भने 'मिलाउँछु' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसका प्रयोग भएको पाइदैन । यस गलजमा वर्णविन्यास रखाइमा केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

तिम्रोहातमाग्न छिटै टोलीपनि मिलाउँछु ।
सहमति हुन्छभने बोलीपनि मिलाउँछु ।

पछ्युरा, पेटीकोट, मजेत्रो र रङ्गीचङ्गी
फरियामा सुहाउने चोली पनि मिलाउँछु ।

ऐजन पृष्ठ २६-२७

१०. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको चौधौं गजलमा नेताहरूलाई चेतावनी दिएको भावका सेरहरू उल्लेख गरिएका छन् । यस गजलमा ठुलावडा मान्छे कुनै दिन जनता सामु गिर्नु पर्ने र माफ माग्दै जनताको टाँङ्गमुनी बस्नु पर्ने, जनतालाई सँधै धोका दिएर खाएको ऋण पनि तिर्नुपर्ने, दूध र पानी छुट्याएर हेर्दा नेताहरू पहिला कै गोठ गोठालामा फिर्नु पर्ने अवस्था आएको र विश्वासको घात गरी स्वार्थी बनेकाले जनताले नछोड्ने कुरा उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा गिर्नुपर्ला, छिर्नुपर्ला, फिर्नुपर्ला, चिर्नुपर्ला, भिर्नुपर्ला जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'याद गर' पदावलीले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग गरिएको पाइदैन । यस गजलमा वर्णविन्यास रखाइमा भने केही त्रुटि पाउन सकिन्छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

बडामान्छे जन्ता सामु गिर्नुपर्ला याद गर ।

माफीमाग्दै टाँङ्गमुनी छिर्नुपर्ला याद गर ।

जन्तालाई जैलेपनि धोकैधोकादिएकाछौ

यतिञ्जेल खाको ऋण तिर्नुपर्ला याद गर ।

ऐजन पृष्ठ २४

११. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको उन्नाईसौँ गजलमा छोराले आमालाई बिदेश गई धन कमाएर ल्याउने हुँदा विदेश जान दिनु भन्ने विन्तीका भाव यस गजलका सेरहरूमा पाउन सकिन्छ । यस गजलमा स्वदेशमा काम नपाइने र देशका युवाहरू अनेक सपना बोकेर विदेशिनु पर्ने वाध्यता छ । यस गजलमा पनि साह्रै दुःख परेको र विदेश गएर धन कमाई ल्याउन, घरको चुहिएको छानो ओताउने प्रण गर्दै आमालाई आर्शिवाद मागेको कुरा उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा जाउँला, आउँला, खाँउला, छाउँला, गाउँला, जस्ता काफिया रहेका छन् भने 'नि' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

साहै्रदुःखपर्‍यो आमा ! विदेश जाउँला नि ।

धेरै धन कमाएर छिटै फर्की आउँला नि ।

केही साल धैर्यसाथ दुःख, सुख खट्नुभए,

चुहिएको घरको छानो पछि आईछाउँलानि ।

ऐजन पृष्ठ २८-२९

१२. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको एक्काइसौँ गजलमा आफ्नो निर्दोषको प्रमाण पेश गर्ने भावका सेरहरू रहेका छन् । यस गजलमा एउटा निर्दोष व्यक्तिले अपराध  गरेको रहेछ भने जे सजाय दिएपनि भोग्न तयार भएको भावहरू यस गजलका सेरमा पाउन सकिन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा लरे, छरे, डरे, चरे, भरे जस्ता काफिया रहेका छन् भने 'हुन्छ' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग भएको पाइदैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

अपराधै भयोभने जे सजाय गरेहुन्छ ।
अन्यायको विरुद्धमा घुँडाधसी लरेहुन्छ ।

तिम्रा अघि सप्रमाण अपराध फेलापरे
च्यात्लाभुत्ला पारी मेरो आन्धाभूडी छरेहुन्छ ।

ऐजन पृष्ठ ३०

१३. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको चौविसौं गजलमा विरामीलाई धामीझाँक्री लाएर निको हुन्छ भन्ने मान्यता राखेको भावका सेरहरू यस गजलमा छन् । विरामी भएर सिकिस्त भएको र भुतप्रेत लाग्यो भनेर झारफुक गर्न लाएको भन्ने कुराको भाव उल्लेख गरिएको पाइन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा झारि, मारी, टारि, तारि, पारि, बारि जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'देऊ' पदावलीले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

सिकिस्त छु झाँक्री बाबै ! हेरीकोरी झारिदेऊ ।
सियासिण्डी जागित्रमा भैरुङ्ग जगाई मारीदेऊ ।

ढोल ढ्याङ्ग्रा समासर्णाम बोक्नलाई पठाउँछु
लागोलगन खुट्याएर ग्रहदशा टारिदेऊ ।

ऐजन पृष्ठ ३३

१४. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको सताईसौँ गजलमा बुढाबुढीको गुनासो भएको भावको सेरहरू यहाँ उल्लेख गरिएका छन् । यस गजलमा बुढाबुढीलाई बाँचुन्जेल हेरचाह नगर्ने र मृत्यु पछाडी गुणगान गाउने प्रचलन प्रति व्यङ्ग्य गरिएको भाव रहेका छन् ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा लाउने, गाउने, धाउने, आउँने, बाउने, पाउने जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'गर्छन्' पदावलिले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

ज्यूँदोहुँदा पाइलै पिच्छे धारेहात लाउनेगर्छन् ।
चितामाथि राखेपछि गुणगान गाउने गर्छन् ।

मरेपछि खा बा केरा ! यस्तोथियो बराभन्दै
राम्रै कुरा बखानेर चिप्लोमुख बाउनेगर्छन् ।

ऐजन पृष्ठ ३५-३६

१५. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको एकतिसौँ गजलमा शिक्षकले गर्नुपर्ने कर्तव्य सम्बन्धि भाव भएका सेरहरू रहेका छन् । यस गजलमा देशको अबस्था सुधार गर्न र विकास गर्न शिक्षाको महत्व हुन्छ त्यसैले शिक्षकले विद्यार्थीलाई राम्रो पढाएर देशको शिर उच्च राख्नुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा पढाउन, बढाउँन, ठडाउँन, चढाउँन, डढाउन जस्ता काफिया रहेका छन् भने 'सक्नै पर्छ' ले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । यस गजलमा वर्णविन्यास रखाईमा भने केही त्रुटि पाउन सकिन्छ । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

असल गुरु बन्नलाई पढाउन सक्नै पर्छ ।
अशिक्षाका ढोँगहरू सडाउँन सक्नै पर्छ ।

आजका यो बालकहरू भोलिका देश निर्माणका
कर्मठ यी खम्बाहरू ठडाउँन सक्नै पर्छ ।

ऐजन पृष्ठ ३९

१६. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको बत्तिसौँ गजलमा साना विद्यार्थीलाई पढाइमा हौशला प्रदान गर्ने भावका सेरहरू रहेका छन् ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा पढि, चढि, खडी, ठडी, अडि जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'देऊ' पदावलीले रदिफको काम गरेको छ । यस गजलमा तखल्लुसको प्रयोग भएको पाइन्छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

नानी बाबु मेरो अर्ति राम्रोसँग पढिदेऊ ।
पढीगुनी उन्नतिको शिखरमा चढिदेऊ ।

हिमाल, पहाड तराई सबै हातेमालो गर्दै
अन्यायका विरद्धमा घुँडा धसी खडीदेऊ ।

ऐजन पृष्ठ ४०

१७. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको तेत्तिसौँ गजलमा गरिवीको व्यथा कस्तो हुन्छ भन्ने भावका सेरहरू पाइन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा सुनि, तुनि, थुनि, बुनि, गुनी, उनी जस्ता पदावलीले काफिया को काम गरेको छ भने 'देला' पदावलीले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको पाइदैन । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

गरिबका कथा व्यथा कसले पो सुनिदेला ?
फाटेका यी थाङ्ना भोटा कसले पो तुनिदेला ?

कमाउने न ठाउँ छ ? न छ बास ओत लाग्ने
अभावका आक्रोस यी कसले पो थुनिदेला ?

ऐजन पृष्ठ ४०-४१

१८. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको चौतीसौँ गजलमा अहिलेका युवापिडीको उताउलो फेसन भएको भावका सेरहरू रहेका छन् । यस गजलमा परम्परादेखि चलि आएको फेसन त्यागी नकारात्मक प्रवृत्ति युवा पीढीमा भित्रिएकाले गजलकारले यसप्रति तिखो व्यङ्ग्य यस गजल मार्फत प्रहार गरेका छन् ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा आको, लाको, खाको, गाको, पाको जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'होला' पदावलीले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको पाइदैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

अरे गाँठे कलियुगको संकेत किन आको होला ?
झ्याँम्ले केश पाली मुन्द्री रङ किन लाको होला ?

परम्परादेखि सारा चलिआको भोजन त्यागी
उड्ने, गुड्नेदेखि बाहेक सबै किन खाको होला ?

ऐजन पृष्ठ ४१

१९. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको त्रिचालिसौँ गजलमा अग्रज स्रष्टाप्रति सम्मान भएका भावका सेरहरू पाउन सकिन्छ । यस गजलमा सांस्कृतिक, सामाजिक विसङ्गतिको अन्त्य गर्नका लागि मोतीराम भट्ट, देवकोटा जस्ता अग्रज प्रतिभाको आवश्यकता परेको उल्लेख छ । मोतीरामलाई मीठा-मीठा कृति बाँडेर अल्पायुमै गएको, नेपालीले नर्बिसने गजल, सुमधुर रचना दिए अहिले त्यो सबै हराइ भाखाहरू पाखा गएको र उनी माथि श्रद्धा सुमन अर्पण गजलकारले उल्लेख गरेका छन् ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । यस गजलमा भए, गए, बहे, कहे, रहे जस्ता काफिया रहेका छन् भने 'उनी' ले रदिफको काम गरेको छ । सरल भाषाशैलीको

प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

"मोतीराम भट्ट" हाम्रा युवा कवि भए उनी ।
मीठा मीठा कृति बाँडी अल्पायुमै गए उनी ।

भाषा साहित्यमा रमी थप्दै अझ अरू नयाँ
गजलको भाखा ल्याई गजलमै बहे उनी ।

ऐजन पृष्ठ ४९

२०. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको सतचालिसौँ गजलमा चेलीको बिलौना भएका भावका सेरहरू पाइन्छ । यस गजलमा वर्ष दिनमा आउने पर्व तीजमा माईती लिन नआएको जस्ता बिलौना यस गजलमा उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा आए, लाए, पाए, खाए, धाए जस्ता पदावलीले काफियाको काम गरेको छ भने रदिफको पनि सही प्रयोग भएको पाइन्छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

वर्ष दिनको यत्रो चाडाँ माइती लिन आएनन् ।
के भो सल्लाह घरभित्र बोलाउन आउन्नन् ॥

गाई, भैँसी थारो भो कि ? नगदले गारो भयो ?
दरखाने चीच कित जुटाउन पाएनन् ?

ऐजन पृष्ठ ५२

२१. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको एकाउन्नौँ गजलमा परम्परादेखि चलि आएको धर्म संस्कृति जोगाउनु पर्छ भन्ने भाव रहेका सेरहरू पाइन्छ । यस गजलमा संस्कृतिलाई जोगाउन सबै मिलिजुली लाग्नुपर्छ भन्ने भाव उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा आउँछन्, गाऊँछन्, पाउँछन्, धाउँछन्, लाउँछन् जस्ता काफिया रहेका छन् भने 'ती' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । यस गजलका महत्वपूर्ण केही सेरहरू यहाँ उल्लेख गरिएको छ ।

परम्परा चलीआका चाड कति आउँछन् ती ।
आफ्ना आफ्नै भाषा भाखा मिलिजुली गाऊँछन् ती ।

आफ्नै थान्काभित्र आफ्नो संस्कृतिलाई जोगाउँदा
सुख-शान्ति, अमन चयन सबैतिर छाउँछन् ती ।

ऐजन पृष्ठ ५५-५६

२२. शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको त्रिपन्नौँ गजलमा आमाको महिमा भएका भाव यहाँका सेरमा पाइन्छ । यस गजलमा आमाले छाडेर गएपनि उनले गरेको गुनको बयान गरिएको छ । आमाले छाडे पनि जीवनभर सङ्कट पर्दा, अफ्ठ्याराहरू आईलाग्दा कहिल्यै पछि नहट्ने आमाको स्वभाव यस गजलमा उल्लेख गरिएको छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा फर्कि, झर्कि, तर्कि, हर्कि, फर्कि, सर्कि जस्ता काफिया रहेका छन् भने 'नौ' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको छैन । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

छोडेर गयो हे मेरी आमा कहिले नि फर्किनौ ।
जीवनभरी संकट पर्दा कहिले नि झर्किनौ ।

बाँचुञ्जेलसम्म जीवनडुङ्गा आफूले चलाउँदा
जे जति आए अफ्ठ्याराहरू कहिले नि तर्किनौ ।

ऐजन पृष्ठ ५७

२३.	शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको सतसट्ठीऔं गजलमा राष्ट्र सेवकको कर्तव्यको भावका सेरहरू रहेका छन् । यस गजलमा माथिल्लो निकायवाट आएको निर्देशन अनुसार काम गर्नुपर्ने गजलका भावहरूबाट पाउन सकिन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा मान्नै, बान्नै, तान्नै, हान्नै, छान्नै, जान्नै जस्ता पदावलीले काफियाको काम गरेको छ भने 'पर्छ' पदावलीले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको पाइदैन । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

माथिबाट आको हुकुम हाम्ले सधैं मान्नै पर्छ ।
बाँध भन्दा पाताकसी हाम्ले सधैं बान्नैपर्छ ।

केगर्नु र लाकोबर्दीको अपमान गर्नुहुन्न
तान्भन्दा खुरुखुरु हाम्ले सधैं तान्नै पर्छ ।

ऐजन पृष्ठ ६९

२४.	शिव अधिकारीको धरतीको माटो गजल सङ्ग्रहभित्रको अठासीऔं गजलमा छलछाम गर्ने धोकेवाज प्रेमिकाको बारेमा उल्लेख गरिएको छ । यस गजलमा एक ठाउँमा एक कुरा अर्का ठाउँमा अर्कै कुरा सबैतिर सधैं ठिक्क पार्ने प्रेमिकाको बारेमा भाव व्यक्त गरेको पाइन्छ ।

यस गजलमा पाँचवटा सेरहरू रहेका छन् । पाँचवटै सेरमा दुई मिसराहरू रहेका छन् । यस गजलमा चर्दि, सर्दि, पार्दि, झर्दि, बाँर्दि, हार्दि जस्ता काफिया रहेका छन् भने 'रैछ्यौ' शब्दले रदिफको काम गरेको छ । सरल भाषाशैलीको प्रयोग गरिएको यस गजलमा तखल्लुसको प्रयोग गरिएको पाइदैन । यस गजलका महत्वपूर्ण सेरहरू यहाँ उल्लेख गरिएको छ ।

ओल्लोघर पल्लोघर लुखुरलुखुर चर्दिरैछ्यौ ।
नचाहिँदा चेप्रेकुरा घरघरसर्दिरैछ्यौ ।

लेकगयो एउटाकुरा बेंसीगयो अर्कैकुरा
यतापनि उतापनि सधैं ठिक्क पार्दिरैछ्यौ ।

ऐजन पृष्ठ ८७

## ५.४ धरतीको माटो गजल सङ्ग्रहको निष्कर्ष

इलाम जिल्ला लक्ष्मीपुरमा जन्म भएका सशक्त कवि शिव अधिकारी राष्ट्रिय स्तरमा नाम चलेका गजलकारबीच परिचित र शिक्षण पेशाको अवकाश पाएपछि साहित्यका विभिन्न विधाहरूमा कलम चलाउन तत्पर रहने गजलकार हुन् । उनको धरतीको माटो (२०७१) दोश्रो गजल सङ्ग्रह हो । गजल सङ्ग्रहमा विविध विषययुक्त गजलको स्वादिष्ट परिकार पाइने बास्नायुक्त वाङ्मयिक बहुरङ्गी फूलका रङ्गीन थुङ्गा जस्ता यस कृतिका गजलहरू पढ्दा स्रष्टा, द्रष्टा र पाठकलाई आनन्दित र मर्माहित बनाउन सफल अधिकारीको गजल सङ्ग्रहमा जम्मा १२२ वटा लामा छोटा गजलहरू रहेका छन् । ४ देखि ७ सेर सम्मका गजलहरू यसमा सङ्ग्रहीत छन् । अघिल्लो गजल सङ्ग्रहसँग केही समान गजलका विषय भए पनि भाव, शब्द र परिवेशको पृथकताले यो गजल सङ्ग्रह अझ उत्कृष्ट छ भन्न सकिन्छ । यस गजल सङ्ग्रहमा राजनीतिक कुरा समावेश गरिएका छन् । त्यहाँ नारा छैनन् कला लहरिएका छन् । देशको समसामयिक विकृति, विसङ्गतिप्रति आक्रोश घृणा र तिरस्कार छन् तर सभ्य र सौम्य रुपमा भाव व्यक्त भएको छ । धरती वा माटो प्रतिको प्रगाढ माया यस गजलमा व्यक्त गरिएको छ । राजनैतिक नेता, राष्ट्र राष्ट्रियता, संविधानसभा, राजनैतिक विसङ्गति, माटो र मातृभूमिप्रतिको प्रगाढ माया, प्रेम प्रणय, स्थानीय क्षेत्रमा भएको विकृति, अग्रज स्रष्टाप्रति सम्मान, आर्थिक विषमताको उद्घाटन, नारी चेतना आदि विविध पक्षलाई समेटेर गजल रचना गरेर सुधारात्मक सन्देश दिएको पाइन्छ ।

जीवनमा आईलागेका समस्यालाई हटेर नभई डटेर सामना गर्नुपर्छ भन्ने मान्यता भएका अधिकारी राष्ट्रवादी चेतनाले ओतप्रोत देखिन्छन् । माटो र मातृभूमिप्रतिको प्रगाढ माया उनको गजलमा भेटिन्छ । यसरी जीवनको साठी बसन्त चपाएका स्रष्टाले आफूलाई सत्तरीको दशकको एकजना परिपक्क स्रष्टाको रुपमा नेपाली वाङ्मयको मझेरीमा उभ्याएका छन् ।

धरतीको माटो गजल सङ्ग्रहका गजलहरूलाई वर्गीकरण गर्दा मोटामोटी रुपमा माटो र मातृभूमि प्रतिको प्रगाढ माया, राजनैतिक विसङ्गति, प्रेम प्रणय, राजनैतिक नेता, संविधानसभा, राष्ट्र राष्ट्रियता, नारी चेतना, गरिबी, धर्म संस्कृतिसँग सम्बन्धित गजलहरू पाउन सकिन्छ । नेपालमा भइरहेको राजनैतिक अवस्थालाई ब्यङ्ग्य गरीएका उनका गजलमा संविधान लेख्नैपर्ने, धरती वा माटोलाई सबैले माया गर्नुपर्ने, अग्रज स्रष्टाप्रतिको

सम्मान हुनुपर्ने, राजनैतिक प्रभाव सकारात्मक हुनुपर्ने, धर्म संस्कृति जोगाउनु पर्ने जस्ता मूलभाव रहेका गजलहरू यस भित्र पाउन सकिन्छ ।

नेपाल शान्तिको देश हो । त्यसैले देशमा राजनैतिक खेलले देश डुव्न लागेको अवस्था रहेको छ । यस्तो अबस्थामा देशका शासन सत्तामा बसेकालाई नेपाल र नेपालीलाई फर्केर हेर्न आग्रह गरिएका, सही दिशा निर्देश गरेका गजलहरू पाउन सकिन्छ । माटोप्रतिको सद्भाव, माया, बास्नायुक्त वाङ्मयिक बहुरङ्गी फूलका रङ्गीन थुगा जस्ता यस कृतिका गजलहरू पढ्दा स्रष्टा, द्रष्टा र पाठकलाई आनन्दित र मर्माहित बनाउने शक्ति प्रत्येक सेरमा झल्किन्छ । यस गजलमा राजनीतिका कुरा छन् यहाँ नारा छैन, कला लहरिएका छन् । देशको सामाजिक विकृति, विसङ्गतिप्रति आक्रोस, घृणा र तिरस्कार छन् तर सभ्य सौम्य रुपमा व्यक्त भएका छन् । एक सय बाइसवटा गजलहरू रहेको यस गजलका तत्वहरू मिसरा, सेर (मतला र मकता), काफिया र रदिफ रहेका छन् भने सबै गजलहरूमा तखल्लुसको प्रयोग गरिएको छैन ।

## ५.५ बुकी फूलको माला (मुक्तकमाला २०७२)को अध्ययन

### ५.५.१ कविता विधाको सैद्धान्तिक परिचय

#### ५.५.१.१ कविता शब्दको व्युत्पत्ति

साहित्यको एउटा महत्वपूर्ण विधा कविताका बारेमा पूर्व र पश्चिम दुवैतिर प्रशस्त चर्चा/परिचर्चा भएको पाइन्छ । पूर्वीय साहित्यशास्त्रमा काव्य शब्दको व्युत्पत्ति कवि शब्दमा य (व्यत्) प्रत्यय लागेर भएको हो । यसले कविताद्वारा गरिएको रचना अथवा कविको सिर्जना भन्ने अर्थ वोध हुन्छ । काव्य सिर्जना गर्ने व्यक्तिलाई कवि भनिन्छ । कवि शब्दको निर्माण 'कव्' धातुमा 'इ' प्रत्यय लागेर भएको हो । कव्को अर्थ सर्वज्ञाता वा वर्णन कौशल भन्ने हुन्छ ।

पूर्वीय साहित्यमा काव्यको समानार्थी रुपमा रहेको कविता शब्दको व्युत्पत्ति कवि शब्दमा 'त' र 'आ' अर्थात् कवि+ता बाट भएको हो । कविले रचनाकारलाई तथा 'ता' ले कविको रचनालाई बुझाउँछ । पूर्वीय साहित्यमा काव्य, कविता र कवि शब्द परस्पर सम्वद्ध देखिन्छन् । पश्चिमी साहित्यशास्त्रमा कवितालाई पोएट्री अथवा पोएम भनिन्छ । पोएट्री अथवा पोएम शब्दले कविद्वारा सिर्जित पद्यात्मक रचना अथवा कविकर्म भन्ने अर्थ

बुझिन्छ । यसर्थ पूर्व र पश्चिम दुवैतिर यिनले दिने अर्थ पनि प्राय समान रहेको देखिन्छ । (घिमिरे : २०७१, पृ ३१)

### ५.५.१.२ कविताको परिभाषा

पूर्वीय तथा पश्चिमी साहित्यका विभिन्न विद्वान्हरूले प्राचीन कालदेखि नै कवितालाई चिनाउने क्रममा यससम्बन्धी अबधारणाहरू अघि सार्दै आएको पाइन्छ । ती मध्ये केही अबधारणाहरूलाई यहाँ प्रस्तुत गरी एउटा उपयुक्त परिभाषा तयार गर्न आवश्यक देखिन्छ । संस्कृत साहित्यशास्त्रीहरूले प्राचीनकालदेखि नै काव्य सम्बन्धी धारणाहरू प्रस्तुत गरे पनि संस्कृतमा स्पष्टतः कविता नै भनेर कहिले पनि परिभाषा गरेको पाइदैंन ।

कविताको परिभाषा खोज्ने क्रममा सारिएका काव्य सम्बन्धी प्रमुख धारणाहरू तल प्रस्तुत गरिन्छ ।

“शब्द र अर्थको सहभाव काव्य हो ।”- भामह

“रसात्मक वाक्य काव्य हो ।”- विश्वनाथ

“रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो ।”- जगन्नानथ

यसरी पूर्वीय साहित्यमा प्रारम्भदेखि नै काव्यका शब्द, अर्थ, अलङ्कार, ध्वनि जस्ता वाह्यान्तरिक पक्षहरूका बारेमा चर्चा गरेको पाइन्छ । उत्तरवर्ती आचर्यहरूमध्ये कुन्तकले बक्रोक्तिलाई, क्षेमेन्द्रले औचित्यलाई काव्यको आत्मा मानेर आ-आफ्ना धारणाहरू अगाडि सारेका छन् । पाश्चात्य साहित्यका विभिन्न कवि, समालोचक एवम् चिन्तकहरूले प्राचीनकालदेखि नै कवितालाई विभिन्न ढङ्गले परिभाषित गरको पाइन्छ । केही प्रमुख परिभाषाहरू यस प्रकार छन् :- (घिमिरे, २०७१, पृ. ३१-३२)

“कविता जीवनको आलोचनाजस्तै हो।”-म्याथ्यु आर्नोल्ड (लुइटेलः२०६१ पृ. ११)

“सौन्दर्यको लयात्मक सिर्जना कविता हो ।”- एड्गर एलेन पो

“कविता कल्पना र भावनाद्वारा गरिएको जीवको व्याख्या जस्तै हो ।”- विलियम हेनरी हडसन (घिमिरे : २०७१, पृ. ३२)

यसरी हरेक परिभाषामा पाइने पृथक-पृथक विशिष्ट पक्षहरूमध्ये कल्पना, मनोवेग, भावना, बिचार, लय, सङ्गीत, भाषीक अभिव्यक्तिगत विशिष्टता आदिलाई समन्वित गरेर समग्रमा कवितालाई यसरी चिनाउन सकिन्छ ।

**श्रुतिमधुर भएको, लयवद्ध, कल्पना र भावनाद्वारा जीवनको व्याख्या गरिएको सौन्दर्ययुक्त रसात्मक विधा नै कविता हो ।**

नेपाली साहित्यका कतिपय कवि, समालोचक एवम् चिन्तकहरूले पनि कविताको परिभाषा गरेका छन् । तल केही स्रष्टाहरूका परिभाषाहरू दिइएका छन् ।

१. “कविता कोमल वनिता, रसयति, रसिक रसेन सम्मिलित ।- लक्ष्मीप्रसाद देवकोटा

२. “कविता भावनाको बौद्धिकता कोमलता हो ।”- बालकृष्ण सम

३. कवि कविता होस,

कविता कवि होस्

कविता तव पो हुन्छ ।

शब्द थुपारिकन के हुन्छ ?

भाव भए पो हुन्छ - पारसमणि प्रधान (घिमिरे : २०७१, पृ. ३३)

युगकवि सिद्धिचरण श्रेष्ठले ‘सिद्धिचरणका प्रतिनिधि कविता’ (२०४५) मा मानसिक ग्रन्थी यथार्थताको झलक दिलाउने कविता हो र यो सत्यको उद्घाटन पनि हो भनेका छन् । मोहनराज शर्माले ‘समकालीन समालोचना सिद्धान्त र प्रयोग’ (२०५५) मा बीचार, भाव वा घटनाको लयात्मक संरचनालाई कविता भनेका छन् ।

नेपाली शब्दसागरले उक्त कथनलाई पुष्टि गर्दै आफ्ना संवेदनशील अनुभूति र मानव सरोवरबाट तरङ्गित हुँदै आएका भावनालाई छन्द वा लयमय रुपले प्रकट गरिएको कृति वा रचना काव्य कविको काम गर्ने भाव वा पन पद्यात्मक रचनालाई कविता भनिन्छ भनेर परिभाषित गरेको पाइन्छ ।

प्रारम्भकालदेखि वर्तमान कालसम्म आइपुग्दा कविताले आफ्नो अभिव्यक्तिलाई युगानुकूल बनाउँदै लगेको छ । कविता पद्य रचना मात्र नभएर गद्यात्मक रुपमा विविध विषयवस्तुलाई अँगाल्न सक्ने विधाका रुपमा रहेको छ । पूर्वीय, पाश्चात्य र नेपाली विद्वानहरूका माथि प्रस्तुत गरिएका परिभाषाहरूको समग्र अध्ययन, विश्लेषण गरी कविताका संरचनात्मक तत्वहरूको निर्धारण गर्न सकिन्छ । (घिमिरे : २०७१, पृ. ३३)

### ५.५.१.३ कविताको संरचना

संरचना भनेको बनोट हो । कविताको लय, विम्ब, गण, पाउ, पङ्ति आदि विविध आधारमा कविता कसरी निर्माण भएको छ भन्ने कुरा यसमा पर्दछ । त्यसका साथै कविताको मुल भाव, बिचार आदिको उठान , विकास, परिणति पनि यसै अन्तर्गत पर्दछ । यसमा भाषिक सामर्थ्य र शैली-सीपको कौशललाई पनि हेर्ने, पर्गेल्ने र केलाउने गरिन्छ ।

अंग्रेजी शब्द स्ट्रक्चरको नेपाली रुप संरचना हो । सान्यतया संरचनाले कुनै वस्तुलाई संगठित एवम् व्यवस्थित रुपमा एकीकृत गर्नु भन्ने बुझिन्छ । संरचनाले साहित्यिक कृतिलाई एकीकृत ढंगले पूर्ण आकृति प्रदान गर्ने अंशहरूको रचनालाई बुझाउँछ । समग्रमा संरचनाका परिभाषालाई यसरी दिएको छ ।

“विभिन्न अबयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्व वा सत्तालाई संरचना भनिन्छ ।”(लुइटेल : २०६०, पृ. ६१) एउटा सफल कविता निर्माणका लगि आफ्नै आन्तरिक वा वाह्य घटकहरूले महत्वपूर्ण भूमिका खेल्दछन् । साहित्यिक संरचनाको अभिव्यक्ति भाषिक संरचनाबाट हुन्छ । भाषा कविताको आधार सामाग्री हो । भाव, बिचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचनाको रुपमा लिइने कविता आफै पनि एउटा संरचना हो । पाश्चात्य काव्य जगतमा विषयवस्तु, भाषाशैली, छन्द, विम्ब, प्रतीक आदिलाई कविताका तत्वका रुपमा लिएको देखिन्छ । कविताका बारेमा उल्लेखित पूर्वीय र पाश्चात्य दुवै तर्फका तत्वहरूलाई मिलाएर यसका तत्वहरू किटान गर्न सकिन्छ ।

### ५.५.१.४ कविताका तत्वहरू

अनुभुति र चिन्तनका अनेक तरेलीहरूलाई विविध शैलीको वान्की र छटाभित्र सजाएर प्रस्तुत गरिने मनमोहक, हृदयमोहक तथा श्रुतिरम्य विधा भएकोले कविता विधाले

बाल, युवा तथा वृद्धवृद्धाहरूको जमातलाई रसास्वादन गरिएको छ । प्राचीन कालदेखि नै प्रसिद्धिको शिखर चुम्न सफल बनेको यो विधा एक्काइसौं शताब्दी सम्मको यात्रासम्म लोकप्रिय विधा बन्न सफल भएको छ । ऋग्वेददेखि एक्काइसौं शताब्दीको यात्रासम्म आइपुग्दा अनेक रुपस्वरुप अँगाल्दै यसले आइरहेको छ । अहिलेसम्म आइपुग्दा यसका तत्वहरूले मानक रुप लिइसकेका छन् । आधारभूत रुपमा हेर्दा कविताका तत्वहरूलाई निम्नानुसार विभाजन गर्न सकिन्छ ।

१. शीर्षक २. विषयवस्तु ३. चरित्र ४. लयविधान ५. भावविधान ६. परिवेश

७. विम्बबिधान ८. प्रतीक विधान ९. उद्देश्य १०. भाषाविन्यास र शैली

(घिमिरे : २०७१, पृ. ३५)

कविताका निम्न लिखित १० तत्वको परिचय क्रमश : यसरी गरिएको छ ।

## १. शर्षिक

प्रत्येक कवितामा निश्चित शीर्षक रहेको हुन्छ । शीर्षक बिनाको कविताको कल्पना असम्भव हुन्छ । कवितामा बोलिएका प्रत्येक कविताको बोलीले एउटा निश्चित नाम निर्क्यौल गर्न पुग्दछ, त्यही नै शीर्षक हुन्छ ।

## २. विषयवस्तु

कविता रचनाका लागि छानिएको वस्तु चयनलाई नै मूल रुपमा कविताको विषयवस्तु भनिन्छ । यस्ता विषयवस्तुहरू ब्रम्हाण्ड भित्रका यावत् वस्तु मानवीय स्वभाव, ज्ञान, धर्म, संस्कार, संस्कृति, देश, काल, समाज, राजनीति आदि विविध पक्षसँग सम्बन्धित हुन्छन् । विषयवस्तु आफैँमा सुन्दर, कलापूर्ण, उपयुक्त, आकर्षक र प्रभावपूर्ण हुनुपर्दछ ।

## ३. चरित्र

कुनै पनि साहित्यिक कृतिमा संलग्न वा पात्रलाई चरित्र भनिन्छ । यस्ता सहभागी वा पात्रहरू मानवका अतिरिक्त अमानव, जनवार तथा निर्जीव वस्तुहरू पनि हुनसक्छन् । मानवेत्तर, सक्रिय, निस्क्रिय, मुख्य, सहायक, गौण, नारी, पुरुष जे पनि हुन सक्छन् । कृतिमा पात्रहरूको चित्रण गर्दा अनुकूल स्वभाविक, यथार्थ, जीवन्त, मौलिक, पूर्ण गुणहरूमा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

## ४. लयविधान

लालित्यपूर्ण अभिव्यक्ति नै कविता हो । यही लयविधानले गर्दा नै कविता प्राचीनकालदेखि हालसम्म सरस, लोकप्रिय र प्रभावपूर्ण विधा भएको हो । कवितालाई लयवद्ध गराउनका लागि मात्रा, वर्ण, गण, गति, यति, पाउ, अनुप्रास आदि मिलाउनु पर्दछ ।

## ५. भावविधान

भावलाई कविताको मुल तत्व मानिन्छ । शब्द-शब्दबाट निस्केको लयात्मक गुम्फसंयोजन भित्रबाट प्रकट हुने भाव नै यथार्थमा भाव हो । कवितालेखनका क्रममा कविका मन भित्र उठेका विविध तरेलीहरू, उतार-चढाबहरू, भाव, तरङ्गहरू, विरह, व्यथा र तिनीहरूसँग सम्बन्धित बिचारलाई कविले कलापूर्ण, सौन्दर्यमय स्वरुप प्रदान गर्न सक्नुलाई नै उत्कृष्ट भावविधान भनिन्छ । (घिमिरे : २०७१, पृ. ३६)

## ६. परिवेश

कृतिमा प्रयुक्त चरित्रहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । (लुइटेल : २०६० पृष्ठ ९१) यसलाई देश, काल, वातावरण, कार्यपीठिका, पृष्ठभूमि आदि पनि भनेको पाइन्छ । जुनसुकै प्रकारमा पनि व्यापक, विस्तृत, संक्षिप्त, सांकेतिक, प्रतीकात्मक आदि मध्ये कुनै न कुनै ढङ्गमा परिवेश अनिवार्य रुपले आउने हुँदा यसलाई कविताको महत्वपूर्ण तत्व मानिएको हो ।

## ७. विम्बविधान

कवितामा विम्बविधानको स्वरुप कविपिच्छे फरक हुन सक्छ । विम्बको शाब्दिक अर्थ प्रतिमा, छाया, प्रतिविम्ब, प्रतिकृति, प्रतिरुप, समानता आदि हुन्छ । विम्बहरूको सामुहिक रुप वा समुहलाई विम्बविधान भनिन्छ । विम्ब एकल शब्द, पदावली, वाक्य वा कतिपय सन्दर्भमा छोटो पूर्ण कवितामा पनि पाउन सकिन्छ । विम्बले कवि र कवितालाई सामुहिक रुप वा समुहलाई विम्बविधान भनिन्छ । विम्ब एकल शब्द, पदावली, वाक्य वा कतिपय सनदर्भमा छोटो पूर्ण कवितामा पनि पाउन सकिन्छ । विम्बले कवि र कवितालाई परिचित तुल्याउन र कवितालाई सशक्त प्रदान गर्न मद्दत गर्दछ । त्यसैले विम्ब कविताको महत्वपूर्ण संरचक तत्व हो ।

## ८. प्रतीकविधान

'प्रतीक' शब्द संस्कृतबाट नेपालीमा आएको तत्सम् शब्द हो । यसलाई अंग्रेजी साहित्यमा 'सिम्वोल' भनिन्छ । यसको अर्थ संकेत वा चिन्ह भन्ने हुन्छ । कुनै चीजलाई सङ्केत गर्न सजीव वा निर्जीव वस्तुलाई नै प्रतीक भनिन्छ । कविताको भाषालाई विशिष्ट तुल्याउन माथि उल्लेखित सबै तत्वहरूलाई महत्वपूर्ण मानिन्छ । लय, छन्द, अलङ्कार आदिलाई पनि कविताको महत्वपूर्ण तत्वका रुपमा प्रयोग गरी कविताहरू सहज, सरल र श्रूतिमधुर बन्दछन् । (घिमिरे : २०७१, पृष्ठ ३६-३७)

## ९. उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमुलकतालाई उद्देश्य भनिन्छ । (लुइटेल : २०६० पृष्ठ ९४) साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ । यसले अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई जनाउँछ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमुलक ढङ्गले गरिने हुदाँ साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रुपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्नित हुन्छ । विना उद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिदैन र हरेक कृति कुनै न कुनै प्रयोजन पूर्तिका लागि रचिन्छन् । कविता सिर्जनाको उद्देश्य प्राप्तिका लागि त्यसका वस्तु सहभागिहरू लगायत अन्य संरचक तत्वहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ । आधुनिक कवितालेखनको उद्देश्य मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रकटीकरण आदि देखिन्छ ।

## १०. भाषाविन्यास र शैली

सुव्यवस्थित ढङ्गले क्रमवद्धरुपमा राख्ने कामलाई विन्यास भनिन्छ । सुहाउँदिलो रुपमा मिलाएर व्यवस्थित गर्ने वा योजनावद्धरुपमा राख्ने तरिका नै विन्यास हो । कृतिको, संरचक तत्वको सर्न्दभमा भाषाशैली, विम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भावाविव्यक्तिको सर्वप्रमुख र सशक्त साधन भाषाका माध्यमबाटै साहित्यिक कृतिको रचना हुन्छ । गद्यमा समान्यतया सोझो अभिव्यक्ति र व्याकरण सम्मत भाषाको प्रयोग हुन्छ भने पद्यमा विशिष्ट अभिव्यक्ति र बीचलनयुक्त भाषाको प्रयोग हुन्छ । साहित्यमा भाषाको महत्वपूर्ण स्थान हुन्छ । मुलतः भाषिक प्रयोगले नै कवितालाई अन्य विधाबाट

पृथक तुल्याउँछ । कविताको भाषालाई विशिष्ट तुल्याउँन शैली, विम्ब, प्रतीक, अलङ्कार, लय, छन्द विविधता आदिले पनि महत्वपूर्ण भूमिका खेल्दछन् ।

'शैली' शब्द अंङ्ग्रेजी शब्द 'स्टाइल' को नेपाली रुपान्तरण हो । शैलीले साहित्यिक रचनामा लेखकका व्यक्ति विशेषको छाप दिने वा विषयवस्तुका अनुकूल भाव अभिव्यक्ति हुने खास ढाँचालाई बुझाउँछ । भाषा र शैलीका वीचमा अन्योन्याश्रित सम्बन्ध छ । भाषा अभिव्यक्तिको ढंङ्ग वा तरिका नै शैली हो । यो कविताको महत्वपूर्ण तत्व हो । (घिमिरे : २०७१ पृष्ठ ३०)

### ५.५.१.५ नेपाली कविताको विकासक्रम

नेपाली भाषाको लिखित प्रयोग एघारौँ शताब्दीबाट भएपनि अभिलेखीकाल र वाङ्मय ग्रन्थका लेखनकालमा नै धेरै समय नेपाली साहित्य अल्झन पुगेको देखिन्छ । नेपाली लेख्य वाङ्मय परम्पराको प्रामाणिक सबभन्दा पूरानो साक्ष्य **"भास्वती टीका"** (वि.सं.१४५७ तिर) ले प्रदान गरेको छ । सुवानन्ददासको पृथ्वीनारायण शाह (वि.सं. १८३०) कविता नै प्राथमिक नेपाली साहित्यको प्रारम्भविन्दु हो । नेपाली कविताको विकास क्रमलाई हेर्दा निम्नलिखित तीन कालमा विभाजन गर्न सकिन्छ ।

(क) प्राथमिक काल (वि.सं. १८७१-१९४०)

(ख) माध्यमिक काल (वि.सं. १९४१-१९७४)

(ग) आधुनिक काल (वि.सं. १९७५-हालसम्म) (घिमिरे : २०७१ पृष्ठ ३०)

**(क) प्राथमिककाल (वि.सं. १८७१-१९४०)**

नेपाली साहित्यको प्रारम्भ नै पद्यविधाबाट भएको हो । नेपाली पद्य जगतमा सुवानन्द दासको पृथ्वीनारायण शाह कविता नै पहिलो नेपाली कविता हुन पुगेको छ । नेपालको एकीकरणको अभियानसँगै शुरु गरिएको यो कालमा पूर्णतः राज्यएकीकरणको अभियान भएकोले युद्धकालीन यस समयमा योद्धाहरूको साहस, बलिदान र त्यागको गाथा गाउँदै वीर रसले भरिएका कविता त्यस बेलाका कविहरूले सिर्जना गरेको पाइन्छ । विस्तारै अंग्रेज-नेपाल युद्ध र सुगौली सन्धीले नेपाली समाजमा नराम्रो धक्का पुर्‍याएपछि

भक्ति र उपदेशबादी कविताहरू लेखन कार्य प्रारम्भ भएको हो । यसरी प्राथमिक नेपाली साहित्यको पद्यधारा वीर भक्ति गरी दुई भागमा वर्गीकृत हुन पुगेको देखिन्छ ।

प्राथमिक नेपाली कविताको वीर धाराका कवितामा राष्ट्रनिर्माणको जोस र उमङ्ग भरिएको पाइन्छ । वीरताको स्तुति र प्रशंसाले भरिएका कविता लेख्ने कविहरूमा सुवानन्द दास, शक्तिवल्लभ र उदयानन्द अर्याल प्रथम चरणमा देखिन्छन् । यसै कालमा देखा पर्ने अन्य कविका कविताहरूमा सुन्दरानन्द बाँडाको त्रिरत्न सौन्दर्यगाथा, राधावल्लभ अर्ज्यालको साढ्याको कवित्, गुमानि पन्तको फुटकर कविता आदि फेला परेका छन् । यी कविताहरू वीर रसले भरिएका र स्तुतिपरक देखिन्छन् ।

प्राथमिक नेपाली कविताको भक्तिकाल यस चरणकै उर्वरकाल हो । सामाजिक जीवनमा धार्मिक, नैतिक, औपदेशिक भावनाको विकास हुन थालेपछि वीरकालीन कविता भक्तिभावनाले भरीएको आध्यात्मिक चेतनामा प्रस्तुत भएको पाइन्छ । भक्तिधारा पनि स्पष्टरुपमा तीन किसिमका देखिन्छन् ।

१. कृष्णभक्तिधारा

२. रामभक्तिधारा

३. निर्गुणभक्तिधारा

भगवान श्रीकृष्णलाई पूज्य भक्ति मानेर लेखिएका कविताहरू कृष्णभक्तिधारामा पर्दछन् । यस धाराका कवि र कविताहरूमा इन्दिरसको गोपीकास्तुति, गोपीरक्षा, बसन्त शर्माका श्रीकृष्णचरित्र, समुद्रलहरी, वीरशाली पन्तको श्रीकृष्ण चरित्र जस्ता काव्य रचनाहरू फेला परेका छन् । भगवान रामलाई आस्थाका केन्द्र मानी लेखिएका कविताहरू रामभक्ति धारामा पर्दछन् । यस कालकै उत्कृष्ट धारा बन्न पुगेको यो धारामा रामको आदर्श, वीरता, अनुशासन, सत्यता आदिको महिमा गाइएको पाइन्छ । यो धाराका प्रसिद्ध कवि भानुभक्त आचार्य हुन् । उनका रामायण, बधुशिक्षा, रामगीता आदि काव्यकृति अत्यन्तै चर्चित छन् भने रामलाई आदर्श देवताका रुपमा सम्मान दिदै संख्यात्मक र गुणत्मक दुवै स्तरमा यिनी सफल हुन पुगेका छन् ।

यो कालको तेस्रो धारा निर्गुण भक्तिधारा हो । कृष्ण र राम दुवैलाई पूज्य देव नमानी सांसारिक मोह त्यागेर वैराग्यलाई वरण गर्ने सन्तहरूद्वारा निर्गुण भक्ति कविताहरू लेखिएका छन् । यिनीहरू कवितामा ईश्वरको निराकार रुपको उपासना गर्दछन् । त्यस्तै कर्मकाण्ड, बलीप्रथा, जातीय विभेद, दुराचार आदिको तीव्र विरोध गर्छन् । यस धाराका प्रमुख कविहरूमा शशिधरको वैराग्यवरण, अखण्डदिलदासको पाँच निर्गुण भजन, ज्ञानदिलदासको उदयलहरी आदि कृतिहरू देखिन्छन् ।

यसरी नेपाली साहित्यको प्राथमिक काल वीर भक्तिधारा हुँदै अगाडि बढेको पाइन्छ । नेपाल एकीकरणसँगै वृद्धि भएको उत्साह र जोसले भरिएका वीरतापूर्ण भावाभिव्यक्ति वीरकालीन कवितामा पाइन्छ भने सुगौली सन्धिजस्ता घटनाबाट प्रभावित भई राम, कृष्ण र निर्गुणभक्तिका उपासनाहरू भक्तिकालीन कवितामा पाइन्छ ।

### (ख) माध्यमिक काल (वि.सं. १९४१-१९७४)

नेपाली साहित्यमा नेपाली कविताको माध्यमिक काल मोतीराम भट्टदेखि विवादास्पद श्रृङ्गारिक कविता सङ्ग्रह“सूक्तिसिन्दु” (१९७४) सम्मको काल हो । मोतीरामको प्रवेशसँगै माध्यमिक कालको थालनी भएको हो । भट्टले एकातिर विस्मृतिको पर्दाभित्र पुगिसकेका कवि भानुभक्त आचार्यका विभिन्न रचनाहरू खोज्ने र जीवनचरित्र सहीत सबैको प्रकाशन गर्ने काम गर्दछन् भने अर्कातिर साहित्यहरूको मण्डली (मोतीमण्डली) तयार गरि साहित्यिक छलफल, बीचारको आदानप्रदान, गोष्ठी गरी थप सक्रियता देखाउँछन् । मोतीरामसँगै देखा परेका यस कालका उल्लेखनीय कविहरूमा राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, गोपीनाथ लोहनी, देवराज लामीछाने, तीर्थराज पाण्डे, श्यामजी अर्याल, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद रेग्मी, कुञ्जविलास गौतम, कुलचन्द्र, केदारनाथ खतिवडा, कालीदास पराजुली आदि देखिन्छन् । यस कालको मुख्य धारा श्रृङ्गारिक धारा हो र यसलाई श्रृङ्गार काल पनि भनिन्छ ।

मोतीराम भट्टका पिकदूत, गजेन्द्रमोक्ष, तीजको कथा, प्रल्हाद भक्तिकथा, केदारनाथ खतिवडाका शुभविवाह, श्रृङ्गारदर्पण यस चरणका प्रमुख रचनाहरू हुन् । माध्यमिककालीन  पद्यधारामा श्रृङ्गारिक भावमा विभिन्न फटकर कविता र गजलहरूको संरचना भएको भेटिन्छ । मुख्यतः अनुवाद रुपान्तरण गर्ने श्रृङ्गारिक परम्परा र गौणतः भक्ति एवम् वर्णनात्मकता जस्ता विशेषता यस कालका मुख्य उपलब्धि हुन् ।

माध्यमिककालीन कविताका श्रृङ्गारिक भावधाराको उत्कर्षकालसँग आधुनिक नेपाली कविताका प्रारम्भकर्ता मध्येका लेखनाथ पौड्याल पनि जोडिन पुग्छन् । तर यिनका कवितामा भाषाशैलीगत परिकार पाइने हुनोले यिनलाई माध्यमिकालीन नै भन्न मिल्दैन ।

**(ग) आधुनिक काल (वि.सं. १९७५-हालसम्म)**

श्रृङ्गारिकतालाई चरमोत्कर्ष प्रधान गर्ने सूक्तिसिन्धु (१९७४) पछि नेपाली कविताले आधुनिकता पाएको हो । माध्यमिककालीन कवितामा मूलतः श्रृङ्गारिक भावयुक्त र गौणतः पूर्वकालीन भक्तिभाव प्रस्तुत भएका छन् । नेपाली आधुनिक कवितालाई हेर्दा यसका निम्न धारा हुनु पर्ने हुन्छ ।

**अ) परिष्कारवादी धारा**

आधुनिक नेपाली कवितामा परिष्कारवादी धाराको थालनी (१९७५-१९९०) लेखनाथ पौड्यालबाट भएको हो । उनका ऋतुबिचार, बुद्धिविनोद, सत्यकाली संवाद, तरुणतपसी आदी कृतिहरूले यस धारालाई विकसित गराएका छन् । यिनीपछि सोमनाथ सिग्देलको आर्दश राघव, बालकृष्ण समको आगो र पानी जस्ता कृतिहरूले यस धारालाई उन्नत तुल्याएका छन् । लेख्य नेपाली व्याकरणको अनुशरण गर्ने, संस्कृत काव्यनियम पछ्याउने र बङ्गाली, हिन्दी शास्त्रीय साहित्यधाराको प्रभाव ग्रहण गर्ने मूल प्रवृत्ति विकसित भएको पाइन्छ । कवितामा भाषा शैली र संरचनाका कमजोरीहरू हटाई त्यसको परिष्कार भावको, परिष्कार समाजको नैतिक सुधारका स्वरमा परिष्कार र मानवीय व्यक्तिमनका चारित्रिक, आध्यात्मिक चेतनाको परिष्कार यस धाराको कविताको मूलभूत विशेषता रहेको पाइन्छ ।

**आ) स्वच्छन्दतावादी- प्रगतिवादी धारा**

वि.सं. १९९१ मा थालिएको यस धाराले पूर्ववर्ती शास्त्रीयतावाद वा परिष्कारवादको विरुद्धमा कविता प्रस्तुत गरेको छ । आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी प्रगतिवादी धाराको थालनी लक्ष्मीप्रसाद देवकोटाबाट हुन्छ । देवकोटाका कवितामा बढी भावुकता, राष्ट्रवादी बिचार, प्रकृतिप्रेम, विद्रोह, मानवता आदि विशेषता पाइन्छ । यसपछि सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, माधवप्रसाद घिमिरे, भवानी भिक्षु, केदारमान व्यथित, गोपालप्रसाद रिमाल, म.वि.वि. शाह, विजय मल्ल यस धारामा

सम्मिलित भएका देखिन्छन् । राष्ट्रिय जागरणका स्वरहर यतिबेला प्रजातान्त्रिक एवम् मानतावादी सेरोफेरोमा क्रान्तिचेतना प्रस्तुत गर्न पुगेका छन् । यो नै यस धाराको विशेषता हो ।

सहज स्वच्छन्द अभिव्यक्ति, विवेक र वौद्धिकताको घेराबाट मुक्त र प्रतिभा कल्पनाको सहायतामा स्वतःस्फुर्त लालित्यछटा यस धाराका कवितामा पाइन्छ । उनीहरू प्रकृतिका आत्मपरक वर्णन बढी गर्ने बर्तमान सामन्ती एवम् पुँजीवाद र औद्योगिक सभ्यताबाट विमोहित भई मानवीय संवेदनायुक्त परिवेशमा हराउन चाहन्छन् र मानवतावाद तथा आदर्शवादको पक्षमा रहन्छन् । सामाजिक, आर्थिक विषमता र अन्याय अत्याचारका विरुद्ध कविहरू न्यायपूर्ण समाजको पुननिर्माण गर्न चाहन्छन् ।

यसरी स्वच्छन्दतावादी प्रगतिवादी आधुनिक कविता धारामा सामाजिक, आर्थिक, न्यायिक विभिन्न आन्दोलन र राष्ट्रिय जागरण स्वरहरू, मानवतावादी चेतना काव्यसौन्दर्यको सफल प्रयोग जस्ता विशेषताहरू पाइन्छन् । स्वच्छन्दतावाद वस्तुताभन्दा बैयक्तिक भावावेगमा बढी रमाउँछ ।

### इ) प्रयोगवादी धारा

रुपरेखा पत्रिका (२०१७) को प्रकाशन काठमाण्डौबाट थालिएपछि यस प्रयोगवादी नयाँ कविता प्रवाहतर्फ कतिपय नेपाली कविहरू चाख लिन थाले । यस धाराको नेतृत्व गर्ने कवि मोहन कोइराला हुन् । रुपरेखामा कोइरालाको **'धाइतेयुग'** कविता प्रकाशित भएपछि यस धाराको प्रारम्भ भएको हो । यिनीसँगै मोहन हिमांशु थापा, मदन रेग्मी, बाशु शशी, जगदीसशमसेर राणा, द्वारिका श्रेष्ठ, तुलसी दिवस आदि प्रयोगवादी कविहरूले विभिन्न कविताहरू प्रस्तुत गर्दछन् । प्रयोगवादी नेपाली कवितालाई आयमेली आन्दोलनले पनि साथ दिएको छ । तेश्रो आयामबाट जीवनको गहिराइको खोजी गर्ने काम गर्दै ईश्वरवल्लभ, वैरागी काईला आदिले नयाँ प्रयोगधर्मी कविताहरू यसै चरणमा प्रकाशित गर्न पुग्दछन् । यसका साथै पूर्ववर्ती चरणमा ख्याती कमाइसकेका परिष्कारवादी स्वच्छन्दवादी र प्रगतिवादी कविहरू पनि यस चरणमा देखा परेको पाइन्छ ।

### ई) समसामयिक धारा

प्रयोगवादी जटिलता र सम्प्रेषणविहीनताबाट मुक्त हुने क्रममा वि.सं. २०३० को दशकपछि यस धाराको थालनी भएको हो । समसामयिक धाराको शुरुवातमा कविहरू विभिन्न साहित्यिक आन्दोलनबाट प्रस्तुत भएका छन् । यस धाराको प्रारम्भमा नै सडक कविता क्रान्ति थालिन्छ । युवाकविहरले राल्फा, अस्वीकृत जमात, भोको पिंढी, योङ्ग राइटर्स फ्रन्ट आदिका माध्यमबाट कवि र पाठकवीचको सम्बन्ध पुनस्थापना गर्ने जमर्को गर्दछन् । मुक्तक स्तरका कविताहरू पनि लेखिन थालिएको यस चरणमा थुप्रै कवि प्रतिभाहरू देखा परेका छन् । यस धारामा देखिएका कविहरूमा मीनबहादुर विष्ट, तोया गुरुङ, कृष्णभूषण बल, विष्णुविभू घिमिरे, चादँनी शाह, नवराज कार्की, जीवन आचार्य, शैलेन्द्र साकार, विश्वविमोहन श्रेष्ठ, हरि अधिकारी, मञ्जु काँचुली, हरिभक्त कटुवाल, दिनेश अधिकारी आदि धेरै स्रष्टाहरू पर्दछन् ।

समसामयिक आधुनिक नेपाली कविताले नेपाली समाजमा सामाजिक, राजनैतिक, आर्थिक विसंगति र मानवीय मूल्यको ह्रासप्रति तीखो व्यङ्ग्य प्रहार गरेका छन् । यस कालका कविताहरूमा व्यक्त भएको शैली, सौन्दर्य र मानवीय तात्पर्यका प्रगतिवादी दृष्टि उपलब्धिपूर्ण देखिन्छन् । यतिवेलाका कवितामा तार्किकता र बैज्ञानिकताको प्रयोग, परम्पराको विरोध गरी विद्रोहात्मक स्वरको अभिव्यक्ति, युगीन मूल्यमान्यताको स्थापना, गद्य कवितातर्फको आकर्षण विभिन्न बिम्बप्रतीकयुक्त नवीन भाषाशैलीको प्रयोग जस्ता विशेषता भेटिन्छन् । (घिमिरे : २०७१, पृ.४३)

### ५.५.१.६ बुकी फूलको माला(मुक्तकमाला) को अध्ययन

बुकी फूलको माला कवि शिव अधिकारीको तेस्रो मुक्तकमाला हो । २०७१ सालमा प्रकाशन भएको यो मुक्तकमा देशले संविधान चाहिरहेको अवस्थामा नेताहरूले संविधान दिन नसकेको अवस्थालाई व्यङ्ग्य गरि मुक्तकमा उतारेका छन् । समाजमा देखेका,भोगेका विषयलाई टिपेर कलात्मक ढंगले लोकलाई भनेका छन् । माला पढेपछि थाहा हुन्छ, असलका लागि वास्नायुक्त सुन्दर माला खरावको लागि काउसोको माला । यस मालामा १११९ मुक्तकहरू रहेका छन् । यी सवै मुक्तकहरूमा केही विषयवस्तु समान रहेका छन् भने केही फरक रहेका छन् । यसमा लगभग बीस बाईस किसिमका विषयवस्तु रहेका छन् । नेपालको राजनैतिक अवस्था, संविधान सामाजिक विकृति, विसंगति, गरिबीको

व्यथा, दुर्व्यसन, युवा पींढीलाई व्यङ्ग्य, माटोको महिमा, भ्रष्टाचार जस्ता विषयवस्तु रहेका छन् । कविको अभिव्यक्तिमा सरलता, कलात्मकता,व्यङ्ग्य प्रहारमा तिव्रता पाइन्छ । जसलाई कविताको अनिवार्य तत्वको रुपमा ग्रहण गरिन्छ ।

यसरी अधिकारीका मुक्तकले समाजमा सुधारका भावना, नेताहरूलाई चेतावनीहरू सचेत रुपमा व्यक्त गरेका छन् । उनका मुक्तकहरू ११११ वटालाई २६ प्रकृतिमा वाँडेर यहाँ क्रमशः अध्ययन गर्दै प्रकाश परिएको छ ।

१. अधिकारीको यो पहिलो मुक्तक अभिधेयार्थक रुपमा रहेको । छन्दमुक्त, केही लयात्मक शैलीमा संरक्षित छ । उनको पहिलो मुक्तकसँग विषयवस्तु मिल्ने मुक्तकहरू ४० वटा रहेका छन् । यो मुक्तकमा स्रष्टा हरपल निमुखाको पक्षमा उभिएका छन् । प्रेम, सद्भाव, न्याय र समानताको पक्षमा छन् । यस मुक्तकमा पीर भोग्नेलाई मात्र थाहा हुन्छ भनेजस्तो काँक्रालाई जहाँ गएर फलेपनि भयो, पीर त त्यो थाङ्ग्रालाई हुन्छ । यो संसार नै स्वार्थी छ, स्वार्थ सिद्ध गर्न मानिसले जे पनि गर्न पछि सर्दैनन् र सानातिना झिनालाई डसिरहन्छन् भन्ने भाव यसरी व्यक्त भएको छ ।

कति भार वोक्नु पर्छ बिचरा त्यो थाक्रालाई ।
तर्ल्याङ्ग तुर्लुङ्ग फलिदिए भयो काँक्रालाई ।
आफ्नो स्वार्थसिद्ध गर्न जसो पनि गर्छन् यहाँ,
सधैंभरि डसिरहन्छन् झिना झाक्रालाई ।

शिव अधिकारीको बुकी फूलको माला (मुक्तकमाला) पृष्ठ संख्या २१

२. अभिधात्मक रुपमा रहेको यो सातौं मुक्तक सरल र सहज भाषाशैलीमा लेखिएको छ । विभिन्न विम्ब र प्रतीकहरूको प्रयोगले गर्दा मुक्तकका पंक्तिहरू निकै वजनदार रहेका छन् । विषयवस्तु एउटै भएका मुक्तकहरू ३० वटा रहेका छन् । यस मुक्तकमा विदेशमा धन कमाई ल्याउने सपना वोकेको एउटा युवा घरमा बुढी भएकी आमालाई छोडेर बिदेशिनु परेको व्यथा उल्लेख गरिएको छ । बनिबुतो गरेर घरमा आमाले व्यवहार चलाउनु परेको छ । मानिसको विदेश जानु कुनै रहर नभई करकापले धन कमाउन विदेश जान्छन् भन्ने भाव यस मुक्तकमा व्यक्त गरिएको छ ।

छोरा उता परदेशमा आमा यता घरमा ।
बनिबुता गरी खान्छन् पाखुरीको भरमा ।
विधाताले नशिवमा के के लेखिदियो,
विदेशिनु परेको छ रहर होइन करमा ।

ऐजन पृष्ठ २२

३. शिव अधिकारीको सत्रौं मुक्तक छन्दमुक्त,केही लयात्मक रहेको छ । अलङ्कारको सचेत प्रयोग नभए पनि विम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ । सरल भाषाशैली प्रयोग भएको यो मुक्तकमा समाजका लागि भलो हुने काम गरी गाउँ ठाउँलाई हराभरा बनाउनुपर्छ भन्ने भाव पाइन्छ । विषयवस्तु उस्तै भएका मुक्तकहरू तीस वटा रहेका छन्, जसमा आफुमात्र सप्रने होइन आफु बसेको जन्मभूमि पनि राम्रो पार्नुपर्छ, ठूलो बनेर होइन, सानो बनेर गाउँठाउँ विकास गर्नुपर्छ र मात्र बाबु बाजेको नाम रहन्छ भन्ने भाव मुक्तकमा पाउन सकिन्छ । मुक्तकका भावहरू यसरी व्यक्त गरिएको छ ।

आफू मात्र होइन गाउँ सपार ।
आफू जन्मेको ठाउँ सपार ।
मपाँई होइन तपाँई भनेर,
वाउ बाजेको नाँउ सपार ।

ऐजन पृष्ठ २४

४. अभिधात्मक रुपमा रहेको यो उनन्तिसौं मुक्तक छन्दमुक्त केही लयात्मक शैलीमा संरचित रहेको पाइन्छ । मुक्तकको भाषाशैली सरल र सहज रहेको छ । विषयवस्तु एउटै रहेका मुक्तकहरू पच्चीसवटा रहेका छन् । यो मुक्तकमा केही काम गर्नुभन्दा पहिला साइत हेर्नुपर्दथ्यो । हातका औला भाँची–भाँची साइत जुराइन्थ्यो । हाम्रा पुर्खाले घर बनाउँदा घरेडी खन्ने पनि साइत हेर्ने गर्दथे भन्ने भाव यस मुक्तकमा यसरी व्यक्त गरिएको छ ।

विना साइत काम हुन्न भन्थे हाम्रा पुर्खा ।
औंला भाँची शुभसाइत गन्थे हाम्रा पुर्खा ।
जुनसुकै कार्य पनि शुभ साइत पार्नु पर्थ्यो,
साइतमा धर्ती पनि खन्थ्ये हाम्रा पुर्खा ।

ऐजन पृष्ठ २६

५. उपदेशात्मक रुपमा लेखिएको अधिकारीको यो एकचालिसौं मुक्तक छन्दमुक्त केही लयात्मक शैलीमा रहेको छ । भाषाशैली सरल भएको यो मुक्तकमा विभिन्न प्रतीकहरू रहेका पाइन्छन् । विषयवस्तु एउटै रहेका मुक्तकहरू चालीसवटा रहेका छन् । जसमा इमान्दारी भएमा पढ्न सकिने र नराम्रो बाटो त्यागे अगाडि बढ्न सकिने कुरा र वेइमानी फटाहा भए सवैतिर ठक्कर खाँदै विग्रने कुरा यस मुक्तकमा यसरी व्यक्त गरिएको छ ।

इमान्दारी भयौ भने पढ्न सक्छौ तिमी ।
कुसङ्गति त्यागे अघि बढ्न सक्छौ तिमी ।
बेइमानी,फटाहा, अनुशासनहीन भए,
सबैतिर ठक्कर खाँदै सड्न सक्छौ तिमी ।

ऐजन पृष्ठ २९

६. अभिधात्मक रुपमा रहेको यो ५९औं मुक्तक सरल र सहज भाषाशैलीमा लेखिएको छ । साथै छन्दमुक्त केही लयात्मक शैलीमा संरचित छ । जसमा उस्तै उस्तै विषयवस्तु भएका मुक्तकहरू चालिसवटा रहेका छन् । यो मुक्तकमा पहिला सामान्य रुपमा प्रश्तुत भई पछि गएर चोरी डकैति जस्ता अमानविय कार्य गर्न पनि आजका केही मानिसहरू लागि परेका छन् भन्ने भाव यस मुक्तकमा यसरी व्यक्त गरिएको छ ।

यसको ओजन कति रैछ भन्ने कुरा केलाउँछन् ।
हँहँ ज्यू ज्यू हजुर भन्दै गुडिया झैं खेलाउँछन् ।
उक्साएर फटाहाले आन्द्राभुँडी दुहेपछि,
ठ्याक्क मौका पांएपछि चालै नपाई सेलाउँछन् ।

ऐजन पृष्ठ ३२

७. शिव अधिकारीको एकसय तेत्तिसऔं मुक्तक अभिधात्मक रुपमा रहेको छ । सरल र सहज भाषाशैलीमा लेखिएको मुक्तक छन्दमुक्त, केही लयात्मक शैलीमा संरचित छ । विभिन्न विम्ब र प्रतीकहरूले गर्दा मुक्तक निकै वजनदार बन्न पुगेको छ । विषयवस्तु एउटै भएका मुक्तकहरू साठीवटा रहेका छन् । प्रेम प्रणयमा विह्वल भएपछि देखिने लक्षणहरू जस्तैः जतिवेला पनि आफ्ना प्रेमी प्रेमिकालाई हेरिरहन मन लाग्ने,भनेको कुरा टेरिरहन

मन लाग्ने, छटपटि र विह्वल भई अन्त्यमा आलिङ्गन गरि बसिरहन मन लाग्ने भावलाई यस गजलमा यसरी प्रस्तुत गरिएको छ ।

यस्तो लाग्छ तिमीलाई हेरिरहुँ सँधैभरि ।
जे जे भन्छ्यौ, त्यहि कुरा टेरिरहुँ सँधैभरि ।
भइरहन्छ छटपटि सँधै विह्वल हुन्छु ,
जस्तो लाग्छ अँगालोमा वेरिरहुँ सँधैभरि ।

ऐजन पृष्ठ ४७

८. बुकी फूलको मालाको एकसय छपन्औं मुक्तक अभिधात्मक रुपमा रहेको छ । गद्यशैलीमा संरचित यस मुक्तकमा प्रयोग गरिएका विभिन्न विम्ब र प्रतीकले मुक्तक निकै वजनदार बन्न पुगेको छ । यसमा विषयवस्तु एउटै भएका मुक्तकहरू साठीवटा रहेका छन् । यस मुक्तकमा पहिला पहिलाका वुहारीले सारी, चोलो, पटुका जस्ता पहिरन लगाउनु पर्नाका साथै अरु सबैलाई खाना दिइसकेपछि मात्र आफूले खाना खानुपर्दथ्यो भन्ने जस्ता भाव यसरी व्यक्त गरिएको छ ।

कम्मरमा पटुका टन्न कस्नु पर्थ्यो ।
कैयौं दिन बुहारीले भोकै बस्नु पर्थ्यो ।
रातैपिच्छे सासु नन्द आमाजुका,
गोडा सधैं मिचिमिचि तेल घस्नु पर्थ्यो ।

ऐजन पृष्ठ ५२

१०. व्यङ्ग्यात्मक अर्थ रहेको अधिकारीको यो एकसय नब्बेऔं मुक्तक लयात्मक रहेको छ । भाषाशैली सरल रहेको यो मुक्तकमा बिम्ब र प्रतीकको प्रयोग गरिएको छ । उस्तै विषयवस्तु प्रयोग गरिएका मुक्तकहरू असीवटा रहेका छन् । न्याय अन्याय छुट्याउनुपर्ने, दलगत तथा अन्य नातावादले अपराधीलाई छुटाउनुहुँदैन । अपराधीलाई जेल नेलको सजाय हुनुपर्छ भन्ने भाव यस मुक्तकमा पाउन सकिन्छ । मुक्तकका महत्वपूर्ण पङ्क्तिहरू यस प्रकार छन् ।

न्याय होकि अन्याय जोख्ने काम गर ।
अन्यायी यै हो भनी तोक्ने काम गर ।
दलगत दवावले अपराधी नछुटुन्,
त्यस्तालाई जेल नेल ठोक्ने काम गर । ऐजन पृष्ठ ५९

११. अभिधेयार्थक रुपमा रहेको यो दुईसय ७० औं मुक्तक छन्दमुक्त र केही लयात्मक रहेको छ । भाषाशैली सरल भएको मुक्तकमा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोगले मुक्तक भावुक बन्न पुगेको छ। यसमा विषयवस्तु उस्तै भएका मुक्तकहरू तीसवटा रहेका छन् । यो मुक्तकमा राजनीति राष्ट्रको मार्गदर्शक हो । यसवाट नियम र नीतिको सुगन्ध प्राप्त हुनुपर्दछ तर यसको विपरित दिनहुँ बन्द भइरहेको, राजनैतिक अराजकता बढिरहेको छ भन्ने संकेत गरेका छन् तलको मुक्तकमा –

आज, भोलि पर्सी बन्द-बन्द पनि अति भयो ।
आफूआफू बीच सधैं द्वन्द्व पनि अति भयो ।
नियम कानुन विधिविधान वन्ने कुरै छैन,
राजनीति विषयको गन्ध पनि अति भयो ।

ऐजन पृष्ठ ७५

१२. प्रतीकात्मक रुपमा रहेको अधिकारीको २९२ औं मुक्तक मुक्तछन्द शैलीमा रहेको छ । मुक्तकको भाषाशैली सरल र सहज रुपमा रहेको पाइन्छ । यसमा विषयवस्तु उही भएका मुक्तकहरू तीसवटा रहेका छन् राष्ट्रप्रेमले ओतप्रोत भई मानवीय संवेदनाले छुँदा देशको एक कुनाको पीडाले समग्र देश दुख्छ, एक परिवारको पीडा र क्षतिमा सवै नेपाली मानविय संवेदनाले रुन्छ भन्दै सर्जक यसरी वोल्छन् ।

सिन्धुपाल्चोक रुँदा इलाम पनि रुँदैछ ।
भक्कानिदै जनजीवन विह्वल हुँदैछ ।
पिडित परिवारका धनजन ध्वस्त हुँदा ,
सवैका नयनवाट अश्रुधारा चुहुँदै छ ।

ऐजन पृष्ठ ७९

१३. अभिधात्मक रुपमा रहेको बुकी फूलको माला मुक्तकको तीनसय त्रिपन्नऔं मुक्तक छन्दमुक्त र केही लयात्मक शैलीमा संरचित रहेको छ । भाषाशैली सरल रहेको यो मुक्तकमा विभिन्न बिम्ब प्रतीकको प्रयोग गरिएको पाइन्छ । यसमा विषयवस्तु मिल्ने मुक्तकहरू चालिसवटा रहेका छन् । यो मुक्तकमा प्राकृतिक सुन्दरताको बारेमा वर्णन

गरिएको छ । हामी सारा नेपाली मिलेर हिमाल, पहाड र तराईलाई सुन्दर, हराभरा बनाउनु पर्छ भन्ने भाव यसरी व्यक्त गरिएको छ ।

कति राम्रो तराई कति राम्रो पहाड ।
घुमीघुमी कुन हेर्दा कति राम्रो कछाड ।
हामी सारा नेपाली हातेमालो गरेर,
बनाउँ है अति राम्रो गर्दै तँछाड मछाड ।

ऐजन पृष्ठ ९१

१४. अधिकारीको बुकी फूलको मालाको तीनसय त्रियासीऔं मुक्तकमा व्याङ्ग्यार्थ भाव रहेको छ । यस मुक्तकमा छन्दमुक्त केही लयात्मक शैलीको प्रयोग गरिएको छ । सरल भाषाशैली प्रयोग गरिएको यस मुक्तकमा साँस्कृतिक पहिचान गुमेको भाव व्यक्त गरिएको छ । यसमा विषयवस्तु उही रहेका मुक्तकहरू पचासवटा रहेका छन् । यो मुक्तकमा पाश्चात्य जगतको अनुकरणले हाम्रो संस्कृति, रीति, भेषभुषा, वोली खानपान आदि कुरामा विकृति व्याप्त रहेको कुरा देखाइएको पाइन्छ । मुक्तकका उल्लेख गर्न लायक केही पंक्तिहरू यी हुन्-

मम्मीडेडी पाश्चात्यको साइनो जोड्न थाले ।
परम्परा संस्कृतिलाई अब छोड्न थाले ।
भक्षअभक्षकको विवेक रहेन अब,
उड्ने गुड्ने बाहेक सबै तोड्न थाले ।

ऐजन पृष्ठ ९७

१५. अभिधेयार्थक रुपमा रहेको गजल बुकी फूलको मालाको तीनसय पचासीऔं मुक्तकमा छन्दमुक्त र केही लयात्मक शैलीमा संरचना भएको छ । विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोगले मुक्तक ज्यादै मार्मिक वन्न पुगेको छ । सरल भाषाशैली प्रयोग गरिएको यो मुक्तकको विषयवस्तु मिल्ने मुक्तकहरू नव्बेवटा रहेका छन् । यो मुक्तकमा नेताहरूको बानी व्यवहार कस्तो हुन्छ भन्ने भाव पाइन्छ । यो मुक्तकमा नेताहरू चुनावको समयमा गाउँगाउँ भोट माग्न आउने र चुनाव जितेर सत्तामा पुगेपछि जनताको समस्या समाधान नगर्ने लगायतका भाव यो मुक्तकमा पाउन सकिन्छ ।

भोट हाल्न हाम्रा नेता लाग्छन् गल्लाई गल्लाई ।
भोट पछि विदा गर्छन् हात हल्लाई हल्लाई ।
जितेपछि माथि पुग्छन् जनता बिर्सी हाल्छन्,
बोलाउँदा सुन्दैनन् भन्छन् कल्लाई कल्लाई ?

ऐजन पृष्ठ ९८

१६. अभिधेयार्थक रुपमा रहेको बुकी फूलको मालाको तीनसय त्रियानब्वे औं मुक्तक मुक्तछन्द र केही लयात्मक रुपमा संरचना भएको छ । विभिन्न विम्ब र प्रतीकहरूको प्रयोगले गर्दा मुक्तकका श्लोकहरू निकै वजनदार रहेका छन् । उस्तै विषयवस्तु भएका मुक्तकहरू तीसवटा रहेका छन् । यो मुक्तकमा काल महिमाको वारेमा वर्णन गरिएको छ । यो मुक्तकमा काल आएपछि ठुलो, सानो, धनी, गरिव केही नभनी सवैलाई कालले लैजान्छ भन्ने भाव रहेको छ । मुक्तकका पंक्तिहरू यसरी व्यक्त गरिएको छ ।

ठुलो सानु, धनी गरीब पनि ता गन्दैन त्यो कालले ।
यो दुव्लो अनि यो बरिष्ट बलियो भन्दैन त्यो कालले ।
जजस्को मिति पुग्छ थाह नदिई चट्टै चुँडी लान्छ है,
जस्तै विन्ति गरौ दयालु कहिल्यै बन्दैन त्यो कालले । ऐजन पृष्ठ ९९

१७. अभिधात्मक रुपमा रहेको वुकी फूलको मालाको चारसय त्रिचालिसौं मुक्तक मुक्तछन्द र केही लयात्मक रुपमा रहेको छ । बिम्ब र प्रतीकको प्रयोग गरिएको यस मुक्तकको भाषाशैली सरल रहेको पाइन्छ । उस्तै बिषयवस्तु भएका मुक्तकहरू बाइसवटा रहेका छन् । यो मुक्तकमा कविले आफूले लेखेको मुक्तक कस्तो लाग्यो भन्ने कुरा उल्लेख गरेका छन् । उस्तै उस्तै प्रकृति भएका मुक्तकहरू बीस वटा रहेका छन् । यो मुक्तकमा कविले आफ्ना रचनाका हरफहरू श्रोता पाठकहरूलाई मुल्याङ्कन गरिदिन अनुरोध गरिएको पाइन्छ । यो मुक्तकका हरफहरू यसरी व्यक्त गरिएका छन् ।

मुक्तकका हरफहरू कस्तो लाग्यो हजुर ।
महँगो नै छ कि यो सस्तो लाग्यो हजुर ।
मूल्याङ्कन गर्नुहोला सुभलो नै चिताई,
भित्री मनको मझेरीमा जस्तो लाग्यो हजुर । ऐजन पृष्ठ १०९

१८. शिव अधिकारीको बुकी फूलको मालाको चारसय असीऔं मुक्तक मुक्तछन्द र केही लयात्मक रुपमा संरचित रहेको छ । बिम्ब र प्रतीकको प्रयोग गरिएको यो मुक्तकको भाषाशैली सरल भएको पाइन्छ । उस्तै विषयवस्तु भएका मुक्तकहरू बाइसवटा रहेका छन् । यो मुक्तकमा आमाले आफ्ना छोराछोरी तथा परिवारको लागी गरेको संघर्षको वारेमा यसरी उल्लेख गरिएको छ ।

डोको भरि आवश्यक पोको वोकेर ।
दिन रात पिठ्यूँमा डोको वोकेर ।
उकाली र ओराली सँधै गर्थिन आमा ,
कुनै दिन सुख पाउने धोको वोकेर ।

ऐजन पृष्ठ ११७

१९. अधिकारीको बुकी फूलको मालाको पाँचसय छव्विसौं मुक्तक अभिधेयात्मक छ । छन्दमुक्त रहेको यो मुक्तकका विभिन्न बिम्ब र प्रतीकले कविता निकै वजनदार बन्न पुगेको छ । सरल भाषाशैली प्रयोग गरिएको यो मुक्तकमा विषयवस्तु उस्तै भएका असीवटा मुक्तक रहेका छन् । यो मुक्तकमा हाम्रो देशमा एक दलले अर्को दललाई खन्डन मात्रै गर्ने, दल दलमा तालमेल मिलाएर जनताले पाउनुपर्ने सेवा सुविधा नेताहरूले हडपेको प्रसङ्ग यो मुक्तकमा यसरी उल्लेख गरिएको छ ।

दल दलमा तालमेल कति मिलायौ ?
राहतमा जनतालाई के-के दिलायौ ?
मुलुकको ढिकुटी रित्याएर अहिले,
सिरिखुरी टकटक्याई सबै जिलायौ ।

ऐजन पृष्ठ १२६

२०. व्यङ्ग्यात्मक अर्थ रहेको अधिकारीको पाँचसय सड्सट्ठीऔं मुक्तक मुक्तछन्द र केही लयात्मक रहेको पाइन्छ । सरल भाषाशैली भएको यो मुक्तकमा प्रयोग गरिएका विभिन्न बिम्ब र प्रतीकले मुक्तक निकै वजनदार बन्न पुगेको छ । विषयवस्तु एउटै भएका

मुक्तकहरू साठीवटा रहेका छन् । यो मुक्तकमा गरीब मानिसले दुःख कष्ट गरी आफ्ना वालवच्चाको पालनपोषण गरेको भाव यसरी उल्लेख गरिएको पाइन्छ ।

बनीबुतो गरी केही ल्याउँदैछु दुःख गरी ।
बालवच्चालाई माड प्याउँदैछु दुःखगरी ।
गरीबको लाखे है कैले आउँछ र ,
यस्तै गरी जीवन नौका ख्याउँदैछु दुःखगरी ।

ऐजन पृष्ठ १३४

२१. अभिधेयार्थक रुपमा रहेको अधिकारीको पाँचसय अठासीऔं मुक्तक मुक्तछन्द तथा केही लयात्मक रहेको छ । सरल भाषाशैली भएको यस मुक्तकमा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोगले गर्दा मुक्तक भावुक बन्न पुगेको छ । विषयवस्तु उस्तै भएका मुक्तकहरू साठीवटा रहेका छन् । सामाजिक संजालको बढ्दो प्रयोगले ल्याएको विकृतिको वारेमा यस मुक्तकमा उल्लेख गरिएको छ । जसमा फेसवुक जस्ता सामाजिक संजालले मानिसले खानपिन,आराम विराम जस्ता दैनिक जीवनसँग सम्बन्धित महत्वपूर्ण कामहरू पनि गर्न छोडेको प्रति व्यङ्ग्य प्रहार यसरी गरिएको छ ।

संचारको मुलुकमा खेलो गरेपछि ।
फेसवुक चलाउने मेलो गरेपछि ।
खानपिन सुत्न उठ्न पनि बिर्सन्छन् ,
लुकी लुकी कसैलाई हेल्लो गरेपछि ।

ऐजन पृष्ठ १३८

२२. अभिधात्मक रुपमा रहेको यो आठसय छऔं मुक्तक सरल भाषाशैलीमा संरचित छ । छन्दमुक्त र केही लयात्मक शैलीमा संरचित छ । विभिन्न बिम्ब र प्रतीकले मुक्तकलाई उत्कृष्ट बनाएको छ । उस्तै विषयवस्तु भएका मुक्तकहरू पचासवटा रहेका छन् । यो मुक्तकमा भुकम्पले मानविय क्षति गरेको, धन सम्पतिको नास गरेको भाव यसरी व्यक्त गरिएको छ ।

प्राकृतिक प्रकोप यो जनाएर आयो ।
गुहार गुहार बचाउ भनाएर आयो ।
जसोतसो मानिसको बसोवास गर्ने ,
बढारेर सिनिक्कै बनाएर आयो । ऐजन पृष्ठ १८२

२३.	अभिधार्थक रुपमा रहेको एकहजार वहत्तरौं मुक्तक छन्दमुक्त र केही लयात्मक रहेको छ । सरल भाषाशैली प्रयोग भएको यो मुक्तकमा प्रयोग गरिएका विभिन्न बिम्ब र प्रतीकले मुक्तक निकै वजनदार बन्न पुगेको छ । यो मुक्तकमा माओवादी जनयुद्धका बेलामा नेपाली जनताले पाएका पीडाका बारेमा यसरी उल्लेख गरिएको पाइन्छ ।

बम, बारुद, बन्दूक बोक्नु बोकियो ।
जोसुकै होस छानीछानी ठोक्नु ठोकियो ।
पछि धोका पर्छ भन्ने होसै हरायो ,
भेटेजति श्री सम्पत्ति घोक्नु घोकियो ।

ऐजन पृष्ठ २३५

## ५.५.१.७ बुकी फूलको माला (मुक्तकमाला) को निष्कर्ष

नेपालको पूर्वी जिल्ला इलामका सशक्त कवि शिव अधिकारी साहित्यका विविध विधाका कलम चलाउने एक साहित्यकार मानिन्छन् । उनको बुकी फूलको माला (मुक्तकमाला) तेश्रो कृति हो । नेपाली समाजमा आँखा अगाडि देखिएका विविध विषयवस्तुहरूलाई मुक्तकका माध्यमबाट सारा पाठकहरू बीचमा देखाउन सफल अधिकारीको यो सङ्ग्रहमा जम्मा ११११ वटा मुक्तकहरू रहेका छन् । जसमा चार पंत्तिका मुक्तकहरू सङ्ग्रहीत छन् । समाजमा व्याप्त गरिबी, नेताको भाषण, देश प्रेम, प्रेम प्रितिका प्रसङ्ग देखि संविधान निर्माण सम्मका विषयलाई समेटेको छ । पहिरनले हाम्रो समाजमा ल्याएका विकृति, विसङ्गतिलाई नङग्याउने कामवाट व्यङग्यका साथै कतिपय ठाउँमा विद्रोही भावना समेत व्यक्त भएको छ । राजनीति, अर्थनीति, सामाजिक परिवर्तन, नैतिक संदेश, सहमति र सहिष्णुता जस्ता सवै पक्षको स्पर्शको अनुभव रचनामा पाइन्छ । समाजमा भएका विकृति, अन्याय, अत्याचार, शोषण र नेताहरूको भ्रष्टाचारी प्रवृत्ति, गरिबी दुर्व्यसन जस्ता विकृतिहरू समाप्त गरेर छाड्ने दृढता पनि व्यक्त गरिएको छ ।

समाजमा भइरहेको विकृति राजनैतिक दलका नेताले देश विगारेको अवस्था जस्ता कुरालाई कलात्मक रुपमा व्यङग्य गर्नु यिनको विशेषता हो । यिनले आफ्नोमुक्तक बुकी फूलको मालामा अन्याय, अत्याचारको जरोलाई निमिट्यान्न पारी न्यायपूर्ण समाजको निर्माणको लागि शोषित पिडितहरू एकतावद्ध तथा जागरुक हुन आग्रह गरेका छन् । यस मुक्तकमालाका मुक्तकहरूलाई बर्गिकरण गर्दा मोटामोटी रुपमा राजनैतिक अवस्था,

सामाजिक–साँस्कृतिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार,माया प्रेम तथा माटोको महिमासँग सम्बन्धित मुक्तकहरू पाउन सकिन्छ । नेपालमा संविधान निर्माण गर्नुपर्ने, सहीदहरूप्रतिको सम्मान देखाउनुपर्ने, युवापीढीमा आएको विकृति हटाउनुपर्ने, धर्तीप्रतिको माया सवै नेपालीहरूमा हुनुपर्ने र समाजमा भएका सोझासादा मानिसहरूका समस्याप्रति नेताले ख्याल पुर्‌याउनुपर्ने, साथै देशलाई राजनितिमा डुबाउनु नहुने, यिनीहरूको जगेर्ना गर्नुपर्ने मूल भाव रहेका मुक्तकहरू यसभित्र पाउन सकिन्छ । हाम्रो देश नेपाल शान्तिको देश हो त्यसैले देशमा षड्यन्त्र, घुसखोरी नगरी नेपालीहरूका चाहना अनुसार देश चल्नुपर्छ । भ्रष्ट नेतालाई कारवाही गर्नुपर्छ भन्ने मूल सन्देश समेत यस मुक्तक सङ्ग्रहमा पाउन सकिन्छ ।

## छैठौं परिच्छेद

### ६.१ उपसंहार

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको दशौँ पत्रको प्रयोजनको लागि तयार पारिएको हो । शोधका लागि तयार पारिएको शीर्षक साहित्यसँग सम्बन्धित शिव अधिकारीको जीवनी व्यक्तित्व र कृतित्व रहेको छ । नेपालको पूर्वी पहाडी जिल्ला इलामको लक्ष्मीपुरलाई शिक्षण पेशाबाट कर्मथलो बनाई साहित्य साधनामा छोटो समय लागि परेका स्रष्टाका लेखहरूलाई सबैका अगाडि परिचित गराइए नेपालका गाउँबेसी, विकट पहाड, पर्वत, खोच आदिमा जन्मेर ओझेलमा परेका स्रष्टाहरूलाई अलिकति अगाडि लैजानका लागि यो शोधपत्रको शीर्षक चयन गरिएको हो ।

वि.सं. २००९ वैशाख १९ गते मेची अञ्चल इलाम जिल्ला लक्ष्मीपुर ८ बतासेमा जन्मेका शिव अधिकारीले सानै उमेरदेखि साहित्य सिर्जना गर्न मनपराउँथे र नेपाली साहित्यका विविध विधाहरू कविता, गजल, मिश्रीत सङ्ग्रह संस्मरण आदि विधामा कलम चलाएको पाइन्छ ।अधिकारीका जम्मा तीनवटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् भने केही कृतिहरू पुस्तककारका रुपमा प्रकाशित हुन लागेको पाइन्छ । उनले पहिलादेखि नै साहित्य सिर्जना गरे पनि वि.सं. २०६९ देखि पुस्तकाकारका रुपमा प्रकाशित हुन थालेका अधिकारीका कृतिहरू लगातार प्रकाशित भइरहेका छन् । वि.सं. २०६९ मा 'यथार्थता' (गजल सङ्ग्रह) को प्रकाशन गरेर शुरु भएको उनको साहित्यिक यात्रा क्रमशः २०७१ सालमा 'धरतीको माटो' (गजल सङ्ग्रह) र २०७२ सालमा 'बुकी फूलको माला' (मुक्तकमाला) प्रकाशित कृतिहरू हुन् । अधिकारीका यिनै कृतिहरूको समग्र मूल्याङ्कन गरिएको छ । कवि, साहित्यकार, गजलकार र लेखकका रुपमा रहेका अधिकारीको पहिलो कृति 'यथार्थता' गजल सङ्ग्रह हो । यस सङ्ग्रहमा लामाछोटा गरी १२१ वटा गजलहरू रहेका छन् । राष्ट्र, राष्ट्रियता, संविधानसभा, राजनैतिक नेता र स्थानीय क्षेत्रमा भएका विकृतिसँग सम्बन्धित विषयवस्तु रहेका छन् । यस सङ्ग्रहहरू मध्ये कुनैमा राजनैतिक विसङ्गतिप्रति भाव व्यक्त गरिएको छ भने कुनै गजलमा शहीदहरूका भावनाको कदर गर्नुपर्ने सन्देश दिन खोजिएको छ । त्यस्तै कुनै गजलले वैक्तिक जीवनको यथार्थ उद्घाटन गरिएका भावहरू रहेका छन् ।

केही गजलहरूले नेपाली चाडपर्व र सांस्कृतिक पक्षको उद्घाटन, मृत्युबोध, नारी चेतना आदि विविध पक्षलाई समेटेर गजल रचना गरेर सुधारात्मक सन्देश दिएको पाइन्छ । सबै पक्ष र क्षेत्रलाई छोएका अधिकारीका गजलहरू पठनीय, माननीय र अनुकरणीय रुपमा रहेका छन् ।

नेपाली समाजका यथार्थ पक्षलाई जस्ताको तस्तै रुपमा उतार्न सफल बनेका शिव अधिकारीका 'यथार्थता' गजल सङ्ग्रह भित्रका धेरै गजलहरू सफल भए तापनि केही गजलहरूमा वर्णविन्यास रखाईमा त्रुटिहरू पाउन सकिन्छ । गजलमा हुने सबै तत्वहरू पनि पाइदैन जे भए तापनि उनका गजलहरूमा सरल भाषाशैली, सरल शब्दको चयन, समाजमा घटेका घटनाहरूको यथार्थ चित्रण गर्न सफल र प्रखर बनेका अधिकारीका गजलहरू उत्कृष्ट रहेका छन् ।

अधिकारीको दोश्रो गजलसङ्ग्रह धरतीको माटो (२०७१) हो । बास्नायुक्त बाङ्मायिक बहुरङ्गीन थुँगा जस्ता यस कृतिका गजलहरू पढ्दा स्रष्टा, द्रष्टा र पाठकलाई आनन्दित र मर्माहित बनाउने शक्ति प्रत्येक सेरमा पाइन्छ । अघिल्लो गजल सङ्ग्रहसँग केही समान गजलका विषय भएपनि भाव, शब्द र परिवेशको पृथकताले यो गजल सङ्ग्रह अझ उत्कृष्ट छ भन्न सकिन्छ । केही गजलले देशमा संविधान निर्माण गर्ने पर्ने भाव व्यक्त गरिएको छ भने कुनैले गरिबहरूको विषय परिस्थिति, शान्तिको कामना, प्रकृतिको वर्णन साथै देश प्रेमको भावना बोकेका गजलहरू छन् । केही गजलले देशको समसामयिक राजनैतिक अवस्थाप्रति विकृति, विसङ्गतिप्रति आक्रोस पोखेका भाव पाइन्छ भने केही गजलमा धरती र माटोप्रतिको प्रगाढ मायाका भावहरू रहेको पाइन्छ । अधिकारीको 'धरतीको माटो' भित्रका धेरै गजलहरू सफल भए तापनि केही गजलहरूमा वर्ण विन्यास रखाइमा त्रुटि रहेको, गजलका सबै अनिवार्य तत्वहरू नभएको पाइन्छ । जे भए तापनि सरल भाषाशैलीले र सामाजिक विकृतिमाथि तीव्र व्यङ्ग्य गर्न सफल अधिकारीका गजल उत्कृष्ट रहेका छन् ।

शिव अधिकारीको 'बुकी फूलको माला' (२०७२ मुक्तकमाला) अर्को उत्कृष्ट कृतिका रुपमा रहेको पाइन्छ । यो मुक्तकमा १११११ मुक्तकहरू बुकी फूलको मालामा उनीएका छन् । यी प्रत्येक थुँगाको आ-आफ्नै विशेषताहरू पाइन्छ । अधिकारीका गजलसँग केही विषयवस्तु समान रहेका छन् । उनका केही मुक्तकले संविधान निर्माण

गर्नुपर्ने भाव व्यक्त गरेका छन् भने केही मुक्तकले समाजका विकृति विसङ्गति हटाउनु पर्ने भाव व्यक्त गरेका छन् । केही मुक्तकमा मायाप्रेमका कुराहरू उल्लेख भएका छन् भने केही मुक्तकमा युवा पिडीलाई व्यङ्ग्य गरिएका भावहरू छन् । अधिकारीको 'बुकी फूलको माला' भित्रका धेरै मुक्तकहरू सफल भए तापनि केही मुक्तकहरूमा भाषागत त्रुटिहरू पाउन सकिन्छ । त्यस्तै मुक्तकको गद्यलय नमिलेका शब्द रखाई आदिका दृष्टिकोणले अधिकारीका मुक्तकहरू केही खस्केका पाइन्छन् । सरल र सहज भाषाशैलीको प्रयोगले गर्दा शिव अधिकारीका मुक्तकहरू सफल बन्न पुगेका छन् । त्यसैले शिव अधिकारीलाई सफल र अनुभवी साहित्यकारका रुपमा पनि मान्न सकिन्छ ।

## ६.२ भावी कार्यको लागि सम्भावित शोधशीर्षकहरू

यस शोधकार्यमा शिव अधिकारीका पुस्तककार रुपमा प्रकाशित भएका कृतिहरूका बारेमा प्रकाश पारिएको छ । अधिकारीका प्रकाशोन्मुख अवस्थामा रहेका रचनालाई लिएर भविष्यमा कुनै व्यक्ति वा शोधकर्ताले शोधपत्र तयार पार्न सक्ने सम्भावना रहेको छ । त्यस्तै यहाँ चर्चा गरिएका प्रकाशित कृतिहरू पनि अन्य साहित्यिक सिद्धान्तका आधारमा गहन अध्ययन गरी निम्न सम्भावित शोधशीर्षकहरूमा शोधकार्य गर्न सक्ने सम्भावना देखिन्छ ।

क) शिव अधिकारीको काव्यकारिता ।

ख) शिव अधिकारीका कविताको तत्वगत आधारमा अध्ययन र विश्लेषण ।

ग) शिव अधिकारीका कृतिमा समाजचित्रण ।

# सन्दर्भ ग्रन्थसूची


क) अधिकारी, शिव, (२०६९), यथार्थता गजल सङ्ग्रह, ललितपूर : ईश्वर अधिकारी

ख) अधिकारी, शिव, (२०७१), धरतीको माटो गजल सङ्गह, काठमाण्डौ : आँखा विकास पत्रिका ।

ग) अधिकारी, शिव, (२०७२), बुकी फूलको माला (मुक्तकमाला), बागबजार : दिनेश अधिकारी ।

घ) घिमिरे, डिल्लीराम, (२०७१), मोहनचन्द्र दाहालको जीवनी, व्यक्तित्वको अध्ययन, स्नातकोत्तर शोधपत्र (अप्रकाशित) म.र.ब. क्या. नेपाली विभाग, इलाम ।

ङ) बराल, कृष्णहरि, (२०६८), गजल सिद्धान्त र परम्परा, (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

च) मुखिया, युवराज, (२०६८), विष्णु नवीनका हास्यव्यङ्ग्यात्मक निबन्धहरूको अध्ययन विश्लेषण र मुल्याङ्कन, (स्नातकोत्तर शोधपत्र अप्रकाशित म.र.ब. क्या. नेपाली विभाग, इलाम) ।

छ) लुइटेल, खगेन्द्रप्रसाद, (२०६०) ,कविता सिद्धान्त र नेपाली कविताको इतिहास, काठमाण्डौ : ने.रा.प्र.प्र. ।

ज) शर्मा, बसन्तकुमार, (२०५८), नेपाली शब्दसागर, काठमाण्डौ (दो.सं.) : भाभा पुस्तक भण्डार ।

झ) शर्मा, मोहनराज, खगेन्द्र लुइँटेल, (२०५२), शोधविधि, ललितपुर : साझा प्रकाशन ।